# परिच्छेद : एक

# परिचय

## १. १. अध्ययनको पृष्ठभूमि

औपचारिक शिक्षाको सबैभन्दा पहिलो, आधारभूत र नभइनहुने तह प्राथमिक तह हो । कुनै पनि व्यक्ति शिक्षित हुनका लागि उसले प्राप्त गरेको प्रारम्भिक चरणको शिक्षा नै प्राथमिक शिक्षा हो । वर्तमान विश्वमा नै प्राथमिक तहको शिक्षालाई एउटा महŒवपूर्ण, अति आवश्यक र अनिवार्य साधनको रूपमा लिइन्छ । आजकल प्राथमिक तहको शिक्षालाई आधारभूत शिक्षा, अनिवार्य शिक्षा, सबैका लागि शिक्षा भन्ने नाराका साथ विश्वव्यापी बनाइएको छ ।

शिक्षा आदिम युगदेखि प्रत्यक्ष र परोक्ष रूपमा उपयोग हुँदै हालसम्म पनि विकसित, विस्तारित र सुधारित रूपमा अगाडि बढ्ने क्रम जारी छ । मानव सभ्यताको क्रममा शिक्षा धर्मका रूपमा, चरित्र निर्माणको रूपमा, नैतिक रूपमा, विज्ञानको चरम विकासको रूपमा अनिवार्य विषयवस्तु बन्न पुगेको छ (ने.रा.शि.सं., २०६२) ।

नेपालको सन्दर्भमा प्राचीन शिक्षा धर्ममा आधारित थियो । त्यस समयमा शिक्षा प्राप्त गर्ने स्थलका रूपमा मन्दिर, गुम्बा, विहार, मठ थिए भने धर्मगुरुहरू शिक्षा अधिकारी थिए । त्यसताका शिक्षा अनौपचारिक रूपमा सञ्चालित थियो । लिच्छवी काल, मल्ल काल र एकीकरण समयमा पनि शिक्षा अनौपचारिक तथा धर्ममा नै आधारित थियो । कोतपर्वपछि विकसित घटनाक्रमबाट जङ्गबहादुर राणा बेलायतबाट फर्केपश्चात् नेपालमा औपचारिक शिक्षाको सुरुवात दरबार स्कुलबाट भएको हो । देवसमशेरले उनका पालामा ५० भन्दा बढी विद्यालय खोली सर्वसाधारणलाई औपचारिक शिक्षाको ढोका खोलेका थिए (झा र रेग्मी, २०४७) ।

वि.सं. २००७ सालमा प्रजातन्त्र प्राप्तिपछि जनचाहना र जनआकाङ्क्षा अनुसार औपचारिक विद्यालयहरू अनियन्त्रित रूपमा खुल्न गए, जसलाई व्यवस्थित गर्न सरकारले नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ गठन गरी त्यसका प्रतिवेदनलाई लागू गर्ने प्रयास गर्‍यो । उक्त आयोगको मुख्य सार भनेको प्राथमिक शिक्षा अनिवार्य, निःशुल्क हुनुपर्छ भन्ने थियो । त्यसबेलाको राजनीतिक अस्थिरताले नेराशियोआ २०११ को प्रतिवेदनले दिएका

सुझाव लागू हुन सकेन । यही क्रम अगाडि बढ्दै जाँदा २०२८ - २०३२ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना क्रान्तिकारी कदमका रूपमा लागू भयो । यस योजनाले शिक्षा क्षेत्रमा आमूल परिवर्तन ल्याउने प्रयास गऱ्यो । यस योजनाले मुलुकभर एकै किसिमका पाठ्यपुस्तक लागू गऱ्यो । विद्यालयका किसिम र संरचनामा एकरूपता कायम गऱ्यो । शिक्षक तालिम, परीक्षा मूल्याङ्कन, शिक्षकको योग्यता आदिको स्पस्ट सीमा निर्धारण गऱ्यो । प्राथमिक तहलाई कक्षा १ - ३ कायम गरी निःशुल्क शिक्षाको व्यवस्थासमेत गरेको थियो, जुन संरचना २०३८ सालदेखि प्राथमिक तह कक्षा १ - ५ कायम भयो । यसै समयदेखि प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकको सम्पूर्ण आर्थिकभार सरकारले बहन गर्ने घोषणा गऱ्यो, जसले गर्दा विद्यालयको सङ्ख्या र विद्यार्थी सङ्ख्या अप्रत्यासित ढङ्गले बढ्न गयो (पाठ्यक्रम कार्यान्वयन योजना, २०३८) ।

प्राथमिक शिक्षा तहगत शिक्षामात्र नभई मुलुकको चौतर्फी विकासका लागि आधार पनि हो । यही तहको शिक्षाबाट मानिसले आधारभूत सीप हासिल गर्दछ । यही कुरालाई हृदयङ्गम गरी प्राथमिक शिक्षालाई सर्वसुलम, निःशुल्क र अनिवार्य गर्ने क्रम जनआन्दोलन २०४६ पछिका दिनहरूमा पनि गरिँदै आएको थियो । यसै क्रममा सन् १९९० मा थाइल्यान्डको जोम्तिनमा भएको विश्व सम्मेलनले प्राथमिक तहका उमेर समूह (६-१० वर्ष) का लागि "शिक्षा सबैका लागि" नारा तय गऱ्यो । यस सम्मेलनका व्यक्त विचारलाई नेपालले पनि अङ्गीकार गरी उक्त नारा सफल पार्न प्रतिबद्धता व्यक्त गरेको थियो, जसलाई सफल पार्न नेपालले बृहत् गुरुयोजनासमेत निर्माण गऱ्यो । प्राथमिक शिक्षालाई व्यापक र सर्वसुलभ गर्न आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू भयो । सो परियोजना दातृ संस्थाहरूको सहयोग र अनुदान तथा ऋणबाट सञ्चालन भएको थियो (आप्राशिप, १९९७ - २००२) ।

यसरी विभिन्न चरण र अवस्था पार गर्दै अगाडि बढेको औपचारिक शिक्षा नाटकीय रूपमा विकसित भएको पाइन्छ । राष्ट्रिय जनगणना, २०५८ मा उल्लेख भएअनुसार नेपालको वयस्क साक्षरता ४८.२% रहेको छ । महिलाको साक्षरता ३४.४% र पुरुषको साक्षरता ६४.२% उल्लेख भए तापनि हाल यो प्रतिशत वृद्धिको क्रममा छ । वि.सं. २००८/१० सालको तुलनामा साक्षरता ५ गुणाले बढी देखिन्छ । वि.सं. २००७ सालमा ३०० वटा विद्यालय र २ वटा क्याम्पसले करिब १०,००० विद्यार्थीलाई शिक्षा दिएका थिए भने हाल २६ हजार विद्यालय तथा उच्च मावि सञ्चालनमा छन् । ४५० भन्दा बढी

क्याम्पस, ५ वटा विश्वविद्यालय, २ वटा उच्च शिक्षा प्रतिष्ठान स्थापना भएका छन्, जसमा ७५ लाखभन्दा बढी विद्यार्थी अध्ययन गरिरहेका छन् । उल्लेखित शिक्षण संस्थामा १ लाख ७५ हजार शिक्षकहरू कार्यरत छन् (शिक्षा विभागको प्रतिवेदन, २०६३) ।

यसरी शिक्षण संस्थाको स्थापना र विद्यार्थी सङ्ख्याको वृद्धिका साथसाथै शिक्षा क्षेत्रमा थुप्रै समस्याहरू यथावत् छँदै छन् । शैक्षिक व्यवस्थापन, गुणस्तर शिक्षा, शिक्षाको प्रभावकारिता अनि "सबैका लागि शिक्षा" मा पहुँच जस्ता चुनौती वर्तमान शिक्षा क्षेत्रमा विद्यमान रहेका छन् । नेपाली समाज अझ पनि लिङ्ग, जाति, क्षेत्र, वर्गका आधारमा हुने भेदभावबाट मुक्त हुन सकेको छैन । मुलकमा शिक्षा क्षेत्र स्रोत र साधनको अभावमा आशातीत लक्ष्यमा पुग्न सकेको छैन । यी विविध समस्याका कारण हाम्रो देशमा सबैका लागि शिक्षा भन्ने विश्वव्यापी नाराको लक्ष्य प्राप्त गर्न कठिन र जटिल समस्यामा गुज्रिरहेको छ । सरकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगका साथ व्यावहारिक तथा प्रभावकारी रूपमा शैक्षिक लक्ष्य प्राप्त गर्न कटिबद्ध छ (शिक्षा विभाग, २०६४) ।

विगत १० वर्षमा प्राथमिक तहको कुल भर्नादर सन्तोषजनक देखिन्छ । प्राथमिक तहमा सन् १९९५ मा ६९% रहेकोमा सन् २००४ मा ८४% भर्नादर पुगको छ तापनि यो दरमध्ये ७२% ले मात्र प्राथमिक तहको चक्र पूरा गरेको पाइन्छ । बाँकीले विद्यालय छाड्ने गरेको स्पस्ट हुन्छ (C.B.D., २००८) ।

कुनै पनि तह वा कक्षामा भर्ना भएपछि त्यो तह पूरा गर्नुपर्दछ भन्ने आशा गरिन्छ । तर विद्यालय तह वा कक्षामा भर्ना भएका सबै विद्यार्थी सो तह वा कक्षा पूरा नगरी बीचैमा विद्यालय छाड्ने प्रवृत्ति हालसम्म पनि कायमै रहेको पाइन्छ, जसले गर्दा योजनाअनुसारको लक्ष्य पूरा नभई शैक्षिक उपलब्धि हासिल हासिल हुन नसक्ने भएकोले विद्यालय प्रवेश भई बीचैमा तह पूरा नगरी वा कक्षा छाड्ने प्रवृत्ति बढ्दै जानु राष्ट्रका लागि चुनौती बन्न पुग्दछ । नेपालको शैक्षिक तथ्याङ्कअनुसार कक्षा १-५ सम्मको विद्यालय छाड्ने दर १५% भन्दा बढी रहेको छ (फ्ल्यास रिपोर्ट, सन् २००६) ।

एकातर्फ विद्यालय आउन नसकेकालाई विद्यालय ल्याउन जति कठिन छ, त्योभन्दा कठिन र चुनौती एकपटक विद्यालय प्रवेश भई बीचैमा छाडेर बसेकालाई विद्यालय फर्काउनमा हुन्छ । यसरी पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको सिकाइलाई निरन्तरता दिन र उपलिब्धमूलक बनाउन सरोकारवाला पक्षले समयमै ध्यान पुऱ्याउन जरुरी देखिन्छ ।

यस स्रोतकेन्द्रका गाविसमा पी.एस.डी.सी. कार्यक्रमसमेत लागू सञ्चालन हुँदै आएको छ । यस स्रोतकेन्द्रमा पी.एस.डी.सी. कार्यक्रम लागू गरिएको हुँदा यस स्रोतकेन्द्रमा संलग्न ४१ वटा विद्यालयमा भर्ना भई [illegible] छाडी पुनः अर्को साल विद्यालय प्रवेश भएका विद्यार्थीहरूको सिकाइ उपलब्धि [illegible] गर्ने प्रयास गरिएको छ । विद्यालयमा पुनः फर्काइएका विद्यार्थीहरू कुन अवस्थामा छन् ? सिकाइ उपलब्धि कस्तो रहेको छ ? विद्यालय छोड्ने कारणको खोजी गर्नु विद्यालय शिक्षालाई निरन्तरता दिन के प्रयास भएका छन् र समस्या के छन् भन्नेबारे यो अध्ययन मूलतः केन्द्रित रहेको छ । प्रस्तुत शोध अध्ययनका लागि हालसम्म स्थानीय र राज्यपक्षबाट विभिन्न कार्यक्रम सञ्चालन भएका छन् । यस विषयमा भएका समस्या समाधानका लागि शिक्षा विभागबाट शिक्षकका लागि तालिम, विद्यालय विद्यार्थी भर्ना अभियान कार्यक्रम केही वर्षदेखि निरन्तर रूपमा गरिँदै आएको छ । "सबैका लागि शिक्षा" कार्यक्रम (२००४-२००९) अन्तर्गत अनौपचारिक शिक्षा केन्द्रबाट बीचैमा विद्यालय छाडेका विद्यार्थीहरूका लागि पी.एस.डी.सी. समेत सञ्चालन गरिएको छ । पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूलाई सामाजिक संघसंस्थाले पनि सहयोग गरेका छन् । यी विविध विषयका अलवा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको सिकाइ उपलब्धिबारे जानकारी लिन यो शोध अध्ययन शीर्षक चयन गरिएको छ । यस अध्ययनका क्रममा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको कक्षागत र विषयगत सिकाइ उपलब्धिलाई ख्याल गरी प्रभावकारी शोधपत्र तयार गर्ने प्रयत्न गरिएको छ । यस शीर्षकमा देखापरेका समस्या समाधानका उपायतर्फ पनि यो अध्ययन पूर्णरूपमा केन्द्रित छ ।

## १. २. समस्याको कथन

नेपालको शैक्षिक क्षेत्रमा देखापरेको प्रमुख र जटिल चुनौतीपूर्ण समस्या शैक्षिक क्षति भएको छ । विद्यालयमा प्रवेश भएर कक्षा वा तह पूरा नगरी बीचैमा विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने प्रवृत्ति अधिक रहनाले शैक्षिक नोक्सानी अधिक हुनेगरेको छ । यस समस्याले राष्ट्रले शिक्षा क्षेत्रमा गरेको लगानीबाट उचित प्रतिफल पाउन कठिन भएको छ । यो प्रवृत्ति प्राथमिक तहमा अध्ययनका लागि भर्ना भएका विद्यार्थीहरूमा १५ देखि ३० प्रतिशतको हाराहारीमा विद्यालय छाड्ने गरेको र छाडेका मध्ये २५ प्रतिशतले मात्र पुनः प्रवेश गर्ने तथ्याङ्कले देखाएको छ । भर्ना भएको कक्षा र तहको शिक्षा पूरा नगरी विद्यालय छाड्ने समस्याले नेपालको शिक्षा क्षेत्रको लगानी प्रतिवर्ष बढ्न गएको छ तर प्रतिफल बढ्न

सकेको छैन । यस समस्याले शिक्षा प्रणालीको आन्तरिक सक्षमतामा गम्भीर असर पारेको छ । कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने प्रवृत्तिले शिक्षाको आन्तरिक सक्षमता न्यून हुन जान्छ । शैक्षिक सक्षमता अभिवृद्धिका लागि र विद्यालय छाड्ने क्रमलाई न्यून गराउन राज्यले वैकल्पिक शिक्षा कार्यक्रम, अनौपचारिक शिक्षा, आयआर्जन कार्यक्रम तथा पुनः विद्यालय प्रवेश गराउने कार्यक्रम सञ्चालन गर्दै आएको छ । विद्यालय छाडेका विद्यार्थीहरूलाई विद्यार्थी भर्ना अभियान, निःशुल्क शिक्षा, निःशुल्क पाठ्यपुस्तक, पोसाक, दिवा खानाको व्यवस्था पनि गरेको छ तर पनि विद्यालय छोड्ने क्रम रोकिएको पाइँदैन । तसर्थ प्रस्तुत शोध अध्ययनको शीर्षकमार्फत् विभिन्न पक्षमा स्थलगत सर्वेक्षण गरी कक्षा छोडाइको अवस्था, पुनः प्रवेश भएकाको अवस्था र पुनः प्रवेश भएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको विश्लेषण गर्नु र त्यसमा देखिएका समस्याहरूको समाधानको खोजी गर्नुलाई नै प्रमुख समस्याको रूपमा लिइएको छ ।

## १. ३. अध्ययनको औचिŒय

प्रस्तुत शीर्षकको शोध लेखनका लागि विद्यालय प्रवेश भएका विद्यार्थीहरू विद्यालय छाडेर पुनः अर्को वर्ष प्रवेश गर्नका लागि र विद्यालय छोड्ने क्रम घटाउन विद्यालय शिक्षा कार्यक्रम, अनौपचारिक शिक्षा कार्यक्रम, वैकल्पिक शिक्षा कार्यक्रम, विद्यालय भर्ना अभियान जस्ता कार्यक्रम सञ्चालन गरिँदै आएको छ । यी कार्यक्रमले विद्यालय छाडेर बसेका विद्यार्थीहरूलाई सहयोग पुगेको भए तापनि आशातीत रूपमा सो कार्यक्रमले सफलता प्राप्त गर्न नसकेको महसुस गरी विद्यालय छोडाइ र पुनः प्रवेशमा अवरोध पुऱ्याउने पक्षहरू र अवस्थाको स्थलगत सर्वेक्षण गरी तथ्य, सत्य र यथार्थताको खोजी गरी सरकोकारवाला समक्ष प्रत्यक्ष विचार आदानप्रदान गर्नु, विगतमा भएका खोजलाई पुस्टि गर्न, वर्तमान समयको अवस्था पहिचान गर्न र भविष्यमा यस विषयको शोधकर्तालाई सहजता पुऱ्याउन प्रमाण जुटाउन यो शोध अध्ययनका तथ्याङ्क प्रभावकारी हुने विश्वासका साथ यो अध्ययन सफल रहनेछ । यस अध्ययनबाट (विद्यार्थीहरू, अभिभावक, शिक्षक, शिक्षासँग सम्बन्धित सबै पक्ष र वर्ग) लाभान्वित रहने आशासमेत गरिएको छ । यस अध्ययनबाट प्राप्त जानकारीले पुनः विद्यालय प्रवेश भएका विद्यार्थीको सिकाइमा रहेका कठिनाई, उनीहरूको कक्षागत अवस्था, विषयगत, जातिगत, लैङ्गिक अवस्थाका बारेमा पनि यथार्थ जानकारी

लिन सकिनेछ । यस विषयमा भएका विभिन्न समस्याहरू समाधान गर्नेतर्फ पनि आवश्यक उपायको खोजी गर्न यो शोध अध्ययनको महŒव प्रभावकारी बन्ने विश्वास गरिएको छ ।

प्राथमिक तहमा अध्ययन प्रवेश गरेका विद्यार्थीले कक्षा छाड्नपर्ने कारण, उनीहरूका अभिभावकले कक्षा छोडाउनुपर्ने कारण, उनीहरूको राय, विषय अध्यापन गर्न शिक्षकहरूको धारणा, प्रअहरूको छलफलबाट यो अध्ययनको महŒjलाई शिक्षासँग सरोकार गर्नेहरूको लागि उपयुक्त दस्तावेज बन्ने आशासमेत गरिएको छ । विभिन्न कारण र अवस्थाको खोजी गरी सम्बन्धित विषयमा पहिचान र खोज गरी समाधानका उपायहरू जुटाइने भएकोले शिक्षा क्षेत्रमा गरिएका लगानीअनुसारको प्रतिफल र योजनाअनुसारको कार्यान्वयन गर्न सरकार र लगानीकर्तालाई पनि यस अध्ययनले सकारात्मक चासो बढाउन यो अध्ययनको औचित्य रहेको छ ।

## १. ४. अध्ययनका उद्देश्यहरू

यस अध्ययनका निम्न उद्देश्य रहेका छन् :

क) प्राथमिक तहमा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको अवस्था पहिचान गर्नु ।

ख) पुनः प्रवेश भएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको विश्लेषण गर्नु ।

ग) पुनः प्रवेश भएका विद्यार्थीले भोगिरहेका समस्या पत्ता लगाई समाधानका उपाय खोजी गरी सुझाउनु ।

## १. ५. अनुसन्धानात्मक प्रश्नहरू

क) पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको कक्षागत, जातिगत, उमेरगत र लैङ्गिक अवस्था कस्तो रहेको छ ?

ख) पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको सिकाइ उपलब्धि दर कस्तो रहेको छ ?

ग) पुनः विद्यालय प्रवेश भएका विद्यार्थीले भोग्नु परेका समस्याहरू केके छन् ?

घ) उनीहरूले भोगेका समस्याको समाधानका उपायहरू केके हुन सक्छन् ?

## १. ६. अध्ययनको परिसीमा

प्रस्तुत शीर्षकका लागि बृहत् र विस्तृत अध्ययनद्वारा मात्र सम्भव हुने भएकोले तथ्याङ्क सङ्कलन कार्यमा समयको अभाव, सीमित खर्च र मानव संसाधनको कमीले गर्दा यस अध्ययनको आवश्यक माग पूरा गर्न मोरङ जिल्लाको पथरी स्रोतकेन्द्रमा आबद्ध रहेका



४ गाविसका ४१ वटा सामुदायिक वि ाटा उमावि, ३ वटा निमावि र ४ वटा गरी जम्मा १० वटा विद्यालयलाई मात्र सीमाभित्र पारिएको छ ।

यस अध्ययनलाई सफल पार्न विद्यालय छाडेर पुनः प्रवेश भएका विद्यार्थीहरूको २०% लाई जातिगत, कक्षागत, उमेरगत र लैङ्गिक आधारमा पहिचान गरी उनीहरूको सिकाइ उपलब्धि विषयगत रूपमा विश्लेषण गरिएको छ । साथै पुनः प्रवेश भएका विद्यार्थीहरूले भोगेका समस्याहरूका बारेमा र समस्याको समाधानका उपायका बारेमा खोजी गर्न २०६४ सालमा भर्ना भई २०६५ सालमा पुनः प्रवेश भएका विद्यार्थीहरूलाई मात्र यो अध्ययनका लागि प्रयोग गरिएको छ ।

## १. ७. शब्दावलीको अर्थ र परिभाषा

**पुनः प्रवेश :** अघिल्लो शैक्षिकसत्रमा विद्यालय छाडेर फेरि पछिल्लो शैक्षिकसत्रमा भर्ना हुन आएका विद्यार्थी ।

**अभिभावक :** विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूका आफन्त व्यक्ति

**निम्नमाध्यमिक तह :** कक्षा १ देखि ८ सम्म अध्ययन अध्यापन हुने शैक्षिक संस्था

**उच्च माध्यमिक तह :** कक्षा १ देखि १२ सम्म अध्ययन अध्यापन हुने शैक्षिक संस्था ।

**स्रोतकेन्द्र :** जिल्ला शिक्षा कार्यालयले तोकिएबमोजिमका विद्यालयका शिक्षकहरूलाई परामर्श र शैक्षिक कार्यक्रम सञ्चालनका लागि तोकिएको संस्था ।

**सिकाइ उपलब्धि :** प्रामाणिक परीक्षामा विद्यार्थीहरूले विषयगत रूपमा प्राप्त गरेको प्राप्ताङ्क ।

**शैक्षिक सत्र :** अघिल्लो बैशाखदेखि चैत्र मसान्तसम्मको एक वर्षको शैक्षिक वर्ष ।

**जनजाति :** वर्ण विभाजनमा तोकिएका राई, लिम्बू, मगर, गुरुङ, तामाङ, शेर्पा आदि जातजातिहरू ।

**दलित :** हिन्दू वर्णाश्रम व्यवस्थाअनुसार कामी, दमाईं, सार्की जस्ता पानी नचल्ने जात ।

و

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा

### २. १. सम्बन्धित साहित्यको पुनरावलोकन

यस शोध अध्ययनका लागि सम्बन्धित केही शोध अध्ययन, लेख, बुलेटिन अध्ययन गरी निम्नबमोजिम पुनारवलोकन गरिएको छ ।

**भट्टराई** (१९९९) का अनुसार ग्रामीण क्षेत्रका विद्यालयबाट छात्राहरू किन शैक्षिक सत्रको बीचैमा कक्षा छाड्छन् भन्ने विषयमा शोध अध्ययन गर्नुभएको थियो । शोधकर्ताले काठमाडौं जिल्लाका ६ वटा गाविसका १२ वटा विद्यालयहरू छनौट गर्नुभएको थियो । यस अध्ययनका मुख्य उद्देश्यहरूमा छात्राहरूको विद्यालय छोड्ने कारण, प्राथमिक तहको विद्यालय छोड्ने दर र त्यसको खोजी गर्नु रहेको थियो । अध्ययनको निष्कर्ष र सुझावको रूपमा छात्राको विद्यालय छोडाइ दर ५२% आर्थिक कारण र ४२% सामाजिक कारण देखाइएको छ । विद्यालय छोड्नाका कारणलाई सामाजिक, आर्थिक, स्वास्थ्यसँग सम्बन्धित र विद्यालयसँग सम्बन्धित कारणको समेत विश्लेषण गरिएको छ । ती समस्या समाधानका लागि विद्यालय छोडाइ दर कम गर्न अनौपचारिक शिक्षा कार्यक्रममा विद्यार्थीहरूका अभिभावकलाई सचेतना अभिवृद्धि गर्नुपर्ने, समाजमा पछाडि परेका वर्गलाई समानताको अवसर प्रदान गरी शिक्षामा सहभागी गराइनुपर्ने, शिक्षाको महŒवबारे समाजिक परिचालन सम्बन्धित कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव दिइएको छ (**भट्टराई, १९९९**) ।

**भट्ट,** (२०६०) ले उल्लेख गरेअनुसार सामाजिक रूपमा पिछडिएका जातिहरू, कृषि पेसामा संलग्न निम्न वर्गका किसानका छोराछोरीको सङ्ख्या र ठूलो परिवारका बालबालिकाहरू नै विद्यालय प्रवेश भई बीचैमा छोड्ने गरेको विवरण उल्लेख गरिएको छ । उक्त शोध अध्ययनमा विद्यालय छोड्ने ४०% छात्रा, ३४% छात्र र १० वर्षमाथिका बालबालिका बढी रहेको विषय उठान गरेको पाइएको छ । विद्यालय छोड्नेमा आयआर्जनका लागि ८% केटा र २८% केटीले विद्यालय छोड्ने गरेको विवरण प्रस्तुत गरेको पाइन्छ । विद्यार्थीले विद्यालय छोडाइमा अभिभावकको चेतनाका कारण २७% र घरायसी कामका कारण १८% बालबालिकाले विद्यालय छाडेको तथ्याङ्क पेस गरेको पाइयो । शोधकर्ताले सुझावका रूपमा लैङ्गिक विभेदको न्यूनीकरण, विद्यालय समयमा लचकता, शैक्षिक

वातावरण सुधार, अभिभावकमा शिक्षासम्बन्धी जनचेतना, आर्थिक सहुलियत, विद्यालयमा विद्यार्थी भर्ना अभियानमा अभिभावकको संलग्नता, स्वास्थ्य परीक्षणको व्यवस्था आदि विषय उठान गरेको पाइयो (**भट्ट, २०६०**) ।

**सेरिड (१९८७)** का अनुसार ग्रामीण क्षेत्रका विद्यार्थीहरू प्राथमिक तहमा विद्यालय छाड्ने कारण पत्ता लगाउन, विद्यालय छाड्ने सङ्ख्या निर्धारण गर्न र उक्त विषयमा आइपरेका समास्या खोजी गरी सुल्झाउन यो अध्ययन गरिएको थियो । हिमाल, पहाड र तराईको प्रतिनिधित्व हुने गरी ३ जिल्लामा यो सर्वेक्षण गरिएको थियो । यो सर्वेक्षण विद्यालयमा रहेका अभिलेखका आधारमा गरिएको थियो । यस सर्वेक्षणको मुख्य उद्देश्यका रूपमा ग्रामीण विद्यार्थीहरूको विद्यालय छोडाइको कारण खोजी गर्नु, ग्रामीण क्षेत्रका बालबालिकाको अवस्था पहिचान गर्नु र विद्यालय छोडाइ दर घटाउने उपायको खोजी गर्नु रहेको कुरा उक्त सर्वेक्षणले उल्लेख गरेको थियो । उक्त सर्वेक्षणको सुझावको रूपमा विद्यालयमा विद्यार्थीहरूलाई अतिरिक्त शुल्क लगाउन नहुने, ग्रामीण विद्यार्थीलाई नगद छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, खेती गर्ने समयमा विद्यालय विदा गरिनुपर्ने, विशेष विद्यालय भर्ना अभियान सञ्चालन गरिनुपर्ने, जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्ने जस्ता सुझाव यस सर्वेक्षणले दिएको थियो (**सेरिड, १९८७**) ।

**अनौपचारिक शिक्षा केन्द्र** (२०६३) का अनुसार यो सर्वेक्षण महोत्तरी र धनुषा जिल्लाका ५/५ वटा विद्यालयमा गरिएको थियो । उक्त सर्वेक्षण कक्षा १ देखि ३ सम्म अध्ययन गर्ने र विद्यालय छोडाइमा विद्यार्थीहरूको अवस्था पहिचान गर्नु, विद्यालय छोडाइका कारण पत्ता लगाउनु र विद्यालय छोडाइमा देखिएका समस्या समाधानका उपायहरूको खोजी गर्नु यस सर्वेक्षणको मुख्य उद्देश्य रहेको थियो । उक्त सर्वेक्षाले निष्कर्षको रूपम विद्यालय छोडाइमा प्रमुख कारण र समाधान उल्लेख गर्दै स्थानीय तहमा सरोकारवाला सबै पक्षसँग छलफल र अन्तरक्रिया गरी व्यवस्थापन प्रक्रियामा सुधार गर्नुपर्ने कुरालाई उठान गरेको पाइयो । विद्यालय भर्ना भएका विद्यार्थीहरूलाई निरन्तरता दिन विद्यालय वातावरण शिक्षकले पुरानो सोच र व्यवहारलाई सुधार्नुपर्ने, विद्यालय प्रवेश भई छाडेका विद्यार्थीको लागि अनौपचारिक शिक्षाको माध्यम प्रयोग गर्नुपर्ने, बढी उमेर भएका विद्यार्थीहरूका लागि माथिल्लो कक्षा चढाउनुपर्ने, शिक्षामा देखिएका विसङ्गति हरूलाई सुधार गरी प्रभावकारी ढङ्गले विद्यालय व्यवस्थापन सञ्चालन गर्नुपर्ने जस्ता सुझावहरू उठाएको पाइयो ( **अनौपचारिक शिक्षा केन्द्र, २०६३**) ।

**विद्यालय शिक्षाको समीक्षा नेपाल** (२०६३) को सर्वेक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार धेरैजसो विद्यालयमा विद्यार्थीहरूको टिकाउदर ८०% भन्दा कम रहेको उल्लेख गरिएको छ । मुलुकमा ८% भन्दा कम विद्यालयमा यो दर ५०% भन्दा कम रहेको उक्त ९ सर्वेक्षण प्रतिवेदनमा उठान गरिएको छ ादिर उच्च रहे तापनि विद्यालय छाड्ने विद्यार्थीहरूको दर पनि उत्तिकै बढी रहेको विषयवस्तुलाई यस प्रतिवेदनले स्पस्टसाथ तोकेको थियो । विद्यालय भर्ना भएका विद्यार्थीमध्ये २५% भन्दा बढी विद्यार्थी विद्यालय छाड्ने प्रवृत्ति रहेको विषय पनि उक्त प्रतिवेदनले प्रस्तुत गरेको थियो । विद्यालय छोडाइमा छात्राको सङ्ख्या बढी र पुनः प्रवेशमा छात्रको सङ्ख्या बढी रहेको जानकारी पनि यस प्रतिवेदनले उल्लेख गरेको थियो । विद्यालय छाडेका विद्यार्थीहरूलाई विद्यालय फर्काउन गरिएका प्रयासहरूमध्ये छात्रवृत्ति व्यवस्थालाई प्रमुख तत्वका रूपमा लिइएको थियो । विद्यालय छोडाइमा र पुनः प्रवेश नहुनका कारणका रूपमा शिक्षकको व्यक्तिगत व्यवहार, विद्यालयको वातावरण, व्यवस्थापन प्रक्रियाले पनि ज्यादै प्रभाव पारेको विषयलाईउठान गरेको पाइयो । त्यस्तै गरी जातिगत अवस्थालाई पनि यो सर्वेक्षण प्रतिवेदनले विद्यालय छोडाइ र विद्यालय पुनः फर्काउन कठिनाइ हुने गरेको विषयसमेत उठान गरेको छ । उक्त प्रतिवेदनले कक्षा १ र कक्षा ५ मा सबैभन्दा बढी विद्यालय छाड्ने गरेको तथ्याङ्कलाई औँल्याएको छ भने कक्षा २, ३ र ४ मा क्रमशः कम विद्यालय छाड्ने गरेको विषय प्रस्तुत गरेको पाइयो (**विद्यालय शिक्षाको समीक्षा नेपाल, २०६३**) ।

**सेरिड (१९९१**) का अनुसार प्राथमिक तहमा विद्यार्थीहरूले विद्यालय बीचैमा छाड्ने कारण विषयवस्तुका आधारमा प्रस्तुत गरेको सर्वेक्षण प्रतिवेदन १९९१ मा उल्लेख भएका मुख्य उद्देश्यहरूमा विद्यालय छाड्ने विद्यार्थीहरूको मात्राको पहिचान गर्नु, विद्यालय छाड्न बाध्य गराउने तत्वको खोजी गर्नु, विद्यालय छोडाइमा देखिएका समस्याको समाधान खोजी गर्नु रहेको थियो । यस प्रतिवेदनले तल्लो कक्षामा सबैभन्दा बढी विद्यार्थी छाड्ने गरेको र माथिल्लो कक्षामा क्रमशः कम द्यिालय छाड्ने गरेको विषय उठान गरेको थियो । यस प्रतिवेदनले कक्षा ५ मा बढी विद्यालय छाड्नुको कारण कक्षा ६ मा अध्ययन गर्न टाढा जानुपर्ने, छोरीलाई पढाउन अभिभावकले ध्यान नदिने जस्ता कुरा उक्त प्रतिवेदनमा उठाइएको थियो । त्यस्तै उक्त प्रतिवेदनले अभिभावकको आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरू बढी विद्यालय छोड्ने गरेको विषयलाई पनि प्रस्तु गरेको पाइयो । उक्त प्रतिवेदनले ठूलो परिवारका बालबालिकाहरू पनि बढी मात्रमा विद्यालय छोड्ने गरेको कुरा

उल्लेख गरेको थियो । घरायसी कार्य, सामजिक विभेद, लैङ्गिक विभेद, अपाङ्ग, अनाथ, सुस्तमनस्थिति भएका विद्यार्थीहरू पनि विद्यालय बढी मात्रामा छाड्ने गरेको तथ्याङ्क प्रस्तुत गरेको पाइयो । विद्यालय छोडाइमा न्यूनीकरण गर्न अभिभावकमा शिक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने, विद्यालयमा विद्यार्थी नियमित गरिनु पर्ने, विद्यार्थीलाई छात्रवृत्ति र पुरस्कारको व्यवस्था गर्नुपर्ने सुझाव यस सर्वेक्षण प्रतिवेदनले उठान गरेको थियो (**सेरिड, १९९१**) ।

**दसौं योजना** (२०५९-२०६४) अनुसार शिक्षा क्षेत्रमा विद्यालय उमेरका बालबालिकाहरूको विद्यालयतर्फ आकर्षण गर्नका लागि विभिन्न कार्यक्रममा जोड दिइएको थियो । जसमध्ये प्राथमिक तहको खुद भर्नादर ९०% पुऱ्याउने, महिला शिक्षकको सङ्ख्या ३०% पुऱ्याउने, महिला तथा पिछडिएको बालबालिकालाई नगद छात्रवृत्तिको व्यवस्था गर्ने, ४ लाख ५० हजार बालबालिकालाई पौष्टिक आहार उपलब्ध गराउने, सबैका लागि शिक्षा भन्ने घोषित नारालाई सार्थक बनाउन प्राथमिक तहलाई अनिवार्य गर्ने कार्यक्रमलाई कार्यान्वयनमा लैजाने र तदनुसार संस्थागत, व्यवस्थापकीय एवम् भौतिक साधनमा समेत सुधार गर्ने जस्ता विषयले विद्यालयतर्फ विद्यालय छाडेर बसेका विद्यार्थी आकर्षण गर्ने सोच राखेको थियो । यस योजनामा अभिभावकमा सचेतना कार्यक्रम सञ्चालन गर्ने, स्थानीय निकायको सहभागितामा बालविकास केन्द्रहरू स्थापना गर्ने, सामुदायिक विद्यायमा स्थानीय स्रोतबाट पूर्वप्राथमिक कक्षाको व्यवस्था गर्ने, तालिमप्राप्त शिक्षकलाई पुनर्ताजगी तालिमको व्यवस्था गर्ने, तालिम अप्राप्त शिक्षकलाई तालिम अनिवार्य गर्ने, विभिन्न भाषिक समूहहरूको शिक्षामा संलग्नता बढाउन मातृभाषामा शिक्षा प्रदान गर्ने जस्ता कार्यक्रमलाई यस योजनाले जोड दिएको थियो । शिक्षाका सबै तह र कार्यक्रममा क्षेत्र, लिङ्ग, जात, पिछडिएको समूह तथा आर्थिक र सामाजिक स्थितिका आधारमा शिक्षाको पहुँच बसैमा पुऱ्याउने कार्यक्रम दसौं योजनाले समेटेको थियो (**दसौं योजना, २०५९-२०६४**) ।

**अन्तरिम योजना** (२०६४-२०६७) अनुसार शिक्षा क्षेत्रमा विशेष जोड दिइएको छ । यस योजनाकालमा प्राथमिक तहको खुद भर्नादर ९० बाट बढाएर ९६% पुऱ्याउने, प्राथमिक तहमा छात्राको भर्ना प्रतिशत ५० पुऱ्याउने, दलित परिवारका ७,९०,००० बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्ने, ३१,८०,००० छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्ने नीतिहरू रहेका छन् । महिला, दलित, आदिवासी, जनजाति, मधेसी समुदाय र उत्पीडित वर्गलाई लक्षित गरी गैरसरकारी संस्था, स्थानीय निकाय विद्यालय क्षेत्रमा संलग्न गरी

साक्षरता कार्यक्रम सञ्चालन गर्ने, भर्नादर बढाउने तथा विद्यालय छाड्ने दर घटाउने, समुदायमा पछाडि परेका विद्यार्थीहरूलाई छात्रवृत्ति, दिवा खाजा, खाने तेलमा सहुलियत एकीकृत सञ्जालमार्फत व्यवस्थित रूपमा वितरण गर्ने कार्यक्रम रहेका छन् । बालबालिकालाई मातृभाषामा शिक्षा दिनुको साथै शिक्षामा आकर्षण बढाउन विशेष योजना तर्जुमा गरेको छ । यस योजनाका उद्देश्यहरू ज्यादै उपयुक्त भई योजनालाई कार्यान्वयनतर्फ उन्मुख रहेका छन् (**अन्तरिम योजना, २०६४-२०६७**) ।

## २. २. सैद्धान्तिक ढाँचा

प्रस्तुत शोध अध्ययनका लागि कार्लमार्क्सको संरचनात्मक कार्यवाद सिद्धान्त र बीएफ स्कीनरको क्रियापरक सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्तलाई अध्ययनको वैचारिक खाका बनाइएको छ ।

**कार्लमार्क्स** (१८६७) का अनुसार गाँस, बास र कपास व्यक्तिका आधारभूत आवश्यकता हुन् जुन आवश्यकता आधारभूत आवश्यकताभित्र पर्दछन् । आधारभूत आवश्यकताबिना कुनै पनि समाजको सदस्यको अस्तिŒव हुँदैन । आवश्यकताको आधारभूत माग पूरा भएपछि व्यक्ति माथिल्लो आवश्यकताको पूर्तिको खोजी गर्छ जसमा शिक्षा, स्वास्थ्य र रोजगारतर्फ ध्यान पुऱ्याउँछ । आवश्यकता बढ्दै जाँदा राजनीतिक, सांस्कृतिक, धार्मिक र शैक्षिक कुरातर्फका विषयवस्तु आधारभूत भन्दा दोस्रो तहको चाहना पर्दछन् । त्यसैले समाजको आर्थिक संरचना जस्तो हुन्छ त्यसैका आधारमा सामाजिक जीवनका अन्य पक्षहरू निर्धारित हुन्छन् (**काफ्ले, कार्की, २०६३ बाट उद्धृत**) ।

यस सिद्धान्तका प्रवर्तक कार्लमार्क्स हुन् र यस शोध अध्ययनको शीर्षकले यसलाई वैचारिक खाका बनाइनुको सार्थकता भने वर्तमान समाजको अध्ययन गर्दा आर्थिक रूपले पिछडिएका जात, वर्ग र समुदायका बालबालिकाहरू नै विद्यालय प्रवेश भई छाड्ने गरेको यथार्थ देखिन्छ र यस्ता समुदाय शिक्षाको आधारभूत ज्ञानबाट टाढा परेको देखिएको छ । त्यसैले मार्क्सको सिद्धान्त सान्दर्भिक देखिन्छ । उनले सम्पत्तिको समान वितरण, अतिरिक्त मूल्यको सिद्धान्त, समाजवादी अर्थव्यवस्था आदि विचार पनि अघि सारेका छन् । तसर्थ मार्क्सवादको वैचारिक पक्षको आधारमा यो अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

त्यसैगरी उक्त शीर्षकको अध्ययनका लागि बीएफ स्कीनरको क्रियापरक अनुबन्धन सिकाइ सिद्धान्तलाई पनि सैद्धान्तिक खाका बनाइएको छ ।

**बीएफ स्कीनर** (१९३०) ले प्रतिपादन गरेको क्रियात्मक सिकाइ सिद्धान्तअनुसार सिकाइ सिकाइएको व्यवहारको परिणाममा आश्रित हुन्छ । सिकारुले त्यही व्यवहार गर्छ जसबाट उसलाई पुनर्वल प्राप्त हुन्छ । उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाउँदै लगेमा सिकाइ प्रक्रिया सफल हुन्छ भन्नु नै यस सिद्धान्तको आसय हो (**पाण्डे, घिमिरे, २०६४ बाट उद्धृत**) ।



यसरी प्राथमिक तहमा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको सिकाइ उपलब्धि शीर्षकलाई मार्क्स र स्कीनरको सिद्धान्तसँग तालमेल गराउन सहयोग पुग्ने विश्वासका साथ यी दुई सिद्धान्तलाई यस अध्ययनको सैद्धान्ति खाकाको रूपमा चयन गरिएको छ ।

## २. ३. शैक्षिक उपादेयता

उल्लेखित सैद्धान्तिक खाका र साहित्यहरूको पुनरावलोकनबाट प्राथमिक तहमा अध्ययनका लागि भर्ना भई बीचैमा कक्षा छाड्ने विद्यार्थीहरूलाई पुनः विद्यालय प्रवेश हुन आकर्षण गराउन गर्नुपर्ने विविध पक्षहरूको उल्लेख गरिएको छ । विद्यालय छाडेर बसेका विद्यार्थीहरू र उनीहरूका अभिभावकहरूका लागि गर्नुपर्ने विभिन्न कार्यक्रमले विद्यालय लगानीलाई प्रतिफलतर्फ उन्मुख गराउने पक्ष माथि सबै शिक्षा क्षेत्रका सरोकारवाला हरूलाई घच्घच्याउने कार्य गरेको छ । उल्लेखित लेखहरूले शिक्षा क्षेत्रका विविध मुद्दाहरूलाई प्रत्यक्षसँग उठान गरी सबैको मन छुने काम गरेको छ । प्रस्तुत लेखहरूले योजना र कार्यान्वयन पक्षमा तालमेलको मार्गनिर्देशन गरेको छ । विद्यालय छोडाइका कारण र विद्यालय पुनः प्रवेशका लागि आवश्यक सुझावहरू प्रस्टसँग बुझ्न सबैलाई सहज बनाएको छ । उल्लेखित साहित्यहरूले शिक्षा क्षेत्रमा सरोकार राख्ने जोकोहीलाई पनि आवश्यक प्रेरणा छर्ने जमर्को समेत गरेको छ । यी लेखहरूको समीक्षाले शिक्षा क्षेत्रमा थप अनुसन्धान गर्ने शोधकर्ताहरूलाई र योजनाकारहरूलाई पनि केही मात्रामा खुराक पुऱ्याउने विश्वास गरिएको छ । यस अध्ययनसँग सम्बन्धित विभिन्न खोज तथा अनुसन्धान भए तापनि प्रावि तहमा विभिन्न कारणले विद्यालय छाडी पुनः प्रवेश गरेका विद्यार्थीहरूको शैक्षिक उपलब्धिको बारेमा साह्रै चासो तथा खोज भएको पाइँदैन । यस अनुरूप यो अध्ययन कार्य गरिनेछ । यसबाट प्राप्त निष्कर्ष सम्बन्धित र सरोकारवाला सबैलाई उपयोगी हुने कुरामा विश्वास गरिएको छ । यस अध्ययनसँग सम्बन्धित विभिन्न खोज तथा अनुसन्धान भए तापनि प्रावि तहमा विभिन्न कारणले विद्यालय छाडी पुनः प्रवेश गरेका विद्यार्थीहरूको

शैक्षिक उपलब्धिका बारेमा खासै चासो तथा खोज भएको पाइँदैन । यसअनुरूप यो अध्ययन कार्य गरिएको छ । यसबाट प्राप्त निष्कर्षले सम्बन्धित सरोकारवाला सबैलाई उपयोगी हुने कुरामा विश्वास गरिएको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३. १. अनुसन्धानात्मक ढाँचा

यो अध्ययनका लागि परिमाणात्मक अनुसन्धान र गुणात्मक अध्ययन ढाँचा अवलम्बन गरिएको छ, जसमा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको जातिगत, उमेरगत, कक्षागत र लैङ्गिक सङ्ख्यालाई परिमाणात्मक र उनीहरूका अभिभावक, शिक्षक र प्रधानाध्यापकको विचारहरूलाई गुणात्मक अनुसन्धान ढाँचाको रूपमा राखिएको छ ।

## ३. २. तथ्याङ्क सङ्कलन प्रक्रिया

### ३. २. १. नमूना जनसङ्ख्या

यस शीर्षकको अध्ययन कार्यका लागि मोरङ जिल्लाको २ नम्बर निर्वाचन क्षेत्रमा रहेका पथरी स्रोतकेन्द्रमा आबद्ध रहेका ४ वटा गाविसमा सञ्चालित ४१ वटा सामुदायिक विद्यालयहरूमध्ये ३ वटा उमावि, ३ वटा निमाव र ४ वटा प्रावि गरी जम्मा १० वटा विद्यालयमा २०६४ सालमा भर्ना भई शैक्षिक सत्रको बीचैमा कक्षा छाडेर पुनः २०६५ सालमा विद्यालय प्रवेश भएका विद्यार्थीहरू, उनीहरूका अभिभावक, विद्यालयको प्रावि तहमा अध्यापन गर्नेशिक्षकहरू तथा प्रधानाध्यापकहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३. २. २. नमूनाको आकार

यस अध्ययनका लागि नमूना आकारको रूपमा जनसङ्ख्याको लागि छनौट गरिएका १० वटा विद्यालयका प्रधानाध्यापक १० जना, विषय शिक्षकहरू १० जना, प्रत्येक विद्यालयका २ छात्रा र २ छात्र गरी १६/२४ जनाको दरले ४० जना विद्यार्थी, उनीहरूका अभिभावक २० जना गरी जम्मा ८० जना यस अध्ययनको नमूना आकारको रूपमा लिइएको छ ।

### ३. २. ३. नमूना छनौट विधि

यस शीर्षकको अनुसन्धान अध्ययन गर्नका लागि पथरी स्रोतकेन्द्रमा आबद्ध रहेका ४१ सामुदायिक विद्यालयमध्ये यादृच्छिक नमूना विधिबाट ३ वटा उमावि, ३ वटा निमावि र ४ वटा प्रावि छनौट गरिएको छ । त्यसैगरी छनौट गरिएका विद्यालयका प्रावि तहका विद्यालय छोडी पुनः प्रवेश भएका विद्यार्थीहरूमध्ये २०% विद्यार्थी छात्र छात्रा समेटिने गरी यादृच्छिक नमूना विधि अवलम्बन गरी ४० जना विद्यार्थी छानिएको छ । त्यस्तै छनौटमा परेका प्रावि तहमा अध्यापन गर्ने १० विद्यालयका यादृच्छिक नमूना विधिबाट १० जना विषय शिक्षक छनौट गरिएको छ । छनौट गरिएका विद्यार्थीहरूका २० जना अभिभावकलाई पनि यादृच्छिक नमूना छनौट विधिबाट चयन गरिएको छ । त्यसै गरी छनौटमा परेका विद्यालयका १० जना प्रधानाध्यापकलाई स्वतः अनिवार्य रूपमा छनौट गरिएको छ ।

### ३. २. ४. नमूना छनौटको आधार

यस अध्ययनका लागि पथरी स्रोतकेन्द्रमा रहेका र छनौटमा परेका ३ उमावि, ३ निमावि र ४ प्रावि तहमा अध्ययन गर्नका लागि २०६४ सालमा भर्ना भई शैक्षिक सत्रको बीचमा कक्षा छाडी २०६५ सालमा पुनः विद्यालय प्रवेश गरेका विद्यार्थीहरूमध्ये २०% लाई जातिगत, कक्षागत, उमेरगत र लैङ्गिक आधारमा ४० जना विद्यार्थी छनौट गरिएको छ । त्यस्तै छनौटमा परेका १० सामुदायिक विद्यालयका १० जना शिक्षकहरूलाई विषयगत अध्यापन गर्ने आधारमा छनौट गरिएको छ । छनौटमा परेका १० विद्यालयका प्रअ र विद्यार्थीका अभिभावकहरूलाई पनि जातिगत, लैङ्गिक आधारमा छनौट गरिएको छ । यसरी छनौट गर्दा समय, लगानी, मानव संशाधनलाई विचार पुऱ्याई नमूना आधार निर्धारण गरिएको छ ।

## ३. ३. अध्ययनका साधनहरू

प्रस्तुत शोध अध्ययनका लागि निम्न साधनहरूको प्रयोग गरिएको छ ।

### ३. ३. १. विद्यालय सर्वेक्षण फारम

छनौटमा परेका विद्यालयहरूमा भएको अभिलेखका आधारमा २०६४ सालमा भर्ना भई बीचैमा कक्षा छाडेका र २०६५ सालमा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको नाम

थर, ठेगाना, कक्षा, जाति, लिङ्गको विवरण लिनको लागि अनुसूची १ बमोजिमको फारम विकसित गरी प्रयोग गरिएको छ । त्यस्तै विद्यार्थी, अभिभावक, अध्यापन गर्ने शिक्षकहरूका लागि बन्द प्रश्नहरू अनुसूची ७ (क), (ख), (ग) अनुसार प्रयोग गरी आवश्यक सूचना सङ्कलन गरिएको छ । त्यस्तै गरी पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको जातिगत, कक्षागत, लैङ्गिक र उमेरगत विवरण प्राप्त गर्न अनुसूची २, ३, ४ र ५ बमोजिमको फारम विकसित गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३. ३. २. अन्तर्वार्ता प्रश्नावली

विद्यालय पुनः प्रवेश भएका विद्यार्थीहरू, अभिभावकहरू, उनीहरूलाई अध्यापन गर्ने शिक्षकहरूका लागि अनुसूची ६ (क), (ख) र (ग) मा उल्लेख गरे बमोजिमको अन्तर्वार्ता प्रश्नावलीबाट आवश्यक जानकारी लिइएको छ ।

### ३. ३. ३. समूह छलफल

छनौट गरिएका विद्यालयमा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूका बारेमा जानकारी लिन समूह छलफलका लागि विद्यालयका प्रअ, अभिभावक र शिक्षकसँग अनुसूची ८ मा उल्लेख गरिएअनुसारको छलफल निर्देशिका प्रयोग गरिएको छ ।

## ३. ४. तथ्याङ्कका स्रोतहरू

प्रस्तुत शीर्षकमा अनुसन्धान अध्ययनका लागि आवश्यक सूचना प्राप्त गर्न प्राथमिक र द्वितीय दुवै स्रोत प्रयोग गरिएको छ ।

### ३. ४. १. प्राथमिक स्रोत

यस शीर्षकमा आवश्यक तथ्यहरू र विवरण लिनका लागि छनौटमा परेका विद्यालयमा सर्वेक्षण फारम, अन्तर्वार्ता प्रश्नावली र छलफल निर्देशिकाहरू तयार गरिएको छ ।

### ३. ४. २. द्वितीय स्रोत

आवश्यक तथ्याङ्क र विवरण प्राप्त गर्न छनौट गरिएका विद्यालयमा रहेका भर्ना खाता, हाजिरी खाता, परीक्षा मूल्याङ्कन अभिलेखको अवलोकन गरिएको छ ।

## ३. ५. तथ्याङ्क सङ्कलन प्रक्रिया

अनुसन्धान अध्ययन कार्यमा आवश्यक सूचना, तथ्याङ्क र विवरण प्राप्त गर्न निम्न कार्यहरू गरिएको थियो ।

आवश्यक तथ्याङ्क सङ्कलनका लागि तयार गरिएका साधनको उचित प्रयोगका लागि सम्बन्धित पक्षसँग तोकिएको मिति, समय र स्थानमा छलफल र अन्तर्वार्ता लिन व्यवस्थित कार्यतालिका तयार गरिएको थियो । छनौट गरिएका विद्यालयमा पुगी सर्वेक्षण फारम भराई आवश्यक सूचना सङ्कलन गरिएको थियो । पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको सिकाइ उपलब्धि हर्नका लागि विद्यालयमा रहेका परीक्षा मूल्याङ्कन अभिलेखको अध्ययन गरिएको थियो । छनौट गरिएका विद्यालयका शिक्षकसँग पुनः प्रवेश भएका विद्यार्थीको सिकाइ उपलब्धिसहितका विषयवस्तुमा अन्तर्वार्ता लिने काम गरिएको थियो । पुनः प्रवेश भएका विद्यार्थीका अभिभावकसँग अन्तर्वार्ताको व्यवस्था गरी आवश्यक जानकारी लिइएको थियो । छनौटमा परेका विद्यालयका प्रअ, अभिभावक र शिक्षकहरूसँग समूह छलफल गरी अध्ययनका लागि समस्या र उपायको खोजी गरिएको थियो ।

# परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

### ४. १. बन्द प्रश्नावलीबाट प्राप्त जानकारीहरूको विश्लेषण

छनौट गरिएका विद्यालयहरूका सबै कक्षाहरूमा विद्यार्थीको प्रवाह राम्रो रहेको छ । यी विद्यालयहरूमा २०६४ सालमा भर्ना भई प्रावि तह (कक्षा १-५) मा अध्ययन गर्ने जम्मा संख्या ३,३३५ रहेको पाइयो । ती विद्यार्थीमध्ये सोही शैक्षिक वर्षमा कक्षा छाड्नेको संख्या पनि उल्लेखनीय रहेको छ । अर्थात् ७९५ जना विद्यार्थीले बीचैमा कक्षा छाडेको पाइयो । यसरी २०६४ सालमा भर्ना भई बीचैमा कक्षा छाडेर पुनः २०६५ सालमा विद्यालय फर्केका विद्यार्थी भने ज्यादै न्यून अर्थात् १९५ जनामात्र अध्ययनका लागि पुनः विद्यालय प्रवेश भएको देखिन्छ ।

पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूमध्ये ४० जना (२०%) लाई बन्द प्रश्नावलीहरू तयार गरी १६ जना छात्रा र २४ जना छात्रलाई उत्तर प्राप्त गर्न सोधिएका प्रश्नहरूमध्ये विद्यालय बीचैमा किन छाड्नु पर्‍यो ? भन्ने सवालमा ८०% अर्थात् ३२ जना विद्यार्थीहरूबाट आर्थिक समस्या उल्लेख गरेको पाइयो । चार जना विद्यार्थीहरूले पढ्न मन नलागेर भन्ने जवाफ दिएका थिए भने बाँकी ४ जनाले बाबुआमाका कारणले भनी जवाफ दिएको पाइयो । विद्यालय पुनः प्रवेश गर्न केले प्रेरित गर्‍यो भन्ने प्रश्नको जवाफमा १० जना (२५%) ले PSDC कार्यक्रमबाट आफू र परिवार प्रभावित भएर भन्ने जवाफ पाइयो भने ८ जना (२०%) विद्यार्थीहरूले बालक्लव र अधिकारकर्मीहरूका दबाबमा परेर आफू र आफ्नो परिवारले विद्यालय पुनः प्रवेश गराएको उत्तर दिएको पाइयो । दुई जना (५%) विद्यार्थीहरूले छिमेकीहरूले पढ्न प्रोत्साहन गरेको उत्तर दिए पनि १० जना (२५%) विद्यार्थीको जवाफ विद्यार्थी भर्ना अभियानमा शिक्षक र प्रधानाध्यापकहरूको सल्लाह र आग्रहमा पुनः प्रवेश भएको भन्ने थियो । बाँकीले वन उपभोक्ता समिति, गाविस र विभिन्न संघसंस्थाबाट नगद तथा छात्रवृत्ति र पोसाक दिइएको कारणले पुनः प्रवेश भएको जवाफ पाइयो ।

त्यस्तै तिमीलाई मनपर्ने विषय कुन हो ? भनी सोधिएको प्रश्नको जवाफमा प्रायः सबै (९०%) ले विज्ञान विषय बताएका थिए भने २ जना (५%) ले नेपाली र २ जना (५%)

ले अङ्ग्रेजी भनी उल्लेख गरेको पाइयो । मन नपर्ने विषय कुन हो भनी सोधिएको प्रश्नमा २४ जना (६०%) विद्यार्थीले गणित भनी उल्लेख गरेको पाइयो भने १० प्रतिशतले नेपाली विषय उल्लेख गरेको पाइयो । २० प्रतिशत विद्यार्थीले अङ्ग्रेजी विषय उल्लेख गरेको पाइयो भने बाँकीले सबै विषय कठिन भएको भनी उल्लेख गरेका थिए ।

विद्यालय प्रवेशमा भोगिएका समस्या सम्बन्धमा २०% अर्थात् ८ जना विद्यार्थीले सहपाठी र शिक्षकको व्यवहारलाई उठाएका थिए भने २५% अर्थात् १० जनाले विषय कठिन, फेल हुने डर र परीक्षाको बारे उल्लेख गरेका थिए । बाँकी विद्यार्थीहरूले कापी, कलम, पोसाक आदिको व्यवस्था उल्लेख गरेका थिए ।

अभिभावकको पेसा सम्बन्धमा सोधिएको प्रश्नमा २४ जना अर्थात् ६०% ले खेती व्यवसाय उल्लेख गरेको पाइयो भने २०% अर्थात् ८ जनाले अर्काको घरमा काम गर्ने बताएका थिए । बाँकी २०% को भने स्पष्ट जवाफ नभएको पाइयो ।

त्यसैगरी शिक्षकहरूसँगको अन्तर्वार्ता प्रश्नावली सम्बन्धमा पाइएका जवाफहरू एकैनासका पाइएनन् । कक्षामा विद्यार्थी छाड्ने दर कस्तो छ ? भनी सोधिएको प्रश्नको जवाफमा ४०% (४ जना) ले विद्यालय छोडाइ दर २०% उल्लेख गरेका थिए भने ३०% (३ जना) ले विद्यालय छोडाइ दर १५% उल्लेख गरेको पाइयो । १०% (१ जना) ले ३०% दर रहेको उल्लेख गरेका थिए । बाँकी २०% (२ जना) ले खासै थाहा नभएको उल्लेख गरेको पाइयो ।

विद्यालय पुनः प्रवेश भएका जातिगत प्रश्नको जवाफमा सबै शिक्षकले जनजातिका विद्यार्थीहरू उल्लेख गरेको पाइयो । त्यस्तै विद्यार्थीहरू कुन विषयमा रुचि राख्छन् भन्ने प्रश्नको उत्तरमा ८०% (८ जना) शिक्षकले गणित विषय उल्लेख गरेको पाइयो भने २०% ( २ जना) ले नेपाली र अङ्ग्रेजी विषय उल्लेख गरेको पाइयो । विद्यालय पुनः प्रवेशमा देखिएका समस्याहरूको बारेमा ३०% (३ जना) शिक्षकले उमेर बढी भएको उल्लेख गरेका थिए भने २०% (२ जना) ले परीक्षामा फेल हुने डर उल्लेख गरेको पाइयो । बाँकी शिक्षकहरूले आर्थिक अवस्था दयनीय नै मुख्य समस्या उल्लेख गरेको पाइयो । पुनः प्रवेशमा उपायका सम्बन्धमा सोधिएका प्रश्नमा ५०% (५ जना) शिक्षकहरूले PSDC कार्यक्रमको निरन्तरता, ४०% ले EFA कार्यक्रमको कार्यान्वयन उल्लेख गरेको पाइयो भने बाँकी १०% ले भने आर्थिक अवस्था सुधार गर्नुपर्ने विषय उल्लेख गरेको पाइयो ।

त्यसैगरी अभिभावकहरूसँग सोधिएको अन्तर्वाता प्रश्नावलीमा २० जनालाई सरिक गराइएको थियो । उनीहरूले विद्यालय छाड्ने कारणमा २५% (५ जना) ले आर्थिक अभाव उल्लेख गरेको पाइयो । २०% (४ जना) अभिभावकले विद्यार्थीले मन नगरेको कारण उल्लेख गरेको पाइयो भने २५% अभिभ [illegible] १९ [illegible] सन्तानका कारण उल्लेख गरेको पाइयो । बाँकी अभिभावकहरूले यस्तो [illegible] र्न खोजेको आभास पाइयो ।

विद्यालय पुनः प्रवेशमा प्रेरणा सम्बन्धमा ५०% (१० जना) अभिभावकले शिक्षक र प्रधानाध्यापकको अनुरोध उल्लेख गरेका थिए भने ५ जना (२५%) ले वन उपभोक्ता समिति, गाविस र संघसंस्था उल्लेख गरेको पाइयो । बाँकी २५% (५ जना) ले छरछिमेकी, आफन्त र आफैँले भन्ने उत्तर दिएको पाइयो ।

बच्चाको मुख्य समस्याका बारेमा प्रायः सबै अभिभावकहरूले पढ्दैन, भनेको मान्दैन भन्ने जवाफ पाइयो । पुनः प्रवेशमा गर्नुपर्ने उपायका सम्बन्धमा सोधिएको प्रश्नको जवाफमा २०% (४ जना) ले सबै पुनः प्रवेश भएका विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने उल्लेख गरेका थिए । २०% ले विद्यालय वातावरण सुधार गर्नुपर्ने उल्लेख गरेको पाइयो । २५% (५ जना) ले शिक्षक र सहपाठीको व्यवहार सुधार गर्नुपर्ने विषय उल्लेख गरेका थिए भने बाँकी अभिभावकले परीक्षा प्रणालीको विरोध गरेको पाइयो ।

यसरी अन्तर्वार्ताका क्रममा विद्यार्थी, शिक्षक र अभिभावकबाट आएका जवाफहरू प्रायः सबै एकै किसिमको पाइएकोले समाधानमा यसले निष्कर्षमा पुग्न सजिलो हुने विश्वाश गरिएको छ । अध्ययनका क्रममा प्राप्त भएका तथ्याङ्कहरूलाई वर्गीकरण गरिएको छ । अध्ययनको उद्देश्यअनुसार विश्लेषण गर्नका लागि तालिका निर्माण गरी सूचना व्यवस्थित गरियो । तालिकामा राखेपछि परिमाणात्मक विश्लेषण गर्नुपर्ने तथ्याङ्कलाई प्रतिशत, औसत, वृत्तचित्र र स्तम्भ चित्रमा राखी विश्लेषण गरिएको छ भने अध्ययनको प्रभावकारिता, जटिलता, चुनौती (समस्या) र उपायजस्ता पक्षलाई गुणात्मक विश्लेषण प्रक्रिया अपनाई व्याख्या मात्र गरिएको छ ।

## ४. २. प्राथमिक तहमा विद्यालय छाड्ने र पुनः प्रवेश भएका विद्यार्थीहरूको अवस्था

पथरी स्रोतकेन्द्रमा भएका र छनौटमा परेका १० वटा विद्यालयको प्राथमिक तहमा २०६४ सालमा अध्ययन गर्ने विद्यार्थीहरूमध्ये २०६४ सालको शैक्षिक वर्षको बीचैमा

विद्यालय छाड्ने र २०६५ सालमा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको तथ्याङ्क सङ्कलन गरिएको थियो । तथ्याङ्क सङ्कलनमा सबै विद्यालयको प्राथमिक तह (कक्षा १-५) सम्मलाई मात्र आधार बनाइएको थियो । छनौटमा परेका विद्यालयहरूको प्राथमिक तहमा शैक्षिक सत्रको सङ्ख्या, विद्यालय छाड्ने सङ्ख्या, पुनः विद्यालय प्रवेश भएको सङ्ख्या प्राप्त गर्न सर्वेक्षण फारम तयार गरी प्रत्येक विद्यालयमा भरी भराई आवश्यक तथ्याङ्कको जानकारी लिइएको थियो ।

**तालिका नं. १ - प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या, विद्यालय छाड्ने सङ्ख्या र पुनः प्रवेश सङ्ख्या विवरण**


| क्र. सं. | विद्यालयको नाम र ठेगाना | २०६४ मा अध्ययन गर्ने जम्मा विद्यार्थी सङ्ख्या | बीचैमा विद्यालय छाड्ने विद्यार्थी | | पुनः विद्यालय प्रवेश गर्ने विद्यार्थी २०६५ | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | पञ्चायत उमावि, पथरी | ५०१ | ९९ | १९.७६% | २५ | २५.२५% |
| २ | अमरसिंह उमावि, हसन्दह | ४०३ | १०१ | २५.०६% | १९ | १८.८१% |
| ३ | सिंहबाहिनी उमावि, शनिश्चरे | ३९२ | ९२ | २३.४६% | २३ | २५% |
| ४ | सुनाखरी निमावि, पथरी | २८५ | ८३ | २९.१२% | २१ | २५.३% |
| ५ | हिरक निमावि, शनिश्चरे | २९९ | ८७ | २९.०९% | २० | २२.९८% |
| ६ | जनता निमावि, बयरवन | २४० | ५६ | २३.३३% | १६ | २८.५७% |
| ७ | आदर्श सीता प्रावि, शनिश्चरे | २४५ | ६३ | १९.४४% | १४ | २२.२२% |
| ८ | सुन्तोली प्रावि, बयरवन | ३२४ | ७१ | २८.९७% | १९ | २६.२६% |
| ९ | रामलक्ष्मण प्रावि, हसन्दह | २५४ | ५२ | २०.४७% | २० | ३८.४६% |
| १० | जालपा प्रावि, शनिश्चरे | ३९५ | ९१ | २३.२१% | १८ | १९.७८% |
| जम्मा | | ३३३५ (१००%) | ७९५ (२३.८३%) | | १९५ (२४.५२%) | |

*स्रोत : जि.शि.का, मोरङ Flash I, II, २०६६ ।*

उपर्युक्त विवरणअनुसार छनौटमा परेका १० वटा विद्यालयको प्राथमिक तहमा अध्ययन गर्ने जम्मा ३३३५ विद्यार्थीमध्ये शैक्षिक सत्रको बीचैमा कक्षा छाड्ने सङ्ख्या ७९५ ( २३.८३%) जना पाइयो । जसमध्ये पुनः विद्यालय प्रवेश गर्ने १९५ (२४.५२%) जना मात्र पाइयो । सबैभन्दा बढी विद्यार्थी सङ्ख्या भएको पञ्चायत उमाविमा ९९ (१९.७६%) ले

विद्यालय छाडेको पाइयो भने सबैभन्दा कम विद्यार्थी सङ्ख्या भएको जनता निमाविमा ५६ (२३.३३%) जनाले विद्यालय छाडेको पाइयो । पुनः विद्यालय प्रवेश गर्नेमा सबैभन्दा बढी रामलक्ष्मण प्रावि हसन्दहमा २० (३८.४६%) जना पाइयो भने सबैभन्दा कम अमरसिंह उमाविमा १९ (१८.८१%) जना मात्र पुनः विद्यालय प्रवेश गरेको अवस्था पाइयो । समग्रमा विद्यालय छाड्ने र पुनः प्रवेशको अवस्था फरक फरक रहेको पाइयो । उक्त विवरणलाई निम्नअनुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. १ - विद्यालयमा अध्ययन सङ्ख्या, विद्यालय छाड्ने सङ्ख्या र पुनः विद्यालय प्रवेश सङ्ख्याको विवरण**




स्रोत : जिल्ला शिक्षा कार्यलय मोरङ, २०६६ ।

प्रस्तुत स्तम्भचित्रमा २०६४ सालमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या ३३३५ जनामध्ये शैक्षिक सत्रको बीचैमा ७९५ जना अर्थात् २३.८३% ले विद्यालय छाडेको देखिन्छ भने विद्यालय छाड्नेमध्ये २०६५ सालमा पुनः विद्यालय प्रवेश गर्नेको सङ्ख्या १९५ जना अर्थात् २४.५२% मात्र देखिन्छ ।

## ४. २. १. प्राथमिक तहमा अध्ययन गर्ने सङ्ख्या, विद्यालय छाड्ने र पुनः प्रवेश भएका विद्यार्थीहरूको लैङ्गिक अवस्था

शोध अध्ययनका लागि छनौट भएका १० विद्यालयमा अध्ययन गर्ने सङ्ख्या, विद्यालय छाड्ने सङ्ख्या र पुनः प्रवेश भएका विद्यार्थीहरूलाई विद्यालयमा भएका विद्यार्थी अभिलेख, विद्यार्थी हाजिरी खाताको प्रत्यक्ष अध्ययन गरी आवश्यक सङ्ख्या सङ्कलन गरियो । यसरी सङ्कलित तथ्याङ्कका आधारमा अध्ययनका लागि भर्ना भएका विद्यार्थीहरूको



लैङ्गिक सङ्ख्यालाई तलको तालिका को छ ।

**तालिका नं. २ - विद्यालय छाड्ने, पुनः प्रवेश भएका विद्यार्थीहरूको लैङ्गिक अवस्था**

| क्र सं | विद्यालयको नाम | २०६४ मा अध्ययन गर्ने सङ्ख्या | | | २०६४ मा बीचैमा कक्षा छाड्ने सङ्ख्या | | | २०६५ सालमा पुनः प्रवेश गर्ने सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | पञ्चायत उमावि | २२४ | २५७ | ५०१ | ३९ | ६० | ९९ | १६ | ९ | २५ |
| २ | अमरसिंह उमावि | १६५ | २३८ | ४०३ | ३२ | ६९ | १०१ | ११ | ८ | १९ |
| ३ | सिंहबाहिनी उमावि | १८५ | २०७ | ३९२ | २७ | ६५ | ९२ | १४ | ९ | २३ |
| ४ | सुनाखरी निमावि | १०४ | १८१ | २८५ | ३१ | ५२ | ८३ | १३ | ८ | २१ |
| ५ | हिरक निमावि | १४८ | १५१ | २९९ | ३२ | ५५ | ८७ | १२ | ८ | २० |
| ६ | जनता निमावि | १०६ | १३४ | २४० | २४ | ३२ | ५६ | १० | ६ | १६ |
| ७ | आदर्श सीता प्रावि | १७१ | १५३ | २२५ | २३ | ४० | ६३ | ९ | ५ | १४ |
| ८ | सुन्तोली प्रावि | १३० | ११५ | २२४ | ३० | ४१ | ७१ | १२ | ७ | १९ |
| ९ | रामलक्ष्मण प्रावि | १३३ | १२१ | २५४ | २५ | २७ | ५२ | १५ | ५ | २० |
| १० | जालपा प्रावि | १८४ | २०८ | ३९२ | ४१ | ५० | ९१ | १० | ८ | १८ |
| | जम्मा | १५७० | १७६५ | ३३९५ | ३०४ | ४९१ | ७९५ | १२२ | ७३ | १९५ |


*स्रोत : विद्यालय भर्ना अभिलेख २०६५ ।*

उपर्युक्त विवरणअनुसार शोध अध्ययनका लागि छनौट गरिएका विद्यालयहरूमा अध्ययनका लागि भर्ना भएका ३३३५ विद्यार्थीहरूमा छात्रको सङ्ख्या १५७० (४७.०७%) र छात्राको सङ्ख्या १७६५ (५३.९३%) पाइयो । प्रायः सबै विद्यालयहरूमा छात्रको सङ्ख्याभन्दा छात्राको सङ्ख्या बढी रहेको पाइयो । ३३६५ जना अध्ययन गर्ने विद्यार्थीहरूमध्ये विद्यालय बीचैमा छाड्नेको सङ्ख्या पनि अधिक रहेको देखियो । विद्यालय छाड्ने सङ्ख्या ७९५ ( २३.८३%) मध्ये छात्रको सङ्ख्या ३०४ (३८.२४%) र छात्राको सङ्ख्या ४९१ (६१.७६%)

देखिन्छ । यसरी हेर्दा विद्यालय छाड्नेमा छात्रभन्दा छात्रा बढी रहेको पाइयो । त्यसैगरी २०६४ सालमा विद्यालय बीचैमा छाडेर २०६५ सालमा पुनः विद्यालय प्रवेशको सङ्ख्या भने न्यून पाइयो । पुनः प्रवेश गर्ने जम्मा सङ्ख्या १९५ (२४.५२%) मात्र देखियो । जसमा छात्र १२२ (६२.५६%) र छात्रा ७३ (३७.४४%) मात्र पुनः प्रवेश भएको पाइयो । यस वर्ष विद्यालय अध्ययन गर्न भर्ना हुने सङ्ख्या छात्रको भन्दा छात्राको बढी रहेको पाइयो । बीचैमा छाड्ने सङ्ख्या पनि छात्रको भन्दा छात्राको बढी देखियो तर पुनः प्रवेशमा भने सङ्ख्या र प्रतिशत दुवैमा छात्रभन्दा छात्राहरूको न्यून अवस्था रहेको प्रस्ट भयो ।

उल्लेखित विवरणलाई स्तम्भचित्रमा प्रस्तुत गर्दा,

**चित्र नं. २ - अध्ययनको सङ्ख्या, छाड्ने र पुनः प्रवेशको लैङ्गिक अवस्था**




**स्रोत : सम्बन्धित विद्यालयका भर्ना अभिलेख, २०६५ ।**

माथि उल्लेखित स्तम्भचित्रका आधारमा प्रस्ट हुन्छ कि अध्ययन गर्ने सङ्ख्याको आधारमा छात्र ४७.०७% र छात्रा ५२.९३% लाई तुलना गर्दा छात्राको सङ्ख्या बढी देखियो । त्यस्तै विद्यालय बीचैमा छाड्ने सङ्ख्यालाई हेर्दा पनि छात्र २८.२४% र छात्रा ६१.७६% मध्ये छात्राको सङ्ख्या नै बढी देखिन्छ । तर पुनः विद्यालय प्रवेश गर्ने छात्र ६२.५६% र छात्रा ३७.४४% रहेकोले छात्रभन्दा छात्रा पुनः प्रवेशमा कम रहेको पाइयो ।

### ४. २. २. विद्यालय छाड्ने र पुनः प्रवेश भएका विद्यार्थीहरूको विद्यालयगत लैङ्गिक अवस्था

**तालिका नं. ३ - विद्यालय छाड्ने र पुनः प्रवेश भएका विद्यार्थीहरूको विद्यालयगत लैङ्गिक विवरण**


| क्र सं | विद्यालयको नाम | २०६४ सालको बीचैमा विद्यालय छाड्ने सङ्ख्या | | | २०६५ सालमा पुनः प्रवेश भएका सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | पञ्चायत उमावि | ९९ | ३९ | ६० | २५ | १६ | ९ |
| २ | अमरसिंह उमावि | १०१ | ३२ | ६९ | १९ | ११ | ८ |
| ३ | सिंहबाहिनी उमावि | ९२ | २७ | ६५ | २३ | १४ | ९ |
| ४ | सुनाखरी निमावि | ८३ | ३१ | ५२ | २१ | १३ | ८ |
| ५ | हिरक निमावि | ८७ | ३२ | ५५ | २० | १२ | ८ |
| ६ | जनता निमावि | ५६ | २४ | ३२ | १६ | १० | ६ |
| ७ | आदर्श सीता प्रावि | ६३ | २३ | ४० | १४ | ९ | ५ |
| ८ | सुन्तोली प्रावि | ७१ | ३० | ४१ | १९ | १२ | ७ |
| ९ | रामलक्ष्मण प्रावि | ५२ | २५ | २७ | २० | १५ | ५ |
| १० | जालपा प्रावि | ९१ | ४१ | ५० | १८ | १० | ८ |
| | जम्मा | ७९५ | ३०४ | ४९१ | १९५ | १२२ | ७३ |

*स्रोत : सम्बन्धित विद्यालयको भर्ना अभिलेख २०६५ ।*

माथि उल्लेख गरिएको विवरणका आधारमा विद्यालय छाड्ने विद्यार्थीहरूको जम्मा सङ्ख्या ७९५ पाइयो, जहाँ विद्यालय अध्ययन गर्न आएका विद्यार्थी सङ्ख्याको २३.२१% ले शैक्षिक सत्रको बीचैमा छाडेको पाइयो भने ७९५ जनाले विद्यालय छाडेकोमा २०६५ सालमा पुनः विद्यालय प्रवेश गर्न आएका विद्यार्थी सङ्ख्या १९५ पाइयो, जसलाई प्रतिशतमा हेर्दा २४.५२% हुन आउँछ । समग्रमा विद्यालय छाड्ने र पुनः विद्यालय प्रवेश प्रतिशतका आधारमा क्रमशः २३.२१% र २४.५२% देखिनुले विद्यालय छाड्ने सङ्ख्या बढी र पुनः प्रवेश हुनेको सङ्ख्या न्यून रहेको प्रस्ट देखियो । छात्रको सङ्ख्याभन्दा छात्राको सङ्ख्या पुनः

प्रवेशमा प्रायः सबै विद्यालयमा समान स्वरूपको पाइयो । यस विवरणलाई बार चित्रमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**चित्र नं. ३ - विद्यालय छाड्ने र पुनः प्रवेश भएका विद्यार्थीहरूको विद्यालयगत लैङ्गिक विवरण**




स्रोत : विद्यालय भर्ना अभिलेख, २०६५ ।

१. = पञ्चायत उच्च मावि, पथरी　　२. = अमरसिंह उच्च मावि, हसन्दह

३. = सिंहबाहिनी उमावि, शनिश्चरे　　४. = सुनाखरी निमावि, पथरी

५. = हिरक निमावि, शनिश्चरे　　६. = जनता निमावि, बयरवन

७. = आदर्श सीता प्रावि, शनिश्चरे　　८. = सुन्तोली प्रावि, बयरवन

९. = रामलक्ष्मण प्रावि, हसन्दह　　१०. = जालपा प्रावि, शनिश्चरे

माथिको चित्रमा १, २, ३, ४, ५, ६, ७, ८, ९ र १० ले अध्ययन गरिएका विद्यालयहरूको नामलाई सङ्केत गरको छ । उक्त चित्रका आधारमा नं. २ ले सङ्केत गरको विद्यालयमा सङ्ख्याका आधारमा सबैभन्दा बढी विद्यार्थीहरूले विद्यालय बीचैमा छाडेको पाइयो भने ९ नं. ले सङ्केत गरेको विद्यालयमा सङ्ख्याका आधारमा सबैभन्दा कम विद्यार्थीहरूले विद्यालय छाडेको पाइयो । त्यस्तै विद्यालय पुनः प्रवेश गर्ने सङ्ख्यामा सबैभन्दा बढी ५२ जनाले विद्यालय छाडेका विद्यार्थीमध्ये २० जना पुनः प्रवेश भएको देखिन्छ । नं. ५

ले सङ्केत गरेको विद्यालयमा ८७ जनाले विद्यालय बीचैमा छाडेका मध्ये २० जनाले मात्र पुनः विद्यालय प्रवेश गरेको पाइयो । त्यसैगरी विद्यालय अध्ययनका क्रममा बीचैमा विद्यालय छाड्ने ७९५ जनामध्ये ३०४ जना छात्र र ४९१ जना छात्राले विद्यालय छाडेको देखिन्छ भने पुनः प्रवेश भएको विद्यार्थी सङ्ख्या १९५ जना मात्र रहेको छ, जुन सङ्ख्या छात्रको १२२ र छात्राको ७३ जना हुनुले पनि छात्रा पुनः प्रवेशमा कम सहभागी भएको प्रस्ट हुन्छ ।

## ४. २. ३. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको कक्षागत अवस्था

प्रस्तुत शोध अध्ययनका लागि छनौट गरिएका १० विद्यालयका प्राथमिक तहमा विद्यार्थी पुनः विद्यालय प्रवेशको अवस्था स्थलगत रूपमा सङ्कलन गरी तलको तालिकामा प्रस्तुत गरिएको छ । तालिकाअनुसार पुनः प्रवेश गर्ने विद्यार्थीहरूमा सबैभन्दा धेरै सङ्ख्या पञ्चायत उमावि, पथरीको छ । उक्त विद्यालयमा जम्मा २५ जना विद्यार्थी पुनः प्रवेश भएका छन् । त्यस्तै सङ्ख्यात्मक हिसाबले आदर्श सीता प्रावि शनिश्चरेमा सबैभन्दा कम १४ जना विद्यार्थीमात्र पुनः प्रवेश भएका छन् । पुनः प्रवेशमा छात्रको भन्दा छात्राको सङ्ख्या न्यून देखिएको छ । यो तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४ - पुनः प्रवेश भएका विद्यार्थीहरूको कक्षागत अवस्था**

| विद्यालय | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | | कक्षा ४ | | | कक्षा ५ | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | ५ | ३ | ५ | ४ | ३ | ७ | २ | २ | ४ | २ | २ | ४ | १ | १ | २ | २५ |
| २ | ४ | २ | ६ | ३ | २ | ५ | २ | १ | ३ | २ | १ | ३ | १ | १ | २ | १९ |
| ३ | ६ | २ | ८ | ४ | २ | ६ | २ | १ | ३ | ३ | १ | ४ | २ | ० | २ | २३ |
| ४ | ५ | २ | ७ | ३ | २ | ५ | ३ | १ | ४ | २ | १ | ३ | १ | १ | २ | २१ |
| ५ | ४ | ३ | ७ | ३ | २ | ५ | २ | २ | ४ | २ | १ | ३ | १ | ० | १ | २० |
| ६ | ३ | २ | ५ | २ | २ | ४ | २ | १ | ३ | १ | २ | ३ | १ | ० | १ | १६ |
| ७ | ३ | २ | ५ | ३ | १ | ४ | १ | ० | १ | १ | ० | १ | २ | १ | ३ | १४ |
| ८ | ५ | २ | ७ | २ | १ | ३ | ३ | २ | ५ | १ | १ | २ | १ | १ | २ | १९ |
| ९ | ४ | ४ | ८ | ३ | २ | ५ | २ | २ | ४ | १ | १ | २ | १ | ० | १ | २० |
| १० | ५ | ३ | ८ | ३ | १ | ४ | २ | १ | ३ | १ | ० | १ | १ | १ | २ | १८ |
| जम्मा | ४४ | २५ | ६९ | ३० | १८ | ४८ | २१ | १३ | ३४ | १६ | ११ | २७ | १२ | ६ | १८ | १९५ |

*स्रोत : विद्यालयमा रहेको भर्ना अभिलेख २०६५ ।*

विद्यालय :

१. = पञ्चायत उच्च मावि, पथरी　　२. = अमरसिंह उच्च मावि, हसन्दह

३. = सिंहबाहिनी उमावि, शनिश्चरे　　४. = सुनाखरी निमावि, पथरी


५. = हिरक निमावि, शनिश्चरे　　६. = जनता निमावि, बयरवन

७. = आदर्श सीता प्रावि, शनिश्चरे　　८. = सुन्तोली प्रावि, बयरवन

९. = रामलक्ष्मण प्रावि, हसन्दह　　१०. = जालपा प्रावि, शनिश्चरे

माथि उल्लेखित १० विद्यालयका कक्षा १-५ का विद्यार्थीको पुनः विद्यालय प्रवेश अवस्था हेर्दा कक्षा १ मा ३५%, कक्षा २ मा २५%, कक्षा ३ मा १७%, कक्षा ४ मा १४% र कक्षा ५ मा ९% विद्यार्थीले मात्र पुनः प्रवेश गर्ने गरेको पाइयो । उक्त तथ्याङ्कलाई वृत्तचित्रमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**चित्र नं. ४ - पुनः प्रवेश भएका विद्यार्थीहरूको कक्षागत अवस्था**




स्रोत : विद्यालयमा रहेको भर्ना अभिलेख, २०६५ ।

माथिको चित्रका आधारमा कक्षा १ मा सबैभन्दा बढी विद्यार्थी पुनः प्रवेश गर्ने र माथिल्लो कक्षामा क्रमशः कम हुँदै कक्षा ५ मा पुग्दा ९% विद्यार्थीहरूले मात्र पुनः प्रवेश भएको जानकारी प्राप्त भयो ।

## ४. २. ४. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको उमेरगत अवस्था

शोध अध्ययनका लागि छनौट गरिएका विद्यार्थीहरूमा कुन उमेरका (कक्षागत उमेर र कक्षागत उमेरभन्दा बढी विद्यार्थी पुनः प्रवेश भएका रहेछन्, त्यसलाई आधार बनाइएको

थियो । तसर्थ छनौटमा परेका विद्यालयमा पुनः प्रवेश भएका विद्यार्थीहरूको उमेरगत विवरण निम्नअनुसार पाइयो ।


**तालिका नं. ५ - पुनः प्रवेश भएका विद्यार्थीहरूको कक्षागत उमेरको अवस्था**

| क्र.सं. | विद्यालयको नाम | पुनः प्रवेश सङ्ख्या | कक्षागत उमेर सङ्ख्या | कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|
| १ | पञ्चायत उमावि | २५ | १५ | १० |
| २ | अमरसिंह उमावि | १९ | १३ | ६ |
| ३ | सिंहबाहिनी उमावि | २३ | १४ | ९ |
| ४ | सुनाखरी निमावि | २१ | १६ | ५ |
| ५ | हिरक निमावि | २० | १५ | ५ |
| ६ | जनता निमावि | १६ | १२ | ४ |
| ७ | आदर्श सीता प्रावि | १४ | ९ | ५ |
| ८ | सुन्तोली प्रावि | १९ | १४ | ५ |
| ९ | रामलक्ष्मण प्रावि | २० | १६ | ४ |
| १० | जालपा प्रावि | १८ | १२ | ६ |
| | जम्मा | १९५ | १३६ (६९.७%) | ५९ (३०.३%) |

*स्रोत : विद्यालय भर्ना अभिलेख २०६५ ।*

उल्लेखित तालिकामा विद्यालय उमेर सङ्ख्यामा ६९.७% कक्षागत उमेरका विद्यार्थीले पुनः प्रवेश गरेको देखिन्छ भने ३०.३% विद्यार्थीहरूको कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थीहरू विद्यालयमा पुनः प्रवेश भएको पाइयो । यस विवरणलाई स्तम्भचित्रमा पनि प्रस्तुत गरिएको छ ।

**चित्र नं. ५ - पुनः प्रवेश भएका विद्यार्थीहरूको उमेरगत अवस्था**




स्रोत : विद्यालय भर्ना अभिलेख, २०६५ ।

**माथि उल्लेख गरिएको चित्रका आधारमा प्रस्ट भयो कि कक्षागत उमेरका विद्यार्थीहरू पुनः प्रवेशमा बढी हुने र कक्षागत उमेरभन्दा बढी उमेरका केटाकेटीहरू कम विद्यालय प्रवेश हुने गरेको अवस्था देखिन्छ ।**

## ४. २. ५. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको कक्षागत उमेर अवस्था

छनौट गरिएका विद्यालयमा पुनः विद्यालय प्रवेश गर्ने विद्यार्थीहरूको कक्षागत रूपमा कस्ता उमेर समूहका विद्यार्थी प्रवेश भएका रहेछन् भनी तथ्याङ्क सङ्कलन गरियो । उक्त तथ्याङ्कलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका नं. ६ - पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको कक्षागत उमेर विवरण**

| कक्षा | पुनः प्रवेश सङ्ख्या | कक्षागत उमेर सङ्ख्या | कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थी सङ्ख्या |
|---|---|---|---|
| १ | ६९ | ५५ (७९.७%) | १४ (२०.३%) |
| २ | ४८ | ३४ (७०.८%) | १४ (२९.२%) |
| ३ | ३४ | २२ (५५%) | १२ (४५%) |
| ४ | २७ | १५ (५६.६%) | १२ (४४.४%) |
| ५ | १७ | १० (५८.८%) | ०७ (४१.२%) |
| जम्मा | १९५ | १३६ (६९.७%) | ५९ (३०.३%) |

*स्रोत : विद्यालय भर्ना अभिलेख २०६६ ।*

उल्लेखित विवरणअनुसार कक्षा १ मा उमेर समूहका विद्यार्थीहरूमध्ये ७९.७% ले पुनः विद्यालय प्रवेश गरेको पाइयो भने कक्षागत उमेरभन्दा बढी उमेरका विद्यार्थीहरू ३०.३% ले मात्र पुनः विद्यालय प्रवेश गरेको देखियो । त्यस्तै कक्षा ५ का विद्यार्थीहरूमध्ये कक्षागत उमेरभन्दा बढी उमेरका ४१.२% विद्यार्थी भर्ना भएको तथ्याङ्कमा उल्लेख गरिएको छ । कक्षागत उमेर र बढी उमेर भएका विद्यार्थी सङ्ख्यालाई तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. ६ - पुनः प्रवेश भएका विद्यार्थीहरूको कक्षागत उमेरको अवस्था**




स्रोत : विद्यालय भर्ना अभिलेख, २०६६

माथि उल्लेखित स्तम्भचित्रको सहयोगले यो देखिन्छ कि तल्लो कक्षामा बढी विद्यार्थी पुनः प्रवेश गर्ने र माथिल्लो कक्षामा उमेरका कारणले गर्दा कम विद्यार्थी पुनः प्रवेश गर्ने गरेको पाइयो । त्यस्तै कक्षा १ मा कक्षागत उमेरभन्दा बढी सङ्ख्या न्यून रहेको र क्रमशः कक्षा २, ३, ४ र ५ मा कक्षागत उमेरभन्दा बढी उमेरको सङ्ख्या बढी हुने गरेको तथा त्यस्ता विद्यार्थीलाई पुनः विद्यालय फर्काउन गाह्रो रहेको छ ।

## ४. २. ६. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको विद्यालयगत जातीय अवस्था

छनौट गरिएका १० विद्यालयका पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको जाति गत अवस्था निम्नअनुसारको पाइयो ।


## तालिका नं. ७ - पुनः प्रवेश भएका विद्यार्थीहरूको विद्यालयगत जातीय अवस्था

| विद्यालय | पुनः प्रवेश सङ्ख्या | दलित | | | जनजाति | | | आदिवासी | | | अन्य जाति | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| पञ्चायत उमावि | २५ | २ | १ | ३ | ४ | ४ | ८ | ५ | २ | ७ | ५ | २ | ७ |
| अमरसिंह उमावि | १९ | ३ | १ | ४ | ४ | २ | ६ | २ | ३ | ५ | २ | २ | ४ |
| सिंहबाहिनी उमावि | २३ | ३ | २ | ५ | ३ | ३ | ६ | ५ | ३ | ८ | ३ | १ | ४ |
| सुनाखरी निमावि | २१ | २ | २ | ४ | ५ | २ | ७ | ४ | २ | ६ | २ | २ | ४ |
| हिरक निमावि | २० | २ | १ | ३ | ४ | २ | ६ | ३ | ३ | ६ | ३ | २ | ५ |
| जनता निमावि | १६ | २ | १ | ३ | ३ | १ | ४ | २ | २ | ४ | ३ | २ | ५ |
| आदर्श सीता प्रावि | १४ | १ | २ | ३ | ३ | ० | ३ | ३ | २ | ५ | २ | १ | ३ |
| सुन्तोली प्रावि | १९ | २ | १ | ३ | ३ | २ | ५ | ४ | ३ | ७ | ३ | १ | ४ |
| रामलक्ष्मण प्रावि | २० | ३ | १ | ४ | ४ | २ | ६ | २ | १ | ३ | ६ | १ | ७ |
| जालपा प्रावि | १८ | १ | २ | ३ | ४ | ३ | ७ | ४ | २ | ६ | १ | १ | २ |
| जम्मा | १९५ | २१ | १४ | ३५ | ३७ | २१ | ५८ | ३४ | २३ | ५७ | ३० | १५ | ४५ |
| | १००% | १७.९% | | | २९.७% | | | २९.२% | | | २३.१% | | |

*स्रोत : स्थलगत सर्वेक्षण/विद्यालयमा रहेका विद्यार्थी भर्ना अभिलेख २०६५ ।*

माथि उल्लेखित तालिकाअनुसार पुनः प्रवेश भएका जातीय विद्यार्थीहरूको अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी जनजाति विद्यार्थीहरू फर्केर आएको पाइयो र सबैभन्दा कम पुनः प्रवेशमा दलित विद्यार्थीहरू रहे ३२ ।सरी पुनः फर्केर आएका विद्यार्थीहरूमा छात्राभन्दा छात्रको सङ्ख्या तुलनात्मक रूपमा बढी देखिन्छ । उक्त विवरणलाई चित्रमा प्रस्तुत गर्दा,

**चित्र नं. ७ - पुनः प्रवेश भएका विद्यार्थीहरूको जातिगत अवस्था**




स्रोत : विद्यार्थी भर्ना अभिलेख, २०६५

छनौट गरिएको क्षेत्रमा बहुसङ्ख्यक जनजाति र आदिवासीको बसोबास भएकोले विद्यालय छोडाइ र पुनः प्रवेशमा पनि यही जातिको सङ्ख्या बढी भएको स्पष्ट देखियो । जातिगत अध्ययन गर्न विद्यालय पुनः प्रवेश भएका विद्यार्थीहरूको समूहलाई ४ भागमा विभाजन गरियो; जसमा दलित (कामी, दमाईं, सार्की), जनजाति समूह (राई, लिम्बू, गुरुङ, तामाङ, मगर, शेर्पा, नेवार), आदिवासी समूह (चौधरी, धिमाल, माझी, सतार, राजवंशी) र अन्य जाति (ब्राह्मण, क्षेत्री) मा विभाजन गरी अध्ययन कार्य पूरा गरिएको थियो ।

## ४. २. ७. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको कक्षागत जातीय अवस्था

शोध अध्ययनको शीर्षकलाई सार्थक रूप दिनको लागि छनौटमा परेका विद्यालयका प्रावि तहका कक्षाहरूमा पुनः प्रवेश हुने विद्यार्थीहरूको पनि सङ्ख्या सङ्कलन गरिने कार्य गरिएको थियो । उक्त विद्यार्थीहरूको कक्षागत विवरण निम्नअनुसार पाइयो ।


**तालिका नं. ८ - पुनः प्रवेश भएका विद्यार्थीहरूको कक्षागत जातीय अवस्था**

| कक्षा | पुनः प्रवेश सङ्ख्या | दलित | | | जनजाति | | | आदिवासी | | | अन्य जाति | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | ६९ | ८ | ५ | १३ | १४ | ८ | २२ | १२ | १० | २२ | १२ | ६ | १८ |
| २ | ४८ | ६ | ३ | ९ | ७ | ६ | १३ | १० | ६ | १६ | १० | ४ | १४ |
| ३ | ३४ | ३ | २ | ५ | ७ | ३ | १० | ६ | ३ | ९ | ६ | १ | ७ |
| ४ | २७ | ३ | २ | ५ | ५ | २ | ७ | ३ | २ | ५ | १ | २ | ३ |
| ५ | १७ | १ | २ | ३ | ४ | २ | ६ | ३ | २ | ५ | १ | २ | ३ |
| जम्मा | १९५ | २१ | १४ | ३५ | ३७ | २१ | ५८ | ३४ | २३ | ५७ | ३० | १५ | ४५ |
| | १००% | १७.९% | | | २९.७% | | | २९.२३% | | | २३.०७% | | |

*स्रोत : स्थलगत सर्वेक्षण फारम २०६६ ।*

माथि उल्लेखित विवरणमा पुनः विद्यालय प्रवेश भएका १९५ विद्यार्थीहरूलाई ४ समूहमा विभाजन गरी कक्षागत रूपमा अध्ययन गर्दा दलित पुनः प्रवेश गर्ने कक्षा १ मा सबैभन्दा बढी १३ जना पाइयो । त्यस्तै कक्षा ५ मा पुनः प्रवेश गर्ने सङ्ख्या ३ मात्र देखिन्छ । त्यस्तै क्रमशः १४, २२, २२ र १८ जना जनजाति, आदिवासी र अन्य जातिका विद्यार्थी पुनः प्रवेश भएको पाइन्छ । समग्रमा आदिवासी र जनजातिका विद्यार्थीहरू नै पुनः प्रवेश बढी सङ्ख्या भएको पाइन्छ । उक्त विवरणलाई निम्नअनुसार वृत्तचित्रमा पनि प्रस्तुत गरिएको छ ।

**चित्र नं. ८ - पुनः प्रवेश भएका विद्यार्थीहरूको जातिगत अवस्था**




**स्रोत : स्थलगत सर्वेक्षण फारम, २०६६ ।**

प्रस्तुत वृत्तचित्रका आधारमा विद्यालय पुनः प्रवेश गर्ने सबैभन्दा बढी जनजाति छात्रछात्राहरू (२९.७%) देखिएका छन् भने सबैभन्दा कम पुनः प्रवेश गर्ने दलित विद्यार्थीहरू (१७.९%) देखिएका छन् । आदिवासी समूहका २९.२३% र अन्य समूहका २३.०७% विद्यार्थी पुनः प्रवेश भएका छन् ।

## ४. २. ८. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको विद्यालय क्रियाकलापमा सहभागिताको अवस्था

छनौट गरिएका विद्यालयका कक्षा १-५ सम्म पुनः प्रवेश भएका विद्यार्थीहरू विद्यालय नियमितता हुने अवस्था, कक्षाकार्यमा सहभागी हुने, गृहकार्य गर्ने र अनुशासनमा रहने विद्यार्थीहरूको अवस्था थाहा पाउन अनुसूची ९ बमोजिमको फारम विकसित गरी प्रयोग गरियो । उक्त फारमबाट सङ्कलित तथ्याङ्कबाट निम्न अनुसारको विवरण प्राप्त भयो, जसलाई तालिका नं. ९ मा देखाइएको छ ।


**तालिका नं. ९ - पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको विद्यालय सहभागिताको अवस्था**

| क्र.सं. | विद्यालयको नाम | विद्यालय नियमित हुने सङ्ख्या | कक्षाकार्यमा सहभागी हुने सङ्ख्या | गृहकार्यमा सहभागी हुने सङ्ख्या | अनुशासन कायम हुने सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पञ्चायत उमावि | १५ | १३ | १६ | १५ |
| २ | अमरसिंह उमावि | १२ | १४ | १३ | १२ |
| ३ | सिंहबाहिनी उमावि | १४ | १५ | १८ | १४ |
| ४ | सुनाखरी निमावि | १५ | १७ | १३ | १६ |
| ५ | हिरक निमावि | १४ | १६ | १२ | १३ |
| ६ | जनता निमावि | १२ | १४ | १३ | १० |
| ७ | आदर्श सीता प्रावि | १० | ११ | ९ | १० |
| ८ | सुन्तोली प्रावि | १३ | १२ | १० | १४ |
| ९ | रामलक्ष्मण प्रावि | १५ | १६ | १२ | १० |
| १० | जालपा प्रावि | १२ | १० | १२ | १४ |
| जम्मा | | १२९ | १३८ | १२८ | १०८ |
| | | ६२.२% | ७०.८% | ६५.६% | ५४.४% |

*स्रोत : स्थलगत सर्वेक्षण र विषय शिक्षकसँगको छलफल, २०६६ ।*

माथि उल्लेखित विवरणअनुसार पुनः प्रवेश भएका १९५ जना विद्यार्थीमध्ये विद्यालय नियमित हुने सङ्ख्या १२९ जना, कक्षाकार्यमा सहभागी हुने सङ्ख्या १३८ जना, गृहकार्य नियमित ल्याउने १२८ जना र विद्यालय नियम पालना गर्ने विद्यार्थी सङ्ख्या १०८ देखिन्छ । समग्रमा सबै क्रियाकलापमा मध्यमखालको अवस्था रहेको देखियो । उक्त विवरणलाई निम्नअनुसार स्तम्भचित्रमा पनि प्रस्तुत गरिएको छ ।

**चित्र नं. ९ - पुनः प्रवेश भएका विद्यार्थीहरूको विद्यालय क्रियाकलापमा सहभागिताको अवस्था**




स्रोत : स्थलगत सर्वेक्षण र विषय शिक्षकको छलफल, २०६६ ।

प्रस्तुत चित्रबाट १९५ जना पुनः विद्यालय प्रवेशमध्ये ६२.२% ले विद्यालय नियमित जाने गरेको देखिन्छ । ७०.८% विद्यार्थीहरू कक्षाकार्यमा सहभागी रहेको पाइन्छ । ६५.६% विद्यार्थीले गृहकार्य ल्याउने गरेको र ५५.४% विद्यार्थीहरू विद्यालयको नियम पालन गर्ने गरेको प्रस्ट देखिन्छ ।

## ४. २. ९. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको सिकाइ उपलब्धि अवस्था

छनौटमा परेका १० वटा विद्यालयका कक्षा १-५ का ४० विद्यार्थीहरूले परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कलाई नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयको विषयगत रूपमा विश्लेषण गर्ने कार्य गरियो । उल्लेखित सबै विषयको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ३२ रहेको छ । जसमा कक्षा १ मा ४ केटा र ४ केटीको प्राप्ताङ्क, कक्षा २, ३, ४ र ५ मा क्रमशः ३

केटी र ५ केटाको प्राप्ताङ्क विवरणलाई विश्लेषण गरिएको छ । उक्त कक्षाहरूको विद्यार्थीको प्राप्ताङ्क विषयगत रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १० - कक्षा ५ का विद्यार्थीहरूको प्राप्ताङ्क विवरण**

| विद्यार्थीको नाम | लिङ्ग | विषय र प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
| अर्जुन लिम्बू | पु | ५६ | ५५ | ४० | ६५ |
| वागवीर तामाङ | पु | ५४ | ४७ | ६० | ६२ |
| सहवीर राजवंशी | पु | ६० | ६२ | ५५ | ५८ |
| केवलचन्द्र गणेश | पु | ४० | ३८ | ४५ | ४२ |
| हरिप्रसाद दुलाल | पु | ४८ | ४५ | ४८ | ५६ |
| गीता न्यौपाने | म | ५२ | ५५ | ५२ | ४४ |
| रूपा मुसहर | म | ५३ | ४६ | ६० | ५५ |
| केशवमाया राई | म | ४७ | ५४ | ५६ | ५२ |
| जम्मा | | ४०० | ४०२ | ४१० | ४३४ |
| | | ५०% | ५०.२५% | ५१.२५% | ५४.२५% |

*स्रोत : विद्यालयमा रहेको मूल्याङ्कन अभिलेख, २०६५ ।*

प्रस्तुत कक्षा ५ मा पुनः प्रवेश भएका १७ विद्यार्थीमध्ये ५ छात्र र ३ छात्रा (४७%) को विषयगत प्राप्ताङ्कलाई विश्लेषण गर्दा सबै विषयमा ५०% भन्दा माथि प्राप्ताङ्क रहेको देखिन्छ । सबैभन्दा कम प्राप्ताङ्क औसत नेपाली विषयमा ५०% र सबैभन्दा बढी प्राप्ताङ्क विज्ञान (वातावरण) विषयमा ५४.२५% देखिन्छ । गणित र अङ्ग्रेजी विषयमा पनि क्रमशः ५१.२५% र ५०.२५% प्राप्ताङ्क औसत रूपमा रहेको छ । समग्रमा हेर्दा सबै विषयमा पुनः प्रवेश गर्ने कक्षा ५ का विद्यार्थीको प्राप्ताङ्क मध्यम रूपमा रहेको छ ।

कक्षा ४ मा पुनः प्रवेश भएका २७ विद्यार्थीमध्ये ३ छात्रा र ५ छात्रको परीक्षामा विषयगत रूपमा प्राप्त गरेको प्राप्ताङ्क निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ - कक्षा ४ का विद्यार्थीहरूको प्राप्ताङ्क विवरण**

| विद्यार्थीको नाम | लिङ्ग | विषय र प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
| हिमालय दर्जी | पु | ५१ | ५३ | ४४ | ७१ |
| साने विक | पु | ५७ | ५७ | ४६ | ६८ |
| दोर्जे लामा | पु | ६१ | ५६ | ५७ | ५१ |
| श्याम कार्की | पु | ५२ | ५२ | ५३ | ५५ |
| सतिस यादव | पु | ५५ | ४१ | ४७ | ६५ |
| रामपिरत राय | म | ५६ | ५४ | ४३ | ६२ |
| मनु तामाङ | म | ५३ | ६२ | ५५ | ६८ |
| ववित सार्की | म | ४० | ५८ | ४५ | ५० |
| जम्मा | | ४३५ | ४४१ | ३९० | ४८० |
| | | ५४.३७% | ५५.१२% | ४८.७५% | ६०% |

*स्रोत : विद्यार्थी मूल्याङ्कन अभिलेख, २०६५ ।*

माथि उल्लेखित कक्षा ४ का ८ जना विद्यार्थीहरूको प्राप्ताङ्कको विश्लेषण गर्दा गणित विषयमा पुनः प्रवेश गर्ने विद्यार्थीहरूको औसत प्राप्ताङ्क न्यून अर्थात् ४८.७५% मात्र देखिन्छ । विज्ञान विषयमा भने औसत प्राप्ताङ्क ६०% रहेको छ । नेपाली र अङ्ग्रेजी विषयको प्राप्ताङ्क भने ५०% भन्दा माथि रहेको पाइएको छ । समग्रमा पुनः प्रवेश भएका कक्षा ४ का विद्यार्थीहरू गणित विषयमा कमजोर रहेका देखिन्छन् ।

कक्षा ३ मा पुनः प्रवेश भएका ३४ विद्यार्थीमध्ये ३ छात्रा र ५ छात्रा (२३.५%) ले विषयगत रूपमा प्राप्त गरेको प्राप्ताङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२ - कक्षा ३ का विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क विवरण**

| विद्यार्थीको नाम | लिङ्ग | विषय र प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
| राकेश कार्कीढोली | पु | ६३ | ५५ | ५८ | ७२ |
| दानवीर मुसहर | पु | ५७ | ६१ | ६२ | ६८ |
| मनोज वि.क. | पु | ५५ | ५३ | ३८ | ७० |
| आयुश राई | पु | ६२ | ६२ | ४४ | ६२ |
| शिवकुमार राई | पु | ६१ | ६४ | ५६ | ५८ |
| चित्रमाया दनुवार | म | ५६ | ४४ | ४२ | ४२ |
| हिमा दर्जी | म | ५४ | ५५ | ५५ | ५८ |
| दिलमाया राई | म | ५२ | ४८ | ५३ | ६२ |
| जम्मा | | ४६० | ४४३ | ३९८ | ४९२ |
| | | ५७.५% | ५५.७५% | ४९.७५% | ६१.२५% |

*स्रोत : विद्यार्थी मूल्याङ्कन अभिलेख, २०६५ ।*

माथि उल्लेखित कक्षा ३ का ८ विद्यार्थीहरू (३ छात्रा र ५ छात्र) ले वार्षिक परीक्षामा ४ वटा विषयहरूमा प्राप्त प्राप्ताङ्कहरूमध्ये गणित विषयमा औसत प्राप्ताङ्क ४९.७५% मात्र रहेको छ । सबैभन्दा राम्रो औसत प्राप्ताङ्क विज्ञान विषयमा ६१.२५% प्राप्त गरेको देखिन्छ । नेपाली र अङ्ग्रेजी विषयमा पनि सामान्यतया ५०% भन्दा माथि अर्थात् ५७.५% र ५५.७५% रहेको छ ।

कक्षा २ मा ४८ जना विद्यार्थीहरूले पुनः विद्यालय प्रवेश गरेका थिए । त्यसमध्ये प्रस्तुत अध्ययनका लागि जम्मा ८ जनालाई नमूनाका रूपमा लिइएको थियो । यसमा छात्रा र छात्रको सङ्ख्या क्रमशः ३ र ५ (१६.६%) रहेको छ । उनीहरूले नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान गरी ४ वटा विषयमा वार्षिक परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३ - कक्षा २ मा अध्ययन गर्ने विद्यार्थीहरूको प्राप्ताङ्क विवरण**

| विद्यार्थीको नाम | लिङ्ग | विषय र प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
| डम्बरबहादुर बस्नेत | पु | ६१ | ५५ | ५४ | ७२ |
| मेघराज लिम्बू | पु | ५९ | ६१ | ४७ | ७४ |
| गोपाल वि.क. | पु | ५८ | ६३ | ४८ | ६१ |
| हर्क वि.क. | पु | ५४ | ५२ | ५२ | ६८ |
| रामनारायण मण्डल | पु | ६० | ४२ | ४३ | ५५ |
| सावित्रा झाँगड | म | ६२ | ३८ | ३७ | ४८ |
| सरीता मगर | म | ४४ | ४४ | ५२ | ६० |
| कविता निरौला | म | ३८ | ६२ | ४८ | ५२ |
| जम्मा | | ४३६ | ४१७ | ३८१ | ४९० |
| | | ५४.५% | ५२.१२% | ४७.६२% | ६१.२५% |

*स्रोत : विद्यार्थी मूल्याङ्कन अभिलेख, २०६५ ।*

माथि उल्लेखित तालिकामा देखाइएका ८ जना विद्यार्थीहरूले ४ वटा विषयमा प्राप्त गरेको प्राप्ताङ्कलाई हेर्दा सबैभन्दा कम प्राप्ताङ्क गणित विषयमा ४७.६२% र सबैभन्दा बढी औसत प्राप्ताङ्क विज्ञान विषयमा ६१.२५% रहेको छ । नेपाली र अङ्ग्रेजी विषयमा भने औसत प्राप्ताङ्क क्रमशः ५४.४% र ५२.१२% रहेको देखिन्छ । समग्रमा हेर्दा सबैभन्दा न्यून अङ्क गणित विषयमा र उच्च अङ्क विज्ञान विषयमा रहेको छ ।

त्यसैगरी कक्षा १ मा पुनः विद्यालय प्रवेश भएका ६९ जना विद्यार्थीमध्ये ४ जना छात्र र ४ जना छात्रा गरी जम्मा ८ जना (१२%) विद्यार्थीले नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयमा प्राप्त गरको प्राप्ताङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ - कक्षा १ का विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क विवरण**

| विद्यार्थीको नाम | लिङ्ग | विषय र प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
| सरोज दर्नाल | पु | ७४ | ८० | ७२ | ८० |
| विरेन राई | पु | ७८ | ७४ | ६८ | ७५ |
| दिपक चौधरी | पु | ७३ | ७२ | ५५ | ८१ |
| रामबहादुर खत्री | पु | ७४ | ७५ | ६२ | ६८ |
| रीना तामाङ | म | ७२ | ७३ | ६३ | ७२ |
| सीता राई | म | ६८ | ६७ | ६४ | ५६ |
| वीना वि.क. | म | ७० | ७२ | ५६ | ७२ |
| पिङ्की पौडेल | म | ६५ | ६८ | ४४ | ६३ |
| जम्मा | | ५६४ | ५७१ | ४८४ | ५६७ |
| | | ७०.५% | ७१.३७% | ६०.५% | ७०.८% |

*स्रोत : विद्यार्थी मूल्याङ्कन अभिलेख, २०६५ ।*

उल्लेखित तालिकामा कक्षा १ का विद्यार्थीहरूले ४ वटा विषयमा प्राप्त गरेको विषयगत प्राप्ताङ्कहरूमा सबैभन्दा राम्रो अङ्ग्रेजी विषयको औसत प्राप्ताङ्क ७१.३७% पाइयो भने न्यून औसत प्राप्ताङ्कको रूपमा गणित विषयमा ६०.५% देखिन्छ । नेपाली र विज्ञान विषयमा भने क्रमशः औसत प्राप्ताङ्क ७०.५% र ७०.८% रहेको छ। समग्रमा कक्षा १ को विषयगत प्राप्ताङ्क अन्य कक्षाको भन्दा राम्रो देखिन्छ।

कक्षा १, २, ३, ४ र ५ का ४ वटा विषयहरूलाई औसत रूपमा पनि निम्नअनुसार प्रस्तुत गरिएको छ।

**तालिका नं. १५ - पुनः प्रवेश भएका विद्यार्थीहरूको औसत प्राप्ताङ्क विवरण**


| कक्षा | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
|---|---|---|---|---|
| १ | ७०.५% | ७१.३७% | ६०.५% | ७०.८% |
| २ | ५४.५% | ५२.१२% | ४७.६२% | ६१.२५% |
| ३ | ५७.५% | ५५.७५% | ४९.७५% | ६१.२५% |
| ४ | ५४.३७% | ५५.१२% | ४८.७५% | ६०% |
| ५ | ५०% | ५०.२५% | ५१.२५% | ५४.१२% |
| जम्मा औसत | ५७.३७% | ५६.९२% | ५१.५७% | ६१.४८% |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।*

उल्लेखित विवरणमा सबै कक्षाका सबै विषयहरूको औसत प्राप्ताङ्क विश्लेषण गर्दा सबैभन्दा राम्रो औसत प्राप्ताङ्क विज्ञान विषयमा ६१.४८% र सबैभन्दा न्यून प्राप्ताङ्क

गणित विषयमा ५१.५७% मात्र देखिन्छ । बाँकी नेपाली र अङ्ग्रेजी विषयको औसत प्राप्ताङ्क भने क्रमशः ५७.३७% र ५६.९२% रहेको छ । उक्त औसत प्राप्ताङ्कलाई निम्नअनुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. १० - पुनः प्रवेश भएका विद्यार्थीहरूको औसत प्राप्ताङ्क विवरण**




स्रोत : विद्यार्थी मूल्याङ्कन अभिलेख, २०६६ ।

उल्लेखित स्तम्भचित्रमा ४० जना विद्यार्थीहरूले नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयमा पुनः प्रवेश भई परीक्षामा सामेल भई प्राप्त गरको प्राप्ताङ्कलाई देखाइएको छ । जसमा गणित विषयमा सबै कक्षाका विद्यार्थीहरू कमजोर रहेको देखिन्छ भने विज्ञान विषयमा औसत अन्य विषयभन्दा सवल रहेको पाइयो । समग्रमा सिकाइ उपलब्धिको लेखाजोखा गर्दा कक्षा १ को सिकाइ उपलब्त्रि ६८.२३% पाइयो, जुन गणित विषयको भन्दा बढी र क्रमशः नेपाली, अङ्ग्रेजी र विज्ञान विषयको औसत प्राप्ताङ्कभन्दा कम हुनुलाई कक्षा १ मा पुनः प्रवेश भएका विद्यार्थीहरूको सिकाइ उपलब्धि नियमित विद्यार्थीको भन्दा न्यून पाइयो । त्यसैगरी कक्षा २ को सिकाइ उपलब्धि ५३.८३% मात्र देखियो, जुन गणित र अङ्ग्रेजी विषयको औसत प्राप्ताङ्कभन्दा बढी र अन्य नेपाली र विज्ञान विषयको भन्दा कम देखिनुले कक्षा २ मा गणित र अङ्ग्रेजी विषयमा पुनः प्रवेश भएका विद्यार्थीहरूको सिकाइ उपलब्धि पनि न्यून नै रहेको प्रस्ट हुन्छ । त्यस्तै कक्षा ३ को सिकाइ उपलब्धि ५६.०६ रहेको पाइयो, जुन औसत सिकाइ उपलब्धि गणित, अङ्ग्रेजी र नेपाली विषयको प्राप्ताङ्कभन्दा

कमी र विज्ञान विषयको भन्दा कम देखिनुले पुनः प्रवेश भएका कक्षा ३ का विद्यार्थीहरू विज्ञान विषयको तुलनामा अन्य विषयमा कमजोर रहेको प्रस्ट हुन्छ ।

कक्षा ४ का विद्यार्थीको विषयगत सिकाइ उपलब्धिको औसत ५४.५६% देखियो । यस कक्षाको औसत उपलब्धि विज्ञान र अङ्ग्रेजीको भन्दा कम देखिनु यस कक्षामा पुनः प्रवेश भएका विद्यार्थीहरू गणित र नेपाली विषयमा अन्य २ विषयभन्दा कमजोर रहेको पाइयो ।

त्यसैगरी कक्षा ५ को औसत सिकाइ उपलब्धि ५१.४३% मात्र देखिनु विषयगत औसतभन्दा र विज्ञान विषयभन्दा कम पाइयो । यसरी हेर्दा कक्षागत रूपमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा सिकाइ उपलब्धि घट्दै गएको र विषयगत रूपमा भने तल्लो कक्षामा कमजोर प्राप्ताङ्क भएको विषय नै माथिल्लो कक्षामा पनि कमजोर हुने गरेको तथ्य उजागर रहेको पाइयो । सबै कक्षाको विषयगत औसत हेर्दा नेपाली विषयमा ५७.३७%, अङ्ग्रेजी विषयमा ५६.९२%, गणित विषयमा ५१.५७% र विज्ञान विषयमा ६१.४८% औसत उपलब्धि रहेको पाइयो । घरायसी र विद्यालयको वातावरण, परीक्षा प्रणाली, सिकाइ विधिका तौरतरिकाहरूले पनि पुनः प्रवेश भएका विद्यार्थीहरूलाई प्रभाव पारेको उनीहरूले प्राप्त गरेको प्राप्ताङ्कको विश्लेषणले प्रस्ट पार्‍यो भन्ने निष्कर्ष दिन सकिन्छ ।

## ४. ३. प्राथमिक तहमा पुनः प्रवेश गर्ने कार्यमा भोगिएका समस्याहरू

मोरङ जिल्लाको पथरी स्रोतकेन्द्रमा आबद्ध भएका ४ वटा गाविसका ४१ वटा सामुदायिक विद्यालयहरूमध्ये शोध अध्ययनका लागि छनौट भएका १० वटा विद्यालयको प्राथमिक तहमा २०६४ सालमा ७९५ जना विद्यार्थीले शैक्षिक सत्रको बीचैमा विद्यालय छाडेका थिए । विद्यालय छाडेका १९५ विद्यार्थी पुनः विद्यालय प्रवेश भएको पाइयो । विद्यालय छाडेको सङ्ख्याको २४.५२% ले मात्र पुनः विद्यालय प्रवेश हुन सक्नुबाट यो कार्यमा जटिल समस्या रहेको थाहा भयो ।

विद्यालय पुनः प्रवेश गराउन कस्ता समस्याहरू आइपरेका छन् भन्ने विषयमा अध्ययन गर्नु आवश्यक भएकोले सम्बन्धित विद्यालयका शिक्षकहरू, प्रधानाध्यापकहरू, पुनः विद्यालय प्रवेश भएका विद्यार्थीका अभिभावकसँग अन्तर्वार्ता र समूह छलफल गरिएको थियो । यस कार्यका लागि प्रत्येक विद्यालयका प्राथमिक तहमा अध्यापन गर्ने १/१ जना

शिक्षकहरू, १० जना प्रअहरू र २० जना अभिभावकहरू गरी जम्मा ४० जनासँग अन्तर्वार्ता र समूह छलफल गरी जानकारी लिइएको थियो ।

### ४. ३. १. पुनः विद्यालय प्रवेशसम्बन्धमा शिक्षकहरूले औँल्याएका समस्याहरू

प्रत्येक विद्यालयका प्राथमिक तहमा अध्यापन गर्ने र पुनः विद्यालय प्रवेश कार्यक्रममा सहभागी हुने १/१ जना शिक्षकहरूसँग छुट्टाछुट्टै रूपमा अनुसूची ११ अनुसारका प्रश्नावलीका आधारमा अन्तर्वाता लिइएको थियो । उक्त अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार पुनः प्रवेशमा निम्न समस्याहरू रहेको पाइयो । पुनः प्रवेश गराउनुपर्ने विद्यार्थीको पारिवारिक आर्थिक अवस्था कमजोर रहेकोले उनीहरूको आर्थिक स्तर वृद्धि गर्नुपर्ने समस्या रहेको थाहा भयो । अन्तर्वार्तामा सहभागी १० जना (१००%) शिक्षकहरू यस धारणामा एकमत भएको पाइयो । विद्यालय छाडेर बालश्रमिकका रूपमा काम गर्ने बढी बालबालिका रहेकोले उनीहरूलाई पुनः विद्यालय फर्काउन समस्या रहेको जानकारी प्राप्त भयो । बालश्रमका बारेमा बढी केन्द्रित हुने ६ जना (६०%) शिक्षक थिए भने ४ जना (४०%) शिक्षकले गौण रूपमा उठाएको पाइयो ।

प्रायः अभिभावक अशिक्षित र कुलतमा फसेकाले आफ्ना बालबालिकालाई घरको सानोतिनो काममा लगाएको कारण घरधन्दाको सहयोगमा अवरोध पुग्ने धारणा ७ जना ( ७०%) शिक्षकले राखेको पाइयो भने पढाइको महत्व नबुझेर पुनः प्रवेशमा चासो नराख्ने अभिभावकको धारणा ३ जना (३०%) शिक्षकले राखेका थिए । विद्यालय (निमावि) टाढा पठाउनुपर्छ, त्यसैले समयमै विद्यालय छोडाएर राख्ने गरेको धारणा पनि प्रायः सबै शिक्षकले अन्तर्वार्तामा उठाएको पाइयो । प्रायः दलित परिवारका छोराछोरी छात्रवृत्ति पाउने आशाले नजिकका धेरै विद्यालयमा नाम लेखाउने र छात्रवृत्तिको समयमा रकम बुझ्न आउने तर निश्चित एक ठाउँमा मात्र पढ्ने गरेको समस्या पनि सबै शिक्षकले उठाएको पाइयो । पुनः प्रवेश हुन चाहने विद्यार्थी कक्षागत उमेरभन्दा बढी उमेर भएकोले विद्यालय छाडेको धारणा पनि ४०% (४ जना) शिक्षकले उठाएको पाइयो भने विद्यालयले उचित शैक्षिक वातावरण दिन नसकेको धारणा ६०% (६ जना) शिक्षकले उठाएका थिए ।

खराब सङ्गत र राजनीतिक द्वन्द्वका कारण अभिभावक विद्यालय छाडेर बसेका विद्यार्थी पुनः विद्यालय पढाउन नचाहेको धारणासमेत अन्तर्वार्ताका क्रममा शिक्षकहरूले उठाएको पाइयो । विद्यालय बढी बिदा हुने, हडताल बढी हुने, विद्यालय पनि जाने घरको

काम पनि नहुने भएकोले घरको काममा पोख्त बनाउन विद्यार्थी पुनः विद्यालय नपठाउने गरेको समस्या समेत अन्तर्वार्ताका सहभागी शिक्षकहरूले उठाएको पाइयो । विद्यालयमा राजनीतिक हस्तक्षेप बढी हुने, शिक्षकको दरबन्दी कम हुने, विद्यालयको भौतिक पक्ष कमजोर रहने आदि कारण पनि पुनः विद्यालय प्रवेशका लागि समस्या बनेको धारणा सबै शिक्षकले स्वीकार गरेको पाइयो । यसर्थ शिक्षकहरूले मुख्य गरी पुनः प्रवेशमा देखापरेका समस्याहरूमा पारिवारिक आर्थिक अवस्था, बालश्रमिक, कुलत, विद्यालयको शैक्षिक र भौतिक पक्ष, राजनीतिक हस्तक्षेप, दोहोरो भर्ना जस्ता विषयहरू समस्याको रूपमा औँल्याएको पाइयो ।

## ४. ३. २. प्रधानाध्यापकहरूले औँल्याएका समस्याहरू

पथरी स्रोतकेन्द्रमा आबद्ध ४१ वटा सामुदायिक विद्यालयमध्ये छनौटमा परेका ३ उमावि, ३ निमावि र ४ प्राविका जम्मा १० विद्यालयका प्रधानाध्यापकहरूबीच विद्यालय छाडेर पुनः विद्यालय प्रवेश गराउन परेका समस्याहरूको बारेमा सामूहिक छलफल चलाइएको थियो । उक्त छलफलमा अनुसूची ८ अनुसारका प्रश्नहरू प्रयोग गरिएको थियो । त्यस कार्यक्रममा सहभागीहरूले निम्न समस्याहरू औँल्याएका थिए ।

धेरैजसो विद्यालय छाड्ने विद्यार्थीहरूले घरायसी आर्थिक अवस्था विपन्न रहेकोले आर्थिक अवस्था उकास्ने कार्य समस्यामूलक रहेको पाइयो । लैङ्गिक विभेदको परम्परागत सोचले पनि प्रायः छात्राहरूलाई पुनः प्रवेशमा समस्या भएको सामूहिक छलफलमा सहभागी ५०% प्रधानाध्यापकले आफ्नो धारणा व्यक्त गरेको पाइयो भने ५०% ले अशिक्षा र पुरानो चिन्तनबाट ग्रसित समस्या उठान गरेको पाइयो । विद्यालय छाडेका विद्यार्थी पढाइमा कमजोर हुने र परीक्षामा असफल हुने डरले पनि त्यस्ता विद्यार्थीलाई पुनः विद्यालय प्रवेश गराउन समस्या हुने गरेको सहभागी सबै प्रधानाध्यापकको धारणा पाइयो । परीक्षा प्रणाली वैज्ञानिक र व्यावहारिक नभएको वर्तमान अवस्थाले पनि पुनः विद्यालय प्रवेशमा समस्या गराएको ८०% प्रधानाध्यापकले उठाएको पाइयो भने बाँकी २०% ले विद्यार्थीले आफूले चाहेको विषयवस्तु नपाएर पनि विद्यालय छाडेको कारणले पुनः प्रवेशमा समस्या हुने गरेको धारणा औँल्याएका थिए ।

सामूहिक छलफलका क्रममा सहपाठी र शिक्षकहरूको व्यवहारका कारण विद्यालय छाडेका विद्यार्थीलाई पुनः प्रवेश गराउन सहपाठी र शिक्षकको व्यवहारमा परिवर्तन ल्याउन

समेत समस्या रहेको सहभागी प्रधानाध्यापकहरूको एकमत रहेको पाइयो । कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थीहरू विद्यालय बढी बीचैमा छाड्ने गरेका र तिनलाई पुनः विद्यालय प्रवेश गराउन समस्या भएको धारणा ६०% प्रधानाध्यापकहरूले व्यक्त गरे भने यो उमेरका कारण मात्र पूर्ण होइन भन्ने ४०% प्रधानाध्यापकहरूको धारणा पाइयो । सामूहिक प्रधानाध्यापकहरूको छलफलमा अस्थिर बसोबास र बसाइँ सराइ समस्या पनि पुनः प्रवेशको मुख्य समस्या रहेको विचार पनि ३०% ले व्यक्त गरेको पाइयो भने बसाइँ सराइको कारण गौण समस्या हो भन्ने राय पनि सामूहिक छलफलमा औँल्याइएको थियो । विद्यालयलाई समाहित, समावेशी, बालमैत्री बनाउन नसक्नु पनि पुनः विद्यालय प्रवेशमा समस्या भएको राय सहभागी सबैले व्यक्त गरेको पाइयो । व्यावसायिक शिक्षा र अङ्ग्रेजी भाषाप्रति आकर्षण बढ्नु तथा मातृभाषामा पढाइ नहुनुका समस्याहरू पनि प्रमुख रूपमा उठान गरिएको पाइयो । विद्यालयको शैक्षिक समस्या र विद्यार्थीहरूको मनोवैज्ञानिक समस्या, सामाजिक समस्याहरू नै पुनः प्रवेशका बाधक रहेको कुरा प्रअहरूले औँल्याएको पाइयो ।

### ४. ३. ३. अभिभावकहरूले औँल्याएका समस्याहरू

पथरी स्रोतकेन्द्रका ४१ सामुदायिक विद्यालयमध्ये छनौटमा परेका १० विद्यालयका विद्यालय छाडेर पुनः विद्यालय प्रवेश गरेका १९५ जना विद्यार्थीमध्ये नमूना छनौटमा परेका ४० विद्यार्थी (१६ छात्रा र २४ छात्र) मध्येका अभिभावक २० जनालाई अन्तर्वार्तामा सहभागी गराइएको थियो । अनुसूची १० अनुसारका प्रश्नका आधारमा उनीहरूसँग अन्तर्वार्ता लिइएको थियो । उक्त अन्तर्वार्तामा अभिभावकहरूले औँल्याएका समस्याहरू निम्नअनुसार पाइयो ।

सन्तान बढी भएका कारण सबै छोराछोरीलाई दोहोऱ्याएर विद्यालय पढाउन नसकेको समस्या अन्तर्वार्तामा सहभागी ५ जना (२५%) अभिभावकले आफ्नो धारणा राखेका थिए भने १० जना अभिभावकले आर्थिक समस्याले पुनः विद्यालय प्रवेश नगराएको राय व्यक्त गरे । ५ जनाले घरको रेखदेख गर्ने मानिसको अभावले विद्यालय छाडेको र पुनः प्रवेश नभएको धारणा राखेको पाइयो । विद्यार्थी विद्यालय जान मन नगरेर पुनः विद्यालय नपठाएको धारणा ४ जना (२०%) अभिभावकले राखेका थिए भने आमाबाबु अशक्त भएकोले घरमा काम गर्न र भाइबहिनीको हेरचाह गर्न विद्यालय छाडेर बसेका

बालबालिकालाई पुनः विद्यालय नपठाएको धारणा १० जना (५०%) अभिभावकले राखेको पाइयो ।

साथीको सङ्गतमा विद्यालयबाट भाग्ने र लामो समयपछि विद्यालय छाडेर अर्काको घरमा काम गर्न बसेका र शिक्षकहरूको सरसल्लाहबाट पुनः विद्यालय प्रवेश गराएको धारणासमेत अन्तर्वार्तामा सहभागी २ जना अभिभावकले राय दिएका थिए । घरायसी समस्याले गर्दा पुनः प्रवेश नगराएको धारणा १० जना अभिभावकले आफ्नो विचार व्यक्त गरेका थिए भने बाँकी ५ जना अभिभावकले आयआर्जनका लागि बालश्रममा बसेको विचार व्यक्त गरे । भाषाको समस्याले पढाइ नबुझेर विद्यालय छाडेको धारणा जनजाति अभिभावकले राखेका थिए भने उमेर बढी भएर पढ्न नमानेको धारणा दलित अभिभावकले व्यक्त गरेका थिए । आफू घरमा नभएको र घरमा आमाले विद्यालय नपठाएको एक आदिवासी अभिभावकले बताएका थिए । समयमा पाठ्यपुस्तक, छात्रवृत्ति र अन्य सहयोगका सामान उपलब्ध नहुने कारणसमेत सहभागी अभिभावकले समस्या राखेका थिए ।

परम्परागत सोच र पुर्ख्यौली सोचका कारण छोरीलाई विद्यालय छाड्न बाध्य पारेको र पछि सो सोचमा परिवर्तन आई पुनः प्रवेश भएको विचार पनि २ जना अभिभावकले बताए भने बसाइँ सराइ, राजनीतिक द्वन्द्व आदिको कारण पनि समस्या बनेको धारणासमेत व्यक्त भएको थियो । परीक्षा प्रणाली, विद्यालय व्यवस्थापन, भौतिक स्रोत र साधनको अभाव, स्टेशनरी सामानको अभाव पनि विद्यालय छोडाइका कारण रहेको अन्तर्वार्तामा सहभागी अभिभावकबाट जानकारी प्राप्त भयो । विद्यालयमा भाषागत समस्या तथा गणित विषयमा विद्यार्थी चाख नदिने कारणले विद्यालयमा दिइएको गृहकार्य गर्न मन नगर्ने र विद्यालय जान मन नगरी विद्यालय छाड्ने प्रवृत्ति बढ्दै गएको समस्या ७०% अभिभावकले राखे भने ३०% अभिभावकले घरमा पनि विद्यालयको कार्यमा सहयोग गर्ने गरेकाले भाषाको समस्या र गणित विषयमा खासै समस्या होइन भन्ने धारणा व्यक्त गरिएको पाइयो । विद्यालयमा मनोरञ्जन सामानको अभाव र अतिरिक्त कार्यक्रमले विद्यार्थी आकर्षण नगरेको धारणा समेत ४०% सहभागीले उठाएका थिए भने विद्यालय परिवारको व्यवहारलाई दोष लगाउने ३०% अभिभावक थिए । बाँकी ३०% ले आफ्नो र आफ्ना बालबालिकाको व्यवहारको कारण विद्यालय छाड्ने गरेको धारणा राखेका थिए ।

यसरी समग्रमा पुनः प्रवेशमा देखिएका समस्याहरूका रूपमा आर्थिक अवस्था, पारिवारिक सङ्ख्या बढी, सङ्गत, भाषाको समस्या, परम्परागत सोच, परीक्षा प्रणाली, विषयगत र व्यावसायिक शिक्षाको कमी, मनोरञ्जन र खेलकुदका सामानको अभाव आदि कारणले विद्यालय पुनः प्रवेशमा समस्याहरू औंल्याइएको पाइयो ।

## ४. ४. पुनः विद्यालय प्रवेश गराउने निकायहरू र तिनले गर्ने सहयोग

पथरी स्रोतकेन्द्रमा रही छनौटमा परेका १० विद्यालयमा अध्ययनका लागि भर्ना भई बीचैमा विद्यालय छाडेका विद्यार्थीहरूलाई पुनः विद्यालय फर्काउने कार्य समस्यामूलक भए तापनि यस कार्यमा सहयोग गर्ने निकायबारे पनि शोध अध्ययन गरिएको थियो । यस स्रोतकेन्द्रका १० वटा विद्यालयका प्राथमिक तहमा २०६४ सालमा विद्यालय छाडी पुनः २०६५ सालमा पुनः विद्यालय प्रवेश भएका १९५ जना विद्यार्थीमध्ये २०% (४० जना) लाई छनौट गरी अन्तर्वार्तामा सरिक गराइएको थियो । त्यस्तै १०% (२० जना) अभिभावकलाई पूरक प्रश्न राखी पुनः प्रवेशबारे थप जानकारी लिइएको थियो ।

### ४. ४. १. अभिभावबाट प्राप्त जानकारीहरू

प्रस्तुत शोध अध्ययनको शीर्षकमा थप जानकारी लिन छनौटमा परेका अभिभावक हरूसँग प्रत्यक्ष भेटघाट र अन्तर्वार्ता लिइएको थियो । अनुसूची १० बमोजिमका प्रश्नका आधारमा गरिएको भेटघाट र अन्तर्वार्ताबाट पुनः प्रवेशबारे निम्न जानकारी प्राप्त भएको थियो ।

२०६३ सालमा यस यस स्रोतकेन्द्रमा PSDC कार्यक्रम सञ्चालन भएको र त्यसबाट प्रभावित भई छोराछोरीलाई पुनः विद्यालय फर्काउन सकिएको १२ जना (६०%) अभिभावकले जानकारी गराएका थिए भने बाँकी ८ जना (४०%) अभिभावकले PSDC को कार्यक्रमबारे भन्दा पनि अन्य कारण उल्लेख गरेका थिए । सम्बन्धित विद्यालयका शिक्षकहरूले पुनः प्रवेश गर्न सरसल्लाह दिएको ५०% (२० जना) अभिभावकले जानकारी गराएका थिए भने स्थानीय छरछिमेकको सरसल्लाहमा पुनः प्रवेश गराइएको ४०% (८ जना) अभिभावकले जानकारी गराएका थिए । त्यस्तै स्थानीय बालक्लवको सहयोगमा पुनः विद्यालय प्रवेश गराएको १०% अभिभावकले जानकारी दिएका थिए ।

पुनः प्रवेशमा प्लान नेपाल, वन उपभोक्ता समिति र गाविसले विपन्न वर्गका लागि छोराछोरी विद्यालय पढाउन आर्थिक र जिन्सी सहयोग पुऱ्याएर पुनः प्रवेशमा सहयोग पुऱ्याएको जानकारी ६०% अभिभावकले दिएका थिए । बाँकी ४०% अभिभावकले गैर सरकारी संस्थाले स्टेशनरी सामानसहित प्रेरित गरेको जानकारी दिएका थिए ।

बालअधिकारकर्मीले विद्यालय पुनः प्रवेश गर्न दबाब तथा अनुरोध गरेको जानकारी ३०% अभिभावकले दिएका थिए भने स्थानीय बालक्लवका बालसमितिले विद्यालय पुनः

प्रवेश गर्न दबाब दिएको जानकारी २०% अभिभावकले जानकारी दिएका थिए । त्यस्तै विद्यालयका प्रअ, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारीहरू र विद्यार्थीहरूको विद्यालय भर्ना अभियान कार्यक्रमबाट प्रभावित भई पुनः विद्यालयमा प्रवेश गराएको ५०% अभिभावकले जानकारी दिएका थिए ।

### ४. ४. २. विद्यार्थीहरूबाट प्राप्त जानकारी

यो शोध अध्ययनका लागि छनौट गरिएका ४० जना पुनः प्रवेश भएका विद्यार्थीहरूसँग अनुसूची १० अनुसारको अन्तर्वार्ता प्रश्नावली खाकाका आधारमा जानकारी लिइएको थियो । छनौटमा परेका विद्यार्थीहरूलाई छुट्टाछुट्टै रूपमा अन्तर्वार्ता लिई जानकारी लिइएको थियो, जुन निम्नअनुसार छन् ।

PSDC कार्यक्रमका उत्प्रेरकको प्रेरणाबाट पुनः प्रवेश हुन प्रेरित भएको जानकारी अन्तर्वार्तामा सहभागी ७०% विद्यार्थीहरूले दिएका थिए भने बाँकी ३०% ले आफूलाई पुनः पढ्न मन लागेर पुनः विद्यालय प्रवेश भएको जानकारी दिएका थिए । विद्यार्थी भर्ना अभियानमा विद्यार्थीहरू, शिक्षकहरू, प्रअसमेत संलग्न भई परिवारसँग अनुरोध गरेका कारण पुनः प्रवेश भएको जानकारी ५०% (२० जना) विद्यार्थीले बताएका थिए भने बाँकीले अन्य कारणहरू उल्लेख गरेका थिए । बालक्लव तथा मानवअधिकारकर्मीहरूको दबाबमा परिवारले पुनः प्रवेश गराउन मदत पुगेको जानकारी १० जना (२५%) विद्यार्थीले जानकारी दिएका थिए । प्लान नेपाल, गाविस र वन उपभोक्ता समितिले आर्थिक सहयोग दिई पुनः प्रवेशमा सहयोग पुऱ्याएको जानकारी पनि अन्तर्वार्तामा सहभागी प्रायः सबैले दिएका थिए ।

छिमेकी र आफन्तले पुनः विद्यालय प्रवेश गर्न प्रेरित गरेको बताउने अन्तर्वार्तामा सहभागी ५ विद्यार्थी थिए । साथी, दौँतरीहरूको सल्लाह अनुसार पुनः विद्यालय प्रवेश भएको जानकारी ३ जना विद्यार्थीले दिएका थिए । आफ्नै अभिभावकले पुनः प्रवेश गराइदिएको जानकारी ७ जना विद्यार्थीले दिएका थिए । समग्रमा अभिभावक र विद्यार्थीसँग अनुसूची ६ (क) र (ख) अनुसारका प्रश्नबाट लिइएको अन्तर्वार्ताका आधारमा प्राप्त जानकारीलाई विश्लेषण गर्दा विद्यालय पुनः प्रवेश गराउनका लागि प्रयास गर्ने निकायहरू निम्नअनुसार रहेको पाइयो :

क) PSDC कार्यक्रम ख) विद्यालय

ग)	गाविस	घ)	सामाजिक संघसंस्था

ङ)	बालक्लवहरू	४९	ठी साथीहरू

छ)	आफन्त र छिमेकीहरू	ज)	वन उपभोक्ता समिति ।

उपर्युक्त निकायहरूले पुनः प्रवेश गर्न निम्नअनुसारको कार्य गरेको समेत अध्ययनका क्रममा सहभागी भएका शिक्षकहरू, अभिभावकहरू र प्रअहरूको छलफलबाट जानकारी प्राप्त भयो ।

विद्यालय छाडेर बसेका विद्यार्थीलाई प्रत्यक्ष भेटघाट गरी उनीहरूका समस्या बुझ्ने र पुनः विद्यालय प्रवेशका लागि सम्झाइबुझाइ गरेको । आर्थिक कारणले विद्यालय छाडेका परिवारका विद्यार्थीहरूलाई पोसाक, शैक्षिक सामग्रीहरू उपलब्ध गराई विद्यालय पुनः प्रवेशमा प्रेरणा दिएको । अभिभावकसँग प्रत्यक्ष भेटघाट गरी विद्यालय छाडेका बालबालिकालाई पुनः विद्यालय प्रवेशका लागि अनुरोध गरेको । घरेलु श्रमिकका रूपमा रहेका विद्यार्थीलाई संरक्षकसँग विद्यालयमा पुनः फर्काउन दबाबमूलक कार्यसमेत गरिएको ।

विद्यालयको शैक्षिक र भौतिक वातावरण सुधार गर्न र पुनः प्रवेशको मार्ग प्रसस्त गर्न व्यवस्थापनसँग छलफल भएको । जनचेतना जगाउने कार्यमा बालक्लव र मानव अधिकारकर्मीहरूबाट समेत पुनः विद्यालय प्रवेश गराउन दबाबमूलक कार्य गरेको ।

## ४. ५. पुनः विद्यालय प्रवेशका लागि गर्नुपर्ने उपायहरू

पुनः विद्यालय प्रवेश गर्ने विद्यार्थीहरूको सिकाइ उपलब्धि सम्बन्धमा अध्ययन गर्ने सन्दर्भमा विद्यालय बीचैमा छाड्ने प्रवृत्ति रोक्न सकेमा मात्र पुनः प्रवेशमा आइपरेका समस्याहरू समाधान हुने हुँदा बीचैमा विद्यालय छाड्ने प्रवृत्ति रोक्नका लागि केके गर्नुपर्छ भनी अध्ययन गरिएको थियो । उक्त शोध अध्ययनका लागि मोरङ जिल्ला पथरी स्रोतकेन्द्रमा आबद्ध ४१ सामुदायिक विद्यालयमध्ये यादृच्छिक नमूना छनौट विधिबाट १० वटा विद्यालय (३ उमावि, ३ निमावि र ४ प्रावि) का प्रअहरू छनौट गरी अन्तर्वार्ता प्रश्नावली र समूह छलफलबाट जानकारी लिइएको थियो । उक्त छलफल कार्यक्रममा १० जना सम्बन्धित छनौटमा परेका विद्यालयका विषय शिक्षक र अभिभावक २० जनालाई समेत सहभागी गराइएको थियो । उक्त अन्तर्वार्ता र समूह छलफलबाट निम्न उपाय अवलम्बन गर्नुपर्ने निष्कर्ष पाइयो ।

### ४. ५. १. विद्यालयमा अध्यापन गर्ने शिक्षकहरूबाट प्राप्त जानकारीहरू

विद्यालय बीचैमा छाड्ने प्रवृत्ति रोक्न र बीचैमा विद्यालय छाडेका विद्यार्थीहरूलाई पुनः विद्यालय फर्काइ उनीहरूको सिकाइ उपलब्धि उच्च राख्न अनुसूची ११ का प्रश्नका उत्तरबाट निम्न उपाय अवलम्बन गर्नुपर्ने जानकारी प्राप्त भयो ।

विपन्न परिवारका अभिभावकका लागि आयआर्जन कार्यक्रम सञ्चालन गरिनुपर्ने । समयमै निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दलित छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने । गैरसरकारी संस्थाहरूलाई पुनः प्रवेश भएका विद्यार्थीहरूका लागि आकर्षक सुविधा दिन प्रेरित गर्नुपर्ने । समाहित शिक्षा, बालमैत्री विद्यालयजस्ता कार्यक्रम अझ प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नुपर्छ । PSDC कार्यक्रमलाई निरन्तरता दिनुपर्छ । विद्यालयलाई राजनीतिक हस्तक्षेपमुक्त क्षेत्र बनाइनुपर्छ । विद्यालयमा मातृभाषा र इच्छाधीन विषयका साथै सङ्गीत, खेलकुद, वाद्यवादनहरूको समेत व्यवस्था गर्नुपर्छ । जिल्ला शिक्षा योजना, गाउँ शिक्षा याजना, गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग विभिन्न प्रकारका छात्रवृत्ति र आयआर्जन सीप विकास कार्यक्रममा सहकार्य सशक्त गरिनुपर्छ । बालक्लव र मानवअधिकारकर्मीहरूलाई सशक्त बनाउन सामाजिक र राजनीतिक हस्तक्षेप गरिनु हुँदैन र हालसम्म भएका यस्ता कार्यक्रमलाई विस्तृत रूपमा विस्तार गर्दै जानुपर्छ ।

### ४. ५. २. अभिभावकहरूबाट उल्लेख भएका उपायहरू

छलफलका क्रममा विद्यालय छाडेर बसेका विद्यार्थीहरूलाई पुनः प्रवेश गर्न के कस्ता उपाय अपनाउन सकिन्छ भनी अनुसूची १० (क) अनुसारका प्रश्नमा अभिभावकबाट उठान गरेका उपायहरू निम्नअनुसार पाइयो ।

विद्यालय पुनः प्रवेश भएका विद्यार्थीहरूलाई विशेष आर्थिक छात्रवृत्तिको व्यवस्था गर्नुपर्छ । दलित समूदायका विद्यार्थीबाहेक आर्थिक अवस्था न्यून भएका अभिभावकका विद्यार्थीलाई समेत छात्रवृत्तिको व्यवस्था गरिनुपर्छ । विद्यालयको शैक्षिक र भौतिक व्यवस्थापनमात्र नभई मनोवैज्ञानिक पक्षमा पनि ध्यान दिइनुपर्छ । मातृभाषामा समेत शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइनुपर्छ ।

विद्यालयले खेतीको समय (जेठ, असार, कार्तिक र मङ्सिर महिना) मा बिदाको व्यवस्था गर्नुपर्छ । रोजगारीको ग्यारेन्टी गरिनुपर्छ । जेहन्दार विद्यार्थीहरूका लागि विशेष

व्यवस्था गर्नुपर्छ । व्यावहारिक शिक्षामा जोड दिनुपर्छ । निःशुल्क पाठ्यपुस्तक समयमै उपलब्ध गरिनुपर्छ । पुनः प्रवेशमा ध्यान दिने अभिभावकलाई कदर तथा पुरस्कारको व्यवस्था दिने कार्य थालनी गर्नुपर्छ । शिक्षकको व्यवहार पनि परिवर्तन गरिनुपर्छ, आदि ।

### ४. ५. ३. प्रधानाध्यापकहरूले उल्लेख गरेका उपायहरू

मौसमी विद्यालयको व्यवस्था गर्दा राम्रो हुन्छ । माथिल्लो कक्षामा जान मन गर्ने विद्यार्थीलाई तल्लो कक्षामा रोक्नु हुन्न । धेरै सन्तान भएका अभिभावकलाई आर्थिक आयआर्जनको कार्यक्रममा अनिवार्य सहभागी गरिनुपर्छ । छात्रवृत्तिको दायरा फराकिलो बनाइनुपर्छ । गरिब विद्यार्थीहरूका लागि अध्ययन कोषको व्यवस्था गरिनुपर्छ ।

विद्यालयमा प्रसस्त शिक्षक दरबन्दीको व्यवस्था गर्नुपर्छ । पढाइमा कमजोर विद्यार्थीहरूलाई गाउँ, टोलमा सामुहिक अध्ययनको व्यवस्था गरिनुपर्छ । PSDC कार्यक्रमलाई निरन्तरता दिनुपर्छ । बालक्लव र अधिकारकर्मीहरूलाई अभिभावकहरूसँग प्रत्यक्ष भेटघाटको व्यवस्था मिलाउनुपर्छ । स्थानीय निकाय र विद्यालय व्यवस्थापनले पुनः प्रवेश भएका बालबालिकाहरूका अभिभावकहरूसँग २/२ महिनामा अन्तर्क्रिया कार्यक्रमको व्यवस्था मिलाउनुपर्छ । यसरी माथि उल्लेख गरिएका उपायहरू शिक्षक, अभिभावक र प्रअबाट पुनः प्रवेशमा देखिएका समस्याहरू समाधान गर्न सकिने विचार अध्ययनका क्रममा पाइयो ।

### ४. ५. ४. अभिभावक, शिक्षक र प्रअहरूसँगको सामूहिक छलफल

विद्यालय छोडाइ र पुनः प्रवेशलाई प्रभावकारी बनाउनका लागि अवलम्बन गरिनुपर्ने उपायका सम्बन्धमा शिक्षकहरू, अभिभावकहरू र प्रअहरूसँग छुट्टाछुट्टै अन्तर्वार्ता लिई प्राप्त जानकारीका आधारमा २०६६ चैत २४ गते पञ्चायत उच्च मावि पथरीमा सामूहिक छलफल कार्यक्रम चलाइएको थियो । अनुसूची ८ अनुसारका प्रश्नको आधारमा सञ्चालित उक्त सामूहिक छलफलबाट निम्न निष्कर्ष पाइयो ।

PSDC कार्यक्रमको निरन्तरता र कार्यान्वयनमा जोड दिइएको थियो । EFA अन्तर्गतका कार्यक्रमहरूको कार्यान्वयन । गा.शि.यो. र वि.सु.यो. को एकीकृत योजना निर्माण । स्थानीय निकाय, सरकारी र गैरसरकारी संस्थाका कार्यक्रमलाई सशक्त ढङ्गबाट परिचालन कार्यक्रम । बालक्लव, अधिकारकर्मीहरूले सञ्चालन गरेका कार्यक्रमहरूको

सहयोग र कार्यान्वयन । छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, स्टेशनरी सामानहरूको प्रभावकारी वितरण । आयआर्जन कार्यक्रमलाई निरन्तर र कार्यान्वयन प्रभावकारी ढङ्गले गरिनुपर्ने । विद्यालय भर्ना अभियानमा अभिभावक, शिक्षक तथा पुनः प्रवेश भएका विद्यार्थीसमेत सहभागी बनाउनुपर्ने ।

उपर्युक्त छलफलबाट विद्यालय पुनः प्रवेशका विद्यार्थीको सिकाइ उपलब्धि उच्च राख्न र विद्यालय छाड्ने दर कम गर्न विभिन्न निकाय र संघसंस्थाले उल्लेख्य भूमिका निर्वाह गर्दै आएको भए तापनि एकीकृत योजनाको निर्माणको अभावमा उक्त कार्य प्रभावकारी बन्न नसकेको गुनासो समेत छलफलमा उठाइएको पाइयो ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५. १. प्राप्ति

विद्यालय जाने उमेर पुगेका सम्पूर्ण बालबालिकाहरूले आधारभूत प्राथमिक शिक्षा प्राप्त गरुन् भन्ने उद्देश्यले 'सबैका लागि शिक्षा' भन्ने नारा तय गरिएको हो । यसको अर्थ एकपटक विद्यालयमा प्रवेश गर्नुमात्र नभएर कुनै तहमा भर्ना भएपछि नियमित अध्ययन गरी त्यो तह पूरा गर्नुपर्छ भन्ने सोच पनि प्रमुख अवधारणा रहेको हो । तर विद्यालय बीचैमा छाड्ने प्रवृत्ति पनि कायमै छ । यसलाई शैक्षिक क्षति भनिन्छ । शैक्षिक तथ्याङ्क Flash Report, 2008 अनुसार कक्षा १-५ सम्मको विद्यालय छाड्ने दर १५% रहेको छ । विद्यालय छाड्ने प्रवृत्ति कम गर्नका लागि एकपटक विद्यालय प्रवेश भई छाडेका विद्यार्थीहरूलाई पुनः प्रवेश गराउनुपर्ने हुन्छ । पुनः प्रवेश गराउने कार्य समस्यामूलक पनि हो । यस कार्यका लागि सम्बन्धित सरोकारवालाहरूको भूमिकाको पनि उत्तिकै आवश्यकता पर्दछ । पुनः विद्यालय प्रवेश हुने विद्यार्थीको अवस्था (जातिगत, उमेरगत, कक्षागत, लैङ्गिक) कस्तो छ ? उनीहरूको सिकाइको विश्लेषण, उनीहरूलाई पुनः प्रवेश गर्न भोग्नुपरेका समस्या, समस्या समाधानका उपायको खोजी आदिमा यो शोध अध्ययन गर्ने प्रयत्न गरिएको थियो । मोरङ जिल्लाको पथरी स्रोतकेन्द्रमा विद्यालय छाड्ने प्रवृत्ति बढी रहेको पाइएकोले शोध अध्ययनका लागि यस स्रोतकेन्द्रलाई चयन गरिएको थियो । शोध अध्ययनका क्रममा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूका अभिभावक, शिक्षकहरू, प्रधानाध्यापक र विद्यार्थीहरूलाई अन्तर्वार्ता, समूह छलफल, सर्वेक्षण र तथ्याङ्कका आधारमा प्राप्त भएका सूचना एवम् जानकारीका आधारमा निम्न सारांश निकालिएको छ ।

पथरी स्रोतकेन्द्रमा ४१ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका र तीमध्ये १० वटा विद्यालयहरूलाई यादृच्छिक नमूना विधिबाट छनौट गरिएको थियो । त्यसमध्ये ३ वटा उच्च मावि, ३ वटा निमावि र ४ वटा प्राविका १-५ कक्षालाई मात्र शोध अध्ययनको प्रमुख पक्ष मानिएको थियो । यसरी छनौटमा परेका विद्यालयमा २०६४ मा अध्ययन गर्ने जम्मा सङ्ख्या, सोही वर्षमा विद्यालय छाड्ने सङ्ख्याको स्थलगत सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यस्तै २०६४ सालमा विद्यालय छाडेर २०६५ सालमा पुनः प्रवेश भएका विद्यार्थीहरूको सङ्ख्या पनि सङ्कलन गरियो । यसरी सङ्कलित तथ्याङ्कमा २०६४

सालमा अध्ययनका लागि जम्मा विद्यार्थी सङ्ख्या ३३३५ जना रहेको पाइयो भने ७९५ जना (२३.८३%) ले बीचैमा विद्यालय छाडेको पाइयो । त्यसरी बीचैमा विद्यालय छाडेका मध्ये २०६५ सालमा १९५ जना (२४.२५%) ले मात्र पुनः विद्यालय प्रवेश गरेको पाइयो ।

छनौटमा परेका विद्यालयमा कक्षा पुनः प्रवेश गर्नेमा कक्षा १ मा सबैभन्दा बढी ६९ जना (३५%) ले पुनः प्रवेश गरेको पाइयो भने कक्षा २, ३, ४ र ५ मा क्रमशः ४८ जना (२५%), ३४ जना (१७%), २७ जना (१४%) र १७ जना (९%) ले मात्र विद्यालय पुनः प्रवेश गरेको पाइयो । यसबाट तल्लो कक्षामा पुनः प्रवेश गराउन सहज र माथिल्लो कक्षामा कठिन हुनेगरेको प्रस्ट भयो ।

ती विद्यालयहरूमा पुनः प्रवेश भएका जम्मा १९५ जना विद्यार्थीहरूमध्ये छात्र १२२ (६२.५६%) र छात्रा ७३ जना (३७.४४%) देखियो । यसबाट के प्रस्ट हुन्छ भने पुनः प्रवेशमा छात्रलाई भन्दा छात्रालाई कठिन अवस्था रहेको पाइयो ।

जातिगत आधारमा पनि पुनः प्रवेश गर्ने विद्यार्थीहरूको सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको थियो, जसमा १९५ जनाले पुनः प्रवेश पाएकोमा दलित विद्यार्थीहरू २१ छात्र र १४ छात्रा गरी जम्मा ३५ जना (१७.९%) ले पुनः प्रवेश पाएको पाइयो । जनजाति विद्यार्थीहरू ३७ छात्र र २१ छात्रा गरी जम्मा ५८ जना (२९.७%), आदिवासी विद्यार्थीहरू ३४ छात्र र २३ छात्रा गरी जम्मा ५७ जना (२९.२%) ले पुनः प्रवेश पाएको पाइयो । यस क्षेत्रमा जनजातिहरूको बसोबास बढी भएकोले पुनः प्रवेशमा पनि जनजाति विद्यार्थी सङ्ख्या नै बढी रहेको पाइयो ।

शोध अध्ययनका क्रममा उमेरगत आधारमा विद्यालय पुनः प्रवेशको समेत तथ्याङ्क सङ्कलन गरिएको थियो, जसमा १९५ जना विद्यार्थीमध्ये कक्षागत उमेर सङ्ख्या १३६ जना (६९.७%) र कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थीको सङ्ख्या ५९ जना (३०.३%) रहेको पाइयो । यसबाट बढी उमेर भएका विद्यार्थीहरूलाई पुनः प्रवेश गर्न कठिन हुने गरेको थाहा पाइयो ।

विद्यालय कार्यक्रममा सहभागिता, नियमितता, कक्षाकार्य र गृहकार्यका बारेमा पनि शोध अध्ययनलाई अगाडि बढाइएको थियो । यस कार्यका लागि पुनः प्रवेश भएका १९५ जनामध्ये १२९ जना नियमित विद्यालय आउने गरेको जानकारी प्राप्त भयो । कक्षाकार्य र गृहकार्य गर्नेहरू प्रायः १२८ मात्र पाइयो भने विद्यालयको नियम पालना गर्नेको सङ्ख्या १०८ जना (५५.४%) ले मात्र गरेको

पुनः विद्यालय प्रवेश गरेका विद्यार्थीहरूको सिकाइउपलब्धिलाई पनि मूल्याङ्कन अभिलेखबाट अध्ययन गरिएको थियो, जसमा नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयमा प्राप्त प्राप्ताङ्कको विश्लेषण गरियो । जसमा सबैभन्दा कम प्राप्ताङ्क गणित विषयमा ५१.५७% र सबैभन्दा बढी औसत प्राप्ताङ्क विज्ञान विषयमा ६१.४८% रहेको पाइयो । नेपाली र अङ्ग्रेजी विषयको औसत प्राप्ताङ्क भने क्रमशः ५७.३७% र ५६.९२% रहेको जानकारी प्राप्त भयो । सिकाइउपलब्धि कक्षागत रूपमा ८/८ जनाको दरले छात्रा १६ जना र छात्र २४ जनाको विश्लेषण गरिएको थियो । कक्षागत सिकाइ उपलब्धि सबैभन्दा बढी कक्षा १ का विद्यार्थीहरूको रहेको पाइयो । कक्षा १ मा नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयको प्राप्ताङ्क क्रमशः ७०.५%, ७१.३७%, ६०.५% र ७०.८% रहेको पाइयो । सबैभन्दा न्यून औसत प्राप्ताङ्क कक्षा ५ का विद्यार्थीहरूमा पाइयो । कक्षा ५ का विद्यार्थीहरूको औसत प्राप्ताङ्क क्रमशः ५४.३७%, ५५.१२%, ४८.७५% र ६०% मात्र भएको जानकारी प्राप्त भयो ।

विद्यालयहरूमा पुनः प्रवेश गराउन आइपरेका समस्याहरूका बारेमा प्रधानाध्यापक, शिक्षक र पुनः प्रवेश भएका विद्यार्थीका अभिभावकहरूसँग अन्तर्वार्ता र समूह छलफल गरी प्राप्त जानकारी निम्नअनुसार रहेको थियो ।

शिक्षकका अनुसार पारिवारिक आर्थिक अवस्था कमजोर, श्रमिक बालबालिकाका रूपमा रहनु, अभिभावक कुलतमा रहनु, कक्षागत उमेरभन्दा बढी उमेर हुनु, राजनीतिक द्वन्द्वको प्रभाव पर्नु, विद्यालयमा बिदा बढी हुनु, राजनीतिक द्वन्द्वको प्रभाव रहनु जस्ता समस्याले कठिन बनाएको जानकारी पाइयो ।

प्रधानाध्यापकहरूले उठाएका प्रमुख समस्याहरूमा लैङ्गिक विभेद, परीक्षा प्रणाली, असफल हुने डर, शिक्षक र सहपाठीहरूको व्यवहार, समाहित र समावेशी शिक्षाको अभाव, अङ्ग्रेजी भाषाप्रति आकर्षण बढ्नु, शैक्षिक व्यवस्थापनको कमजोरी आदि विषय समस्याका विषय रहेको विषय उठान गरेको पाइयो । त्यस्तै अभिभावकहरूले पुनः प्रवेशका समस्याहरूको रूपमा सन्तान बढी हुनु, विद्यार्थीले विद्यालय जान मन नगर्नु, भाषाको समस्या, समयमा पाठ्यपुस्तक उपलब्ध नहुनु, परम्परागत सोच, परीक्षा प्रणाली आदि समस्या औंल्याएको पाइयो । पुनः प्रवेशमा सहयोग गर्ने संस्थाको रूपमा अन्तर्वार्ताका क्रममा चर्चा उठाइएको थियो । यस क्रममा निम्न संस्थाहरूको नाम अगाडि आएको पाइयो

। ती संस्थाहरू PSDC कार्यक्रम, विद्यालयहरू, गाविस, बालक्लवहरू, वन उपभोक्ता समिति, आफन्त र छरछिमेकको सहयोग उल्लेख भएको पाइयो ।

विद्यालय बीचैमा छाड्ने प्रवृत्ति रोक्ने उपायका सम्बन्धमा पनि विद्यालयका शिक्षक, अभिभावक, प्रधानाध्यापकसँग अन्तर्वार्ता र समूह छलफल गरिएको थियो । जसमा उठाइएका प्रमुख उपायहरू निम्नअनुसार पाइयो ।

आयआर्जन कार्यक्रम सञ्चालन गर्नुपर्ने, समयमै निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने, PSDC कार्यक्रमलाई निरन्तरता दिनुपर्ने, विद्यालयलाई राजनीतिक हस्तक्षेपमुक्त क्षेत्र बनाइनुपर्ने, मातृभाषामा शिक्षाको व्यवस्था गरिनुपर्ने, बालक्लव र अधिकारकर्मीहरूलाई सशक्त बनाइनुपर्ने, खेतीको समयमा बिदाको व्यवस्था गरिनुपर्ने, रोजगारीको ग्यारेन्टी हुनुपर्ने, व्यावहारिक शिक्षामा जोड दिइनुपर्ने, SIP र VEP बीच सहकार्य गरी पुनः प्रवेशमा सहयोग पुग्ने उपायहरू उल्लेख गरिएको पाइयो ।

समग्रमा सबै पक्षसँग गरेको समूह छलफल र अन्तर्वार्ताबाट शिक्षाको योजना, जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना, NGO र INGO हरूसँगको सहकार्य, स्थानीय निकाय र संघसंस्थाको सहयोग र चेतनामूलक कार्यक्रमले विद्यालय छाड्ने प्रवृत्ति रोक्ने र पुनः विद्यालय प्रवेश गर्न सहयोग पुग्ने उपायहरू अवलम्बन गर्नुपर्ने विचार व्यक्त गरेको पाइयो ।

## ५. २. निष्कर्ष

प्राथमिक तहमा पुनः प्रवेश भएका विद्यार्थीहरूको सिकाइ अवस्था सम्बन्धमा गरिएको शोध अध्ययनका क्रममा प्राप्त भएका तथ्याङ्कहरू र त्यस तथ्याङ्कमा व्याख्या विश्लेषण गर्दा केही निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । शोध अध्ययनका लागि उपलब्ध स्रोत, साधन, सूचनाका साथै सरोकारवालाहरू (विद्यार्थी, शिक्षक, अभिभावक, प्रधानाध्यापक) सँगको अन्तर्वार्ता र समूह छलफलबाट निम्न निष्कर्ष निकालिएको छ ।

विद्यालय छाड्ने प्रवृत्ति रोक्न, विद्यालय छाडेका विद्यार्थीलाई पुनः प्रवेशमा आकर्षण गर्न, पुनः प्रवेश भएका विद्यार्थीको उपलब्धि उच्च राख्नका लागि यो अध्ययनले सार्थक प्रयास गर्ने प्रयत्न गरेको छ । वास्तवमा नयाँ विद्यार्थी भर्ना गराउन जति सजिलो छ, एकपटक भर्ना भई बीचैमा विद्यालय छाडेका विद्यार्थीहरूलाई पुनः विद्यालय प्रवेश गराएर निरन्तर शिक्षा दिई सम्बन्धित तहको चक्र पूरा गर्ने विषय निकै जटिल रहेको छ । मोरङ

जिल्लाको पथरी स्रोतकेन्द्रमा सञ्चालित ४१ वटा विद्यालयमध्ये नमूना छनौटमा परेका १० वटा सामुदायिक विद्यालयको प्राथमिक तहमा पुनः प्रवेश भएका १९५ विद्यार्थीहरूसँग सीमित रहेर गरिएको यो अध्ययनले पनि यसभित्रका विविध कठिनाइ केलाएर खोज्ने प्रयास गरिएको छ ।

बीचैमा विद्यालय छाड्ने प्रवृत्ति ७९५ जना (२३.२१%) रहनुले यो दर अत्यधिक रहेको ठहर हुन्छ । पुनः विद्यालय प्रवेश भएका १९५ जना (२४.५२%) मात्र रहनुले पुनः प्रवेश गराउने कार्य जटिल रहेको प्रस्ट हुन्छ । विद्यालय छोडाइका विद्यार्थीहरूलाई पुनः प्रवेश गराउन माथिल्लो कक्षामा भन्दा तल्लो कक्षामा सहज हुन्छ । पुनः विद्यालय प्रवेश गराउन छात्रालाई भन्दा छात्रलाई सजिलो हुन्छ । दलित विद्यार्थीलाई अन्य जातिका विद्यार्थीभन्दा पुनः प्रवेश गर्न कठिन हुने गरेको देखियो । कक्षागत उमेर भएका विद्यार्थीलाई भन्दा कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थीलाई पुनः प्रवेश गराउन कठिन हुने गरेको पाइयो । विद्यालय कार्यक्रममा सहभागी, कक्षाकार्य, गृहकार्यमा भाग लिनेभन्दा अनुशासन कायम गर्नेहरूको दर कम रहेको पाइयो ।

कक्षागत सिकाइउपलब्धिमा कक्षा १ मा सबैभन्दा राम्रो र कक्षा २, ३, ४ र ५ मा क्रमशः न्यून पाइयो । विषयगत सिकाइउपलब्धिमा सबैभन्दा राम्रो विज्ञान विषय र नेपाली, अङ्ग्रेजी र गणित विषयको क्रमशः खराब रहेको पाइयो । औसत सिकाइउपलब्धिमा गणित विषयको ५१.५७% न्यून रहेको छ भने विज्ञान विषयको औसत सिकाइउपलब्धि ६१.४८% रहेको पाइयो । पुनः प्रवेश गराउन मुख्य समस्याका रूपमा अभिभावकको आर्थिक अवस्था रहेकाले आर्थिक अवस्था सुधार गर्नुपर्ने देखिन्छ । त्यस्तै, बालश्रम, विद्यालय वातावरण, परीक्षा प्रणाली, कुलत, शिक्षामा अचेतना जस्ता पक्षहरूले बाधा गरेको पाइन्छ । पुनः विद्यालय प्रवेश गराउने विषयहरूमा विद्यालय, PSDC कार्यक्रम, वन उपभोक्ता समिति, बालक्लव र अधिकारकर्मीहरू रहेको पाइयो ।

पुनः प्रवेशमा उठेका समस्या समाधानका उपायहरूमा PSDC कार्यक्रमको निरन्तरता, EFA कार्यक्रमको कार्यान्वयन, विद्यालय सुधार योजना, परीक्षा प्रणालीमा सुधार, NGO र INGO सँगको सहकार्य आदिको भूमिकालाई उल्लेख गरिएको पाइयो । यस अध्ययनको प्रस्तावनामा सैद्धान्तिक ढाँचाको रूपमा कार्लमार्क्स र बी. एफ. स्कीनरको सिद्धान्तलाई प्रयोग गरिएको छ भने साहित्यको पुनरावलोकनमा विभिन्न शोध अध्ययनहरू, बुलेटिन, लेख, प्रतिवेदनको सहयोग लिई पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको

सिकाइउपलब्धिका बारेमा अध्ययन गर्न र पुनः प्रवेशमा सहज हुने कुरा उल्लेख गरिएको छ ।

## ५. ३. सुझावहरू

प्राथमिक तहमा पुनः प्रवेश भएका विद्यार्थीहरूको सिकाइउपलब्धि शीर्षक अध्ययन गर्ने क्रममा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरू, उनीहरूका अभिभावकहरू, विद्यालयमा अध्यापन गराउने शिक्षकहरू र प्रधानाध्यापकहरूसँग अन्तर्वार्ता र समूह छलफल गरी आवश्यक स्रोत परिचालन र सूचनाको अध्ययनबाट यो विषयको सुधार, विस्तार र सहजताको लागि निम्नअनुसारको सुझाव दिइएको छ ।

क) विद्यालय अभिलेखमा उल्लेखित विद्यालय छाडेका विद्यार्थीहरूले पढाइ नै नछाडेको हुनसक्छ । विद्यालयमात्र छाडी अर्को विद्यालयमा प्रवेश भएको छ/छैन खोजी गर्नुपर्ने अवस्था देखिन्छ ।

ख) जात, धर्म, लिङ्ग, उत्पीडनका कारणले विद्यालय छाडेका विद्यार्थीहरूलाई समाहित र समावेशी सिकाइ वातावरणको व्यवस्था मिलाउनुपर्ने हुन्छ ।

ग) पुनः प्रवेश भएका विद्यार्थीहरूलाई टिकाइ राख्न छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तकका अतिरिक्त अन्य सेवा र सुविधामा वृद्धि गर्नुपर्ने ।

घ) पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूले लाज र सङ्कोच मान्ने भएकोले तिनीहरूका लागि सहज वातावरण निर्माण गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने ।

ङ) दलित छात्रवृत्तिलाई निरन्तरता दिँदै अरु जातिका विद्यार्थीहरूका लागि पनि छात्रवृत्ति र पोसाकको व्यवस्था मिलाउनुपर्ने ।

च) परीक्षामा फेल हुने डरले विद्यालय छाडेका विद्यार्थीलगायत अन्य विद्यार्थीलाई परीक्षादेखि नडराउने बनाउन निरन्तर मूल्याङ्कन र कक्षोन्नति प्रक्रियालाई सहज गरिनुपर्ने ।

छ) विषयगत रूपमा कमजोर विद्यार्थीहरूका लागि विशेष अध्ययनको व्यवस्था गर्नुपर्ने ।

ज) PSDC कार्यक्रमलाई निरन्तर र थप क्षेत्रमा विस्तार गरिनुपर्ने ।

झ) विद्यालय व्यवस्थापनमा सरकारी र गैरसरकारी संघसंस्थासँग सहकार्य गरी थप सुविधा दिन एकीकृत योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने ।

ञ) विद्यालय सुधार योजनामा राखिएका प्राथमिक कार्यमा कार्यालयले ध्यान पुऱ्याउनुपर्ने ।

ट)	अभिभावकहरूको आर्थिक अवस्था सुधार गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।

ठ)	बालक्लव र अधिकारकर्मीहरूको कार्यमा स्थानीय समाजसेवी र राजनैतिक दलहरूले सहज बनाउनुपर्ने ।



ड)	विद्यार्थीहरूको मनोविज्ञान बुझ्न शिक्षकहरूलाई विशेष तालिमको व्यवस्था गरिनुपर्ने ।

ढ)	यस शोध अध्ययनका क्रममा अध्ययन क्षेत्रमा पूर्वयोजनाहरूलाई कार्यान्वयन गर्दै लाने र वर्तमान समयका योजनालाई भावी दिनमा प्रभावकारी ढङ्गबाट सरोकारवाला पक्षसँगको अन्तर्क्रिया प्रत्यक्षसँग गरी यस शोध अध्ययनको शीर्षकको विषयवस्तुलाई यथार्थ बन्न सहयोग पुग्ने विश्वाससमेत गरिनुपर्ने ।

# परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

### ४. १. बन्द प्रश्नावलीबाट प्राप्त जानकारीहरूको विश्लेषण

छनौट गरिएका विद्यालयहरूका सबै कक्षाहरूमा विद्यार्थीको प्रवाह राम्रो रहेको छ । यी विद्यालयहरूमा २०६४ सालमा भर्ना भई प्रावि तह (कक्षा १-५) मा अध्ययन गर्ने जम्मा संख्या ३,३३५ रहेको पाइयो । ती विद्यार्थीमध्ये सोही शैक्षिक वर्षमा कक्षा छाड्नेको संख्या पनि उल्लेखनीय रहेको छ । अर्थात् ७९५ जना विद्यार्थीले बीचैमा कक्षा छाडेको पाइयो । यसरी २०६४ सालमा भर्ना भई बीचैमा कक्षा छाडेर पुनः २०६५ सालमा विद्यालय फर्केका विद्यार्थी भने ज्यादै न्यून अर्थात् १९५ जनामात्र अध्ययनका लागि पुनः विद्यालय प्रवेश भएको देखिन्छ ।

पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूमध्ये ४० जना (२०%) लाई बन्द प्रश्नावलीहरू तयार गरी १६ जना छात्रा र २४ जना छात्रलाई उत्तर प्राप्त गर्न सोधिएका प्रश्नहरूमध्ये विद्यालय बीचैमा किन छाड्नु पर्‍यो ? भन्ने सवालमा ८०% अर्थात् ३२ जना विद्यार्थीहरूबाट आर्थिक समस्या उल्लेख गरेको पाइयो । चार जना विद्यार्थीहरूले पढ्न मन नलागेर भन्ने जवाफ दिएका थिए भने बाँकी ४ जनाले बाबुआमाका कारणले भनी जवाफ दिएको पाइयो । विद्यालय पुनः प्रवेश गर्न केले प्रेरित गर्‍यो भन्ने प्रश्नको जवाफमा १० जना (२५%) ले PSDC कार्यक्रमबाट आफू र परिवार प्रभावित भएर भन्ने जवाफ पाइयो भने ८ जना (२०%) विद्यार्थीहरूले बालक्लव र अधिकारकर्मीहरूका दबाबमा परेर आफू र आफ्नो परिवारले विद्यालय पुनः प्रवेश गराएको उत्तर दिएको पाइयो । दुई जना (५%) विद्यार्थीहरूले छिमेकीहरूले पढ्न प्रोत्साहन गरेको उत्तर दिए पनि १० जना (२५%) विद्यार्थीको जवाफ विद्यार्थी भर्ना अभियानमा शिक्षक र प्रधानाध्यापकहरूको सल्लाह र आग्रहमा पुनः प्रवेश भएको भन्ने थियो । बाँकीले वन उपभोक्ता समिति, गाविस र विभिन्न संघसंस्थाबाट नगद तथा छात्रवृत्ति र पोसाक दिइएको कारणले पुनः प्रवेश भएको जवाफ पाइयो ।

त्यस्तै तिमीलाई मनपर्ने विषय कुन हो ? भनी सोधिएको प्रश्नको जवाफमा प्रायः सबै (९०%) ले विज्ञान विषय बताएका थिए भने २ जना (५%) ले नेपाली र २ जना (५%)

ले अङ्ग्रेजी भनी उल्लेख गरेको पाइयो । मन नपर्ने विषय कुन हो भनी सोधिएको प्रश्नमा २४ जना (६०%) विद्यार्थीले गणित भनी उल्लेख गरेको पाइयो भने १० प्रतिशतले नेपाली विषय उल्लेख गरेको पाइयो । २० प्रतिशत विद्यार्थीले अङ्ग्रेजी विषय उल्लेख गरेको पाइयो भने बाँकीले सबै विषय कठिन भएको भनी उल्लेख गरेका थिए ।

विद्यालय प्रवेशमा भोगिएका समस्या सम्बन्धमा २०% अर्थात् ८ जना विद्यार्थीले सहपाठी र शिक्षकको व्यवहारलाई उठाएका थिए भने २५% अर्थात् १० जनाले विषय कठिन, फेल हुने डर र परीक्षाको बारे उल्लेख गरेका थिए । बाँकी विद्यार्थीहरूले कापी, कलम, पोसाक आदिको व्यवस्था उल्लेख गरेका थिए ।

अभिभावकको पेसा सम्बन्धमा सोधिएको प्रश्नमा २४ जना अर्थात् ६०% ले खेती व्यवसाय उल्लेख गरेको पाइयो भने २०% अर्थात् ८ जनाले अर्काको घरमा काम गर्ने बताएका थिए । बाँकी २०% को भने स्पष्ट जवाफ नभएको पाइयो ।

त्यसैगरी शिक्षकहरूसँगको अन्तर्वार्ता प्रश्नावली सम्बन्धमा पाइएका जवाफहरू एकैनासका पाइएनन् । कक्षामा विद्यार्थी छाड्ने दर कस्तो छ ? भनी सोधिएको प्रश्नको जवाफमा ४०% (४ जना) ले विद्यालय छोडाइ दर २०% उल्लेख गरेका थिए भने ३०% (३ जना) ले विद्यालय छोडाइ दर १५% उल्लेख गरेको पाइयो । १०% (१ जना) ले ३०% दर रहेको उल्लेख गरेका थिए । बाँकी २०% (२ जना) ले खासै थाहा नभएको उल्लेख गरेको पाइयो ।

विद्यालय पुनः प्रवेश भएका जातिगत प्रश्नको जवाफमा सबै शिक्षकले जनजातिका विद्यार्थीहरू उल्लेख गरेको पाइयो । त्यस्तै विद्यार्थीहरू कुन विषयमा रुचि राख्छन् भन्ने प्रश्नको उत्तरमा ८०% (८ जना) शिक्षकले गणित विषय उल्लेख गरेको पाइयो भने २०% ( २ जना) ले नेपाली र अङ्ग्रेजी विषय उल्लेख गरेको पाइयो । विद्यालय पुनः प्रवेशमा देखिएका समस्याहरूको बारेमा ३०% (३ जना) शिक्षकले उमेर बढी भएको उल्लेख गरेका थिए भने २०% (२ जना) ले परीक्षामा फेल हुने डर उल्लेख गरेको पाइयो । बाँकी शिक्षकहरूले आर्थिक अवस्था दयनीय नै मुख्य समस्या उल्लेख गरेको पाइयो । पुनः प्रवेशमा उपायका सम्बन्धमा सोधिएका प्रश्नमा ५०% (५ जना) शिक्षकहरूले PSDC कार्यक्रमको निरन्तरता, ४०% ले EFA कार्यक्रमको कार्यान्वयन उल्लेख गरेको पाइयो भने बाँकी १०% ले भने आर्थिक अवस्था सुधार गर्नुपर्ने विषय उल्लेख गरेको पाइयो ।

त्यसैगरी अभिभावकहरूसँग सोधिएको अन्तर्वाता प्रश्नावलीमा २० जनालाई सरिक गराइएको थियो । उनीहरूले विद्यालय छाड्ने कारणमा २५% (५ जना) ले आर्थिक अभाव उल्लेख गरेको पाइयो । २०% (४ जना) अभिभावकले विद्यार्थीले मन नगरेको कारण उल्लेख गरेको पाइयो भने २५% अभिभावकले बढी सन्तानका कारण उल्लेख गरेको पाइयो । बाँकी अभिभावकहरूले यस्तो उस्तो भनी टार्न खोजेको आभास पाइयो ।

विद्यालय पुनः प्रवेशमा प्रेरणा सम्बन्धमा ५०% (१० जना) अभिभावकले शिक्षक र प्रधानाध्यापकको अनुरोध उल्लेख गरेका थिए भने ५ जना (२५%) ले वन उपभोक्ता समिति, गाविस र संघसंस्था उल्लेख गरेको पाइयो । बाँकी २५% (५ जना) ले छरछिमेकी, आफन्त र आफैँले भन्ने उत्तर दिएको पाइयो ।

बच्चाको मुख्य समस्याका बारेमा प्रायः सबै अभिभावकहरूले पढ्दैन, भनेको मान्दैन भन्ने जवाफ पाइयो । पुनः प्रवेशमा गर्नुपर्ने उपायका सम्बन्धमा सोधिएको प्रश्नको जवाफमा २०% (४ जना) ले सबै पुनः प्रवेश भएका विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने उल्लेख गरेका थिए । २०% ले विद्यालय वातावरण सुधार गर्नुपर्ने उल्लेख गरेको पाइयो । २५% (५ जना) ले शिक्षक र सहपाठीको व्यवहार सुधार गर्नुपर्ने विषय उल्लेख गरेका थिए भने बाँकी अभिभावकले परीक्षा प्रणालीको विरोध गरेको पाइयो ।

यसरी अन्तर्वार्ताका क्रममा विद्यार्थी, शिक्षक र अभिभावकबाट आएका जवाफहरू प्रायः सबै एकै किसिमको पाइएकोले समाधानमा यसले निष्कर्षमा पुग्न सजिलो हुने विश्वाश गरिएको छ । अध्ययनका क्रममा प्राप्त भएका तथ्याङ्कहरूलाई वर्गीकरण गरिएको छ । अध्ययनको उद्देश्यअनुसार विश्लेषण गर्नका लागि तालिका निर्माण गरी सूचना व्यवस्थित गरियो । तालिकामा राखेपछि परिमाणात्मक विश्लेषण गर्नुपर्ने तथ्याङ्कलाई प्रतिशत, औसत, वृत्तचित्र र स्तम्भ चित्रमा राखी विश्लेषण गरिएको छ भने अध्ययनको प्रभावकारिता, जटिलता, चुनौती (समस्या) र उपायजस्ता पक्षलाई गुणात्मक विश्लेषण प्रक्रिया अपनाई व्याख्या मात्र गरिएको छ ।

## ४. २. प्राथमिक तहमा विद्यालय छाड्ने र पुनः प्रवेश भएका विद्यार्थीहरूको अवस्था

पथरी स्रोतकेन्द्रमा भएका र छनौटमा परेका १० वटा विद्यालयको प्राथमिक तहमा २०६४ सालमा अध्ययन गर्ने विद्यार्थीहरूमध्ये २०६४ सालको शैक्षिक वर्षको बीचैमा

विद्यालय छाड्ने र २०६५ सालमा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको तथ्याङ्क सङ्कलन गरिएको थियो । तथ्याङ्क सङ्कलनमा सबै विद्यालयको प्राथमिक तह (कक्षा १-५) सम्मलाई मात्र आधार बनाइएको थियो । छनौटमा परेका विद्यालयहरूको प्राथमिक तहमा शैक्षिक सत्रको सङ्ख्या, विद्यालय छाड्ने सङ्ख्या, पुनः विद्यालय प्रवेश भएको सङ्ख्या प्राप्त गर्न सर्वेक्षण फारम तयार गरी प्रत्येक विद्यालयमा भरी भराई आवश्यक तथ्याङ्कको जानकारी लिइएको थियो ।

**तालिका नं. १ - प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या, विद्यालय छाड्ने सङ्ख्या र पुनः प्रवेश सङ्ख्या विवरण**


| क्र. सं. | विद्यालयको नाम र ठेगाना | २०६४ मा अध्ययन गर्ने जम्मा विद्यार्थी सङ्ख्या | बीचैमा विद्यालय छाड्ने विद्यार्थी | | पुनः विद्यालय प्रवेश गर्ने विद्यार्थी २०६५ | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | पञ्चायत उमावि, पथरी | ५०१ | ९९ | १९.७६% | २५ | २५.२५% |
| २ | अमरसिंह उमावि, हसन्दह | ४०३ | १०१ | २५.०६% | १९ | १८.८१% |
| ३ | सिंहबाहिनी उमावि, शनिश्चरे | ३९२ | ९२ | २३.४६% | २३ | २५% |
| ४ | सुनाखरी निमावि, पथरी | २८५ | ८३ | २९.१२% | २१ | २५.३% |
| ५ | हिरक निमावि, शनिश्चरे | २९९ | ८७ | २९.०९% | २० | २२.९८% |
| ६ | जनता निमावि, बयरवन | २४० | ५६ | २३.३३% | १६ | २८.५७% |
| ७ | आदर्श सीता प्रावि, शनिश्चरे | २४५ | ६३ | १९.४४% | १४ | २२.२२% |
| ८ | सुन्तोली प्रावि, बयरवन | ३२४ | ७१ | २८.९७% | १९ | २६.२६% |
| ९ | रामलक्ष्मण प्रावि, हसन्दह | २५४ | ५२ | २०.४७% | २० | ३८.४६% |
| १० | जालपा प्रावि, शनिश्चरे | ३९५ | ९१ | २३.२१% | १८ | १९.७८% |
| जम्मा | | ३३३५ (१००%) | ७९५ (२३.८३%) | | १९५ (२४.५२%) | |

*स्रोत : जि.शि.का, मोरङ Flash I, II, २०६६ ।*

उपर्युक्त विवरणअनुसार छनौटमा परेका १० वटा विद्यालयको प्राथमिक तहमा अध्ययन गर्ने जम्मा ३३३५ विद्यार्थीमध्ये शैक्षिक सत्रको बीचैमा कक्षा छाड्ने सङ्ख्या ७९५ ( २३.८३%) जना पाइयो । जसमध्ये पुनः विद्यालय प्रवेश गर्ने १९५ (२४.५२%) जना मात्र पाइयो । सबैभन्दा बढी विद्यार्थी सङ्ख्या भएको पञ्चायत उमाविमा ९९ (१९.७६%) ले

विद्यालय छाडेको पाइयो भने सबैभन्दा कम विद्यार्थी सङ्ख्या भएको जनता निमाविमा ५६ (२३.३३%) जनाले विद्यालय छाडेको पाइयो । पुनः विद्यालय प्रवेश गर्नेमा सबैभन्दा बढी रामलक्ष्मण प्रावि हसन्दहमा २० (३८.४६%) जना पाइयो भने सबैभन्दा कम अमरसिंह उमाविमा १९ (१८.८१%) जना मात्र पुनः विद्यालय प्रवेश गरेको अवस्था पाइयो । समग्रमा विद्यालय छाड्ने र पुनः प्रवेशको अवस्था फरक फरक रहेको पाइयो । उक्त विवरणलाई निम्नअनुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. १ - विद्यालयमा अध्ययन सङ्ख्या, विद्यालय छाड्ने सङ्ख्या र पुनः विद्यालय प्रवेश सङ्ख्याको विवरण**




स्रोत : जिल्ला शिक्षा कार्यलय मोरङ, २०६६ ।

प्रस्तुत स्तम्भचित्रमा २०६४ सालमा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या ३३३५ जनामध्ये शैक्षिक सत्रको बीचैमा ७९५ जना अर्थात् २३.८३% ले विद्यालय छाडेको देखिन्छ भने विद्यालय छाड्नेमध्ये २०६५ सालमा पुनः विद्यालय प्रवेश गर्नेको सङ्ख्या १९५ जना अर्थात् २४.५२% मात्र देखिन्छ ।

### ४. २. १. प्राथमिक तहमा अध्ययन गर्ने सङ्ख्या, विद्यालय छाड्ने र पुनः प्रवेश भएका विद्यार्थीहरूको लैङ्गिक अवस्था

शोध अध्ययनका लागि छनौट भएका १० विद्यालयमा अध्ययन गर्ने सङ्ख्या, विद्यालय छाड्ने सङ्ख्या र पुनः प्रवेश भएका विद्यार्थीहरूलाई विद्यालयमा भएका विद्यार्थी अभिलेख, विद्यार्थी हाजिरी खाताको प्रत्यक्ष अध्ययन गरी आवश्यक सङ्ख्या सङ्कलन गरियो । यसरी सङ्कलित तथ्याङ्कका आधारमा अध्ययनका लागि भर्ना भएका विद्यार्थीहरूको लैङ्गिक सङ्ख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ - विद्यालय छाड्ने, पुनः प्रवेश भएका विद्यार्थीहरूको लैङ्गिक अवस्था**

| क्र सं | विद्यालयको नाम | २०६४ मा अध्ययन गर्ने सङ्ख्या | | | २०६४ मा बीचैमा कक्षा छाड्ने सङ्ख्या | | | २०६५ सालमा पुनः प्रवेश गर्ने सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | पञ्चायत उमावि | २२४ | २५७ | ५०१ | ३९ | ६० | ९९ | १६ | ९ | २५ |
| २ | अमरसिंह उमावि | १६५ | २३८ | ४०३ | ३२ | ६९ | १०१ | ११ | ८ | १९ |
| ३ | सिंहबाहिनी उमावि | १८५ | २०७ | ३९२ | २७ | ६५ | ९२ | १४ | ९ | २३ |
| ४ | सुनाखरी निमावि | १०४ | १८१ | २८५ | ३१ | ५२ | ८३ | १३ | ८ | २१ |
| ५ | हिरक निमावि | १४८ | १५१ | २९९ | ३२ | ५५ | ८७ | १२ | ८ | २० |
| ६ | जनता निमावि | १०६ | १३४ | २४० | २४ | ३२ | ५६ | १० | ६ | १६ |
| ७ | आदर्श सीता प्रावि | १७१ | १५३ | २२५ | २३ | ४० | ६३ | ९ | ५ | १४ |
| ८ | सुन्तोली प्रावि | १३० | ११५ | २२४ | ३० | ४१ | ७१ | १२ | ७ | १९ |
| ९ | रामलक्ष्मण प्रावि | १३३ | १२१ | २५४ | २५ | २७ | ५२ | १५ | ५ | २० |
| १० | जालपा प्रावि | १८४ | २०८ | ३९२ | ४१ | ५० | ९१ | १० | ८ | १८ |
| | जम्मा | १५७० | १७६५ | ३३९५ | ३०४ | ४९१ | ७९५ | १२२ | ७३ | १९५ |


*स्रोत : विद्यालय भर्ना अभिलेख २०६५ ।*

उपर्युक्त विवरणअनुसार शोध अध्ययनका लागि छनौट गरिएका विद्यालयहरूमा अध्ययनका लागि भर्ना भएका ३३३५ विद्यार्थीहरूमा छात्रको सङ्ख्या १५७० (४७.०७%) र छात्राको सङ्ख्या १७६५ (५३.९३%) पाइयो । प्रायः सबै विद्यालयहरूमा छात्रको सङ्ख्याभन्दा छात्राको सङ्ख्या बढी रहेको पाइयो । ३३६५ जना अध्ययन गर्ने विद्यार्थीहरूमध्ये विद्यालय बीचैमा छाड्नेको सङ्ख्या पनि अधिक रहेको देखियो । विद्यालय छाड्ने सङ्ख्या ७९५ ( २३.८३%) मध्ये छात्रको सङ्ख्या ३०४ (३८.२४%) र छात्राको सङ्ख्या ४९१ (६१.७६%)

देखिन्छ । यसरी हेर्दा विद्यालय छाड्नेमा छात्रभन्दा छात्रा बढी रहेको पाइयो । त्यसैगरी २०६४ सालमा विद्यालय बीचैमा छाडेर २०६५ सालमा पुनः विद्यालय प्रवेशको सङ्ख्या भने न्यून पाइयो । पुनः प्रवेश गर्ने जम्मा सङ्ख्या १९५ (२४.५२%) मात्र देखियो । जसमा छात्र १२२ (६२.५६%) र छात्रा ७३ (३७.४४%) मात्र पुनः प्रवेश भएको पाइयो । यस वर्ष विद्यालय अध्ययन गर्न भर्ना हुने सङ्ख्या छात्रको भन्दा छात्राको बढी रहेको पाइयो । बीचैमा छाड्ने सङ्ख्या पनि छात्रको भन्दा छात्राको बढी देखियो तर पुनः प्रवेशमा भने सङ्ख्या र प्रतिशत दुवैमा छात्रभन्दा छात्राहरूको न्यून अवस्था रहेको प्रस्ट भयो ।

उल्लेखित विवरणलाई स्तम्भचित्रमा प्रस्तुत गर्दा,

**चित्र नं. २ - अध्ययनको सङ्ख्या, छाड्ने र पुनः प्रवेशको लैङ्गिक अवस्था**




**स्रोत : सम्बन्धित विद्यालयका भर्ना अभिलेख, २०६५ ।**

माथि उल्लेखित स्तम्भचित्रका आधारमा प्रस्ट हुन्छ कि अध्ययन गर्ने सङ्ख्याको आधारमा छात्र ४७.०७% र छात्रा ५२.९३% लाई तुलना गर्दा छात्राको सङ्ख्या बढी देखियो । त्यस्तै विद्यालय बीचैमा छाड्ने सङ्ख्यालाई हेर्दा पनि छात्र २८.२४% र छात्रा ६१.७६% मध्ये छात्राको सङ्ख्या नै बढी देखिन्छ । तर पुनः विद्यालय प्रवेश गर्ने छात्र ६२.५६% र छात्रा ३७.४४% रहेकोले छात्रभन्दा छात्रा पुनः प्रवेशमा कम रहेको पाइयो ।

## ४. २. २. विद्यालय छाड्ने र पुनः प्रवेश भएका विद्यार्थीहरूको विद्यालयगत लैङ्गिक अवस्था

**तालिका नं. ३ - विद्यालय छाड्ने र पुनः प्रवेश भएका विद्यार्थीहरूको विद्यालयगत लैङ्गिक विवरण**


| क्र सं | विद्यालयको नाम | २०६४ सालको बीचैमा विद्यालय छाड्ने सङ्ख्या | | | २०६५ सालमा पुनः प्रवेश भएका सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| १ | पञ्चायत उमावि | ९९ | ३९ | ६० | २५ | १६ | ९ |
| २ | अमरसिंह उमावि | १०१ | ३२ | ६९ | १९ | ११ | ८ |
| ३ | सिंहबाहिनी उमावि | ९२ | २७ | ६५ | २३ | १४ | ९ |
| ४ | सुनाखरी निमावि | ८३ | ३१ | ५२ | २१ | १३ | ८ |
| ५ | हिरक निमावि | ८७ | ३२ | ५५ | २० | १२ | ८ |
| ६ | जनता निमावि | ५६ | २४ | ३२ | १६ | १० | ६ |
| ७ | आदर्श सीता प्रावि | ६३ | २३ | ४० | १४ | ९ | ५ |
| ८ | सुन्तोली प्रावि | ७१ | ३० | ४१ | १९ | १२ | ७ |
| ९ | रामलक्ष्मण प्रावि | ५२ | २५ | २७ | २० | १५ | ५ |
| १० | जालपा प्रावि | ९१ | ४१ | ५० | १८ | १० | ८ |
| | जम्मा | ७९५ | ३०४ | ४९१ | १९५ | १२२ | ७३ |

*स्रोत : सम्बन्धित विद्यालयको भर्ना अभिलेख २०६५ ।*

माथि उल्लेख गरिएको विवरणका आधारमा विद्यालय छाड्ने विद्यार्थीहरूको जम्मा सङ्ख्या ७९५ पाइयो, जहाँ विद्यालय अध्ययन गर्न आएका विद्यार्थी सङ्ख्याको २३.२१% ले शैक्षिक सत्रको बीचैमा छाडेको पाइयो भने ७९५ जनाले विद्यालय छाडेकोमा २०६५ सालमा पुनः विद्यालय प्रवेश गर्न आएका विद्यार्थी सङ्ख्या १९५ पाइयो, जसलाई प्रतिशतमा हेर्दा २४.५२% हुन आउँछ । समग्रमा विद्यालय छाड्ने र पुनः विद्यालय प्रवेश प्रतिशतका आधारमा क्रमशः २३.२१% र २४.५२% देखिनुले विद्यालय छाड्ने सङ्ख्या बढी र पुनः प्रवेश हुनेको सङ्ख्या न्यून रहेको प्रस्ट देखियो । छात्रको सङ्ख्याभन्दा छात्राको सङ्ख्या पुनः

प्रवेशमा प्रायः सबै विद्यालयमा समान स्वरूपको पाइयो । यस विवरणलाई बार चित्रमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**चित्र नं. ३ - विद्यालय छाड्ने र पुनः प्रवेश भएका विद्यार्थीहरूको विद्यालयगत लैङ्गिक विवरण**




स्रोत : विद्यालय भर्ना अभिलेख, २०६५ ।

१. = पञ्चायत उच्च मावि, पथरी  २. = अमरसिंह उच्च मावि, हसन्दह

३. = सिंहबाहिनी उमावि, शनिश्चरे  ४. = सुनाखरी निमावि, पथरी

५. = हिरक निमावि, शनिश्चरे  ६. = जनता निमावि, बयरवन

७. = आदर्श सीता प्रावि, शनिश्चरे  ८. = सुन्तोली प्रावि, बयरवन

९. = रामलक्ष्मण प्रावि, हसन्दह  १०. = जालपा प्रावि, शनिश्चरे

माथिको चित्रमा १, २, ३, ४, ५, ६, ७, ८, ९ र १० ले अध्ययन गरिएका विद्यालयहरूको नामलाई सङ्केत गरको छ । उक्त चित्रका आधारमा नं. २ ले सङ्केत गरको विद्यालयमा सङ्ख्याका आधारमा सबैभन्दा बढी विद्यार्थीहरूले विद्यालय बीचैमा छाडेको पाइयो भने ९ नं. ले सङ्केत गरेको विद्यालयमा सङ्ख्याका आधारमा सबैभन्दा कम विद्यार्थीहरूले विद्यालय छाडेको पाइयो । त्यस्तै विद्यालय पुनः प्रवेश गर्ने सङ्ख्यामा सबैभन्दा बढी ५२ जनाले विद्यालय छाडेका विद्यार्थीमध्ये २० जना पुनः प्रवेश भएको देखिन्छ । नं. ५

ले सङ्केत गरेको विद्यालयमा ८७ जनाले विद्यालय बीचैमा छाडेका मध्ये २० जनाले मात्र पुनः विद्यालय प्रवेश गरेको पाइयो । त्यसैगरी विद्यालय अध्ययनका क्रममा बीचैमा विद्यालय छाड्ने ७९५ जनामध्ये ३०४ जना छात्र र ४९१ जना छात्राले विद्यालय छाडेको देखिन्छ भने पुनः प्रवेश भएको विद्यार्थी सङ्ख्या १९५ जना मात्र रहेको छ, जुन सङ्ख्या छात्रको १२२ र छात्राको ७३ जना हुनुले पनि छात्रा पुनः प्रवेशमा कम सहभागी भएको प्रस्ट हुन्छ ।

## ४. २. ३. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको कक्षागत अवस्था

प्रस्तुत शोध अध्ययनका लागि छनौट गरिएका १० विद्यालयका प्राथमिक तहमा विद्यार्थी पुनः विद्यालय प्रवेशको अवस्था स्थलगत रूपमा सङ्कलन गरी तलको तालिकामा प्रस्तुत गरिएको छ । तालिकाअनुसार पुनः प्रवेश गर्ने विद्यार्थीहरूमा सबैभन्दा धेरै सङ्ख्या पञ्चायत उमावि, पथरीको छ । उक्त विद्यालयमा जम्मा २५ जना विद्यार्थी पुनः प्रवेश भएका छन् । त्यस्तै सङ्ख्यात्मक हिसाबले आदर्श सीता प्रावि शनिश्चरेमा सबैभन्दा कम १४ जना विद्यार्थीमात्र पुनः प्रवेश भएका छन् । पुनः प्रवेशमा छात्रको भन्दा छात्राको सङ्ख्या न्यून देखिएको छ । यो तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४ - पुनः प्रवेश भएका विद्यार्थीहरूको कक्षागत अवस्था**

| विद्यालय | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | | कक्षा ४ | | | कक्षा ५ | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | ५ | ३ | ५ | ४ | ३ | ७ | २ | २ | ४ | २ | २ | ४ | १ | १ | २ | २५ |
| २ | ४ | २ | ६ | ३ | २ | ५ | २ | १ | ३ | २ | १ | ३ | १ | १ | २ | १९ |
| ३ | ६ | २ | ८ | ४ | २ | ६ | २ | १ | ३ | ३ | १ | ४ | २ | ० | २ | २३ |
| ४ | ५ | २ | ७ | ३ | २ | ५ | ३ | १ | ४ | २ | १ | ३ | १ | १ | २ | २१ |
| ५ | ४ | ३ | ७ | ३ | २ | ५ | २ | २ | ४ | २ | १ | ३ | १ | ० | १ | २० |
| ६ | ३ | २ | ५ | २ | २ | ४ | २ | १ | ३ | १ | २ | ३ | १ | ० | १ | १६ |
| ७ | ३ | २ | ५ | ३ | १ | ४ | १ | ० | १ | १ | ० | १ | २ | १ | ३ | १४ |
| ८ | ५ | २ | ७ | २ | १ | ३ | ३ | २ | ५ | १ | १ | २ | १ | १ | २ | १९ |
| ९ | ४ | ४ | ८ | ३ | २ | ५ | २ | २ | ४ | १ | १ | २ | १ | ० | १ | २० |
| १० | ५ | ३ | ८ | ३ | १ | ४ | २ | १ | ३ | १ | ० | १ | १ | १ | २ | १८ |
| जम्मा | ४४ | २५ | ६९ | ३० | १८ | ४८ | २१ | १३ | ३४ | १६ | ११ | २७ | १२ | ६ | १८ | १९५ |

*स्रोत : विद्यालयमा रहेको भर्ना अभिलेख २०६५ ।*

विद्यालय :

१. = पञ्चायत उच्च मावि, पथरी    २. = अमरसिंह उच्च मावि, हसन्दह

३. = सिंहबाहिनी उमावि, शनिश्चरे    ४. = सुनाखरी निमावि, पथरी


५. = हिरक निमावि, शनिश्चरे    ६. = जनता निमावि, बयरवन

७. = आदर्श सीता प्रावि, शनिश्चरे    ८. = सुन्तोली प्रावि, बयरवन

९. = रामलक्ष्मण प्रावि, हसन्दह    १०. = जालपा प्रावि, शनिश्चरे

माथि उल्लेखित १० विद्यालयका कक्षा १-५ का विद्यार्थीको पुनः विद्यालय प्रवेश अवस्था हेर्दा कक्षा १ मा ३५%, कक्षा २ मा २५%, कक्षा ३ मा १७%, कक्षा ४ मा १४% र कक्षा ५ मा ९% विद्यार्थीले मात्र पुनः प्रवेश गर्ने गरेको पाइयो । उक्त तथ्याङ्कलाई वृत्तचित्रमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**चित्र नं. ४ - पुनः प्रवेश भएका विद्यार्थीहरूको कक्षागत अवस्था**




स्रोत : विद्यालयमा रहेको भर्ना अभिलेख, २०६५ ।

माथिको चित्रका आधारमा कक्षा १ मा सबैभन्दा बढी विद्यार्थी पुनः प्रवेश गर्ने र माथिल्लो कक्षामा क्रमशः कम हुँदै कक्षा ५ मा पुग्दा ९% विद्यार्थीहरूले मात्र पुनः प्रवेश भएको जानकारी प्राप्त भयो ।

## ४. २. ४. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको उमेरगत अवस्था

शोध अध्ययनका लागि छनौट गरिएका विद्यार्थीहरूमा कुन उमेरका (कक्षागत उमेर र कक्षागत उमेरभन्दा बढी विद्यार्थी पुनः प्रवेश भएका रहेछन्, त्यसलाई आधार बनाइएको

थियो । तसर्थ छनौटमा परेका विद्यालयमा पुनः प्रवेश भएका विद्यार्थीहरूको उमेरगत विवरण निम्नअनुसार पाइयो ।


**तालिका नं. ५ - पुनः प्रवेश भएका विद्यार्थीहरूको कक्षागत उमेरको अवस्था**

| क्र.सं. | विद्यालयको नाम | पुनः प्रवेश सङ्ख्या | कक्षागत उमेर सङ्ख्या | कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|
| १ | पञ्चायत उमावि | २५ | १५ | १० |
| २ | अमरसिंह उमावि | १९ | १३ | ६ |
| ३ | सिंहबाहिनी उमावि | २३ | १४ | ९ |
| ४ | सुनाखरी निमावि | २१ | १६ | ५ |
| ५ | हिरक निमावि | २० | १५ | ५ |
| ६ | जनता निमावि | १६ | १२ | ४ |
| ७ | आदर्श सीता प्रावि | १४ | ९ | ५ |
| ८ | सुन्तोली प्रावि | १९ | १४ | ५ |
| ९ | रामलक्ष्मण प्रावि | २० | १६ | ४ |
| १० | जालपा प्रावि | १८ | १२ | ६ |
| | जम्मा | १९५ | १३६ (६९.७%) | ५९ (३०.३%) |

*स्रोत : विद्यालय भर्ना अभिलेख २०६५ ।*

उल्लेखित तालिकामा विद्यालय उमेर सङ्ख्यामा ६९.७% कक्षागत उमेरका विद्यार्थीले पुनः प्रवेश गरेको देखिन्छ भने ३०.३% विद्यार्थीहरूको कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थीहरू विद्यालयमा पुनः प्रवेश भएको पाइयो । यस विवरणलाई स्तम्भचित्रमा पनि प्रस्तुत गरिएको छ ।

**चित्र नं. ५ - पुनः प्रवेश भएका विद्यार्थीहरूको उमेरगत अवस्था**




स्रोत : विद्यालय भर्ना अभिलेख, २०६५ ।

**माथि उल्लेख गरिएको चित्रका आधारमा प्रस्ट भयो कि कक्षागत उमेरका विद्यार्थीहरू पुनः प्रवेशमा बढी हुने र कक्षागत उमेरभन्दा बढी उमेरका केटाकेटीहरू कम विद्यालय प्रवेश हुने गरेको अवस्था देखिन्छ ।**

## ४. २. ५. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको कक्षागत उमेर अवस्था

छनौट गरिएका विद्यालयमा पुनः विद्यालय प्रवेश गर्ने विद्यार्थीहरूको कक्षागत रूपमा कस्ता उमेर समूहका विद्यार्थी प्रवेश भएका रहेछन् भनी तथ्याङ्क सङ्कलन गरियो । उक्त तथ्याङ्कलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका नं. ६ - पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको कक्षागत उमेर विवरण**

| कक्षा | पुनः प्रवेश सङ्ख्या | कक्षागत उमेर सङ्ख्या | कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थी सङ्ख्या |
|---|---|---|---|
| १ | ६९ | ५५ (७९.७%) | १४ (२०.३%) |
| २ | ४८ | ३४ (७०.८%) | १४ (२९.२%) |
| ३ | ३४ | २२ (५५%) | १२ (४५%) |
| ४ | २७ | १५ (५६.६%) | १२ (४४.४%) |
| ५ | १७ | १० (५८.८%) | ०७ (४१.२%) |
| जम्मा | १९५ | १३६ (६९.७%) | ५९ (३०.३%) |

*स्रोत : विद्यालय भर्ना अभिलेख २०६६ ।*

उल्लेखित विवरणअनुसार कक्षा १ मा उमेर समूहका विद्यार्थीहरूमध्ये ७९.७% ले पुनः विद्यालय प्रवेश गरेको पाइयो भने कक्षागत उमेरभन्दा बढी उमेरका विद्यार्थीहरू ३०.३% ले मात्र पुनः विद्यालय प्रवेश गरेको देखियो । त्यस्तै कक्षा ५ का विद्यार्थीहरूमध्ये कक्षागत उमेरभन्दा बढी उमेरका ४१.२% विद्यार्थी भर्ना भएको तथ्याङ्कमा उल्लेख गरिएको छ । कक्षागत उमेर र बढी उमेर भएका विद्यार्थी सङ्ख्यालाई तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. ६ - पुनः प्रवेश भएका विद्यार्थीहरूको कक्षागत उमेरको अवस्था**




स्रोत : विद्यालय भर्ना अभिलेख, २०६६

माथि उल्लेखित स्तम्भचित्रको सहयोगले यो देखिन्छ कि तल्लो कक्षामा बढी विद्यार्थी पुनः प्रवेश गर्ने र माथिल्लो कक्षामा उमेरका कारणले गर्दा कम विद्यार्थी पुनः प्रवेश गर्ने गरेको पाइयो । त्यस्तै कक्षा १ मा कक्षागत उमेरभन्दा बढी सङ्ख्या न्यून रहेको र क्रमशः कक्षा २, ३, ४ र ५ मा कक्षागत उमेरभन्दा बढी उमेरको सङ्ख्या बढी हुने गरेको तथा त्यस्ता विद्यार्थीलाई पुनः विद्यालय फर्काउन गाह्रो रहेको छ ।

## ४. २. ६. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको विद्यालयगत जातीय अवस्था

छनौट गरिएका १० विद्यालयका पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको जातिगत अवस्था निम्नअनुसारको पाइयो ।


**तालिका नं. ७ - पुनः प्रवेश भएका विद्यार्थीहरूको विद्यालयगत जातीय अवस्था**

| विद्यालय | पुनः प्रवेश सङ्ख्या | दलित | | | जनजाति | | | आदिवासी | | | अन्य जाति | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| पञ्चायत उमावि | २५ | २ | १ | ३ | ४ | ४ | ८ | ५ | २ | ७ | ५ | २ | ७ |
| अमरसिंह उमावि | १९ | ३ | १ | ४ | ४ | २ | ६ | २ | ३ | ५ | २ | २ | ४ |
| सिंहबाहिनी उमावि | २३ | ३ | २ | ५ | ३ | ३ | ६ | ५ | ३ | ८ | ३ | १ | ४ |
| सुनाखरी निमावि | २१ | २ | २ | ४ | ५ | २ | ७ | ४ | २ | ६ | २ | २ | ४ |
| हिरक निमावि | २० | २ | १ | ३ | ४ | २ | ६ | ३ | ३ | ६ | ३ | २ | ५ |
| जनता निमावि | १६ | २ | १ | ३ | ३ | १ | ४ | २ | २ | ४ | ३ | २ | ५ |
| आदर्श सीता प्रावि | १४ | १ | २ | ३ | ३ | ० | ३ | ३ | २ | ५ | २ | १ | ३ |
| सुन्तोली प्रावि | १९ | २ | १ | ३ | ३ | २ | ५ | ४ | ३ | ७ | ३ | १ | ४ |
| रामलक्ष्मण प्रावि | २० | ३ | १ | ४ | ४ | २ | ६ | २ | १ | ३ | ६ | १ | ७ |
| जालपा प्रावि | १८ | १ | २ | ३ | ४ | ३ | ७ | ४ | २ | ६ | १ | १ | २ |
| जम्मा | १९५ | २१ | १४ | ३५ | ३७ | २१ | ५८ | ३४ | २३ | ५७ | ३० | १५ | ४५ |
| | १००% | १७.९% | | | २९.७% | | | २९.२% | | | २३.१% | | |

*स्रोत : स्थलगत सर्वेक्षण/विद्यालयमा रहेका विद्यार्थी भर्ना अभिलेख २०६५ ।*

माथि उल्लेखित तालिकाअनुसार पुनः प्रवेश भएका जातीय विद्यार्थीहरूको अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी जनजाति विद्यार्थीहरू फर्केर आएको पाइयो र सबैभन्दा कम पुनः प्रवेशमा दलित विद्यार्थीहरू रहेको पाइयो । यसरी पुनः फर्केर आएका विद्यार्थीहरूमा छात्राभन्दा छात्रको सङ्ख्या तुलनात्मक रूपमा बढी देखिन्छ । उक्त विवरणलाई चित्रमा प्रस्तुत गर्दा,

**चित्र नं. ७ - पुनः प्रवेश भएका विद्यार्थीहरूको जातिगत अवस्था**




स्रोत : विद्यार्थी भर्ना अभिलेख, २०६५

छनौट गरिएको क्षेत्रमा बहुसङ्ख्यक जनजाति र आदिवासीको बसोबास भएकोले विद्यालय छोडाइ र पुनः प्रवेशमा पनि यही जातिको सङ्ख्या बढी भएको स्पष्ट देखियो । जातिगत अध्ययन गर्न विद्यालय पुनः प्रवेश भएका विद्यार्थीहरूको समूहलाई ४ भागमा विभाजन गरियो; जसमा दलित (कामी, दमाईं, सार्की), जनजाति समूह (राई, लिम्बू, गुरुङ, तामाङ, मगर, शेर्पा, नेवार), आदिवासी समूह (चौधरी, धिमाल, माझी, सतार, राजवंशी) र अन्य जाति (ब्राह्मण, क्षेत्री) मा विभाजन गरी अध्ययन कार्य पूरा गरिएको थियो ।

## ४. २. ७. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको कक्षागत जातीय अवस्था

शोध अध्ययनको शीर्षकलाई सार्थक रुप दिनको लागि छनौटमा परेका विद्यालयका प्रावि तहका कक्षाहरुमा पुनः प्रवेश हुने विद्यार्थीहरुको पनि सङ्ख्या सङ्कलन गरिने कार्य गरिएको थियो । उक्त विद्यार्थीहरुको कक्षागत विवरण निम्नअनुसार पाइयो ।


**तालिका नं. ८ - पुनः प्रवेश भएका विद्यार्थीहरुको कक्षागत जातीय अवस्था**

| कक्षा | पुनः प्रवेश सङ्ख्या | दलित | | | जनजाति | | | आदिवासी | | | अन्य जाति | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | ६९ | ८ | ५ | १३ | १४ | ८ | २२ | १२ | १० | २२ | १२ | ६ | १८ |
| २ | ४८ | ६ | ३ | ९ | ७ | ६ | १३ | १० | ६ | १६ | १० | ४ | १४ |
| ३ | ३४ | ३ | २ | ५ | ७ | ३ | १० | ६ | ३ | ९ | ६ | १ | ७ |
| ४ | २७ | ३ | २ | ५ | ५ | २ | ७ | ३ | २ | ५ | १ | २ | ३ |
| ५ | १७ | १ | २ | ३ | ४ | २ | ६ | ३ | २ | ५ | १ | २ | ३ |
| जम्मा | १९५ | २१ | १४ | ३५ | ३७ | २१ | ५८ | ३४ | २३ | ५७ | ३० | १५ | ४५ |
| | १००% | १७.९% | | | २९.७% | | | २९.२३% | | | २३.०७% | | |

*स्रोत : स्थलगत सर्वेक्षण फारम २०६६ ।*

माथि उल्लेखित विवरणमा पुनः विद्यालय प्रवेश भएका १९५ विद्यार्थीहरुलाई ४ समूहमा विभाजन गरी कक्षागत रुपमा अध्ययन गर्दा दलित पुनः प्रवेश गर्ने कक्षा १ मा सबैभन्दा बढी १३ जना पाइयो । त्यस्तै कक्षा ५ मा पुनः प्रवेश गर्ने सङ्ख्या ३ मात्र देखिन्छ । त्यस्तै क्रमशः १४, २२, २२ र १८ जना जनजाति, आदिवासी र अन्य जातिका विद्यार्थी पुनः प्रवेश भएको पाइन्छ । समग्रमा आदिवासी र जनजातिका विद्यार्थीहरु नै पुनः प्रवेश बढी सङ्ख्या भएको पाइन्छ । उक्त विवरणलाई निम्नअनुसार वृत्तचित्रमा पनि प्रस्तुत गरिएको छ ।

**चित्र नं. ८ - पुनः प्रवेश भएका विद्यार्थीहरुको जातिगत अवस्था**




**स्रोत : स्थलगत सर्वेक्षण फारम, २०६६ ।**

प्रस्तुत वृत्तचित्रका आधारमा विद्यालय पुनः प्रवेश गर्ने सबैभन्दा बढी जनजाति छात्रछात्राहरु (२९.७%) देखिएका छन् भने सबैभन्दा कम पुनः प्रवेश गर्ने दलित विद्यार्थीहरु (१७.९%) देखिएका छन् । आदिवासी समूहका २९.२३% र अन्य समूहका २३.०७% विद्यार्थी पुनः प्रवेश भएका छन् ।

### ४. २. ८. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको विद्यालय क्रियाकलापमा सहभागिताको अवस्था

छनौट गरिएका विद्यालयका कक्षा १-५ सम्म पुनः प्रवेश भएका विद्यार्थीहरु विद्यालय नियमितता हुने अवस्था, कक्षाकार्यमा सहभागी हुने, गृहकार्य गर्ने र अनुशासनमा रहने विद्यार्थीहरुको अवस्था थाहा पाउन अनुसूची ९ बमोजिमको फारम विकसित गरी प्रयोग गरियो । उक्त फारमबाट सङ्कलित तथ्याङ्कबाट निम्न अनुसारको विवरण प्राप्त भयो, जसलाई तालिका नं. ९ मा देखाइएको छ ।


**तालिका नं. ९ - पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको विद्यालय सहभागिताको अवस्था**

| क्र.सं. | विद्यालयको नाम | विद्यालय नियमित हुने सङ्ख्या | कक्षाकार्यमा सहभागी हुने सङ्ख्या | गृहकार्यमा सहभागी हुने सङ्ख्या | अनुशासन कायम हुने सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पञ्चायत उमावि | १५ | १३ | १६ | १५ |
| २ | अमरसिंह उमावि | १२ | १४ | १३ | १२ |
| ३ | सिंहबाहिनी उमावि | १४ | १५ | १८ | १४ |
| ४ | सुनाखरी निमावि | १५ | १७ | १३ | १६ |
| ५ | हिरक निमावि | १४ | १६ | १२ | १३ |
| ६ | जनता निमावि | १२ | १४ | १३ | १० |
| ७ | आदर्श सीता प्रावि | १० | ११ | ९ | १० |
| ८ | सुन्तोली प्रावि | १३ | १२ | १० | १४ |
| ९ | रामलक्ष्मण प्रावि | १५ | १६ | १२ | १० |
| १० | जालपा प्रावि | १२ | १० | १२ | १४ |
| जम्मा | | १२९ | १३८ | १२८ | १०८ |
| | | ६२.२% | ७०.८% | ६५.६% | ५४.४% |

*स्रोत : स्थलगत सर्वेक्षण र विषय शिक्षकसँगको छलफल, २०६६ ।*

माथि उल्लेखित विवरणअनुसार पुनः प्रवेश भएका १९५ जना विद्यार्थीमध्ये विद्यालय नियमित हुने सङ्ख्या १२९ जना, कक्षाकार्यमा सहभागी हुने सङ्ख्या १३८ जना, गृहकार्य नियमित ल्याउने १२८ जना र विद्यालय नियम पालना गर्ने विद्यार्थी सङ्ख्या १०८ देखिन्छ । समग्रमा सबै क्रियाकलापमा मध्यमखालको अवस्था रहेको देखियो । उक्त विवरणलाई निम्नअनुसार स्तम्भचित्रमा पनि प्रस्तुत गरिएको छ ।

**चित्र नं. ९ - पुनः प्रवेश भएका विद्यार्थीहरूको विद्यालय क्रियाकलापमा सहभागिताको अवस्था**




स्रोत : स्थलगत सर्वेक्षण र विषय शिक्षकको छलफल, २०६६ ।

प्रस्तुत चित्रबाट १९५ जना पुनः विद्यालय प्रवेशमध्ये ६२.२% ले विद्यालय नियमित जाने गरेको देखिन्छ । ७०.८% विद्यार्थीहरु कक्षाकार्यमा सहभागी रहेको पाइन्छ । ६५.६% विद्यार्थीले गृहकार्य ल्याउने गरेको र ५५.४% विद्यार्थीहरु विद्यालयको नियम पालन गर्ने गरेको प्रस्ट देखिन्छ ।

## ४. २. ९. पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरूको सिकाइ उपलब्धि अवस्था

छनौटमा परेका १० वटा विद्यालयका कक्षा १-५ का ४० विद्यार्थीहरुले परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कलाई नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयको विषयगत रुपमा विश्लेषण गर्ने कार्य गरियो । उल्लेखित सबै विषयको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ३२ रहेको छ । जसमा कक्षा १ मा ४ केटा र ४ केटीको प्राप्ताङ्क, कक्षा २, ३, ४ र ५ मा क्रमशः ३

केटी र ५ केटाको प्राप्ताङ्क विवरणलाई विश्लेषण गरिएको छ । उक्त कक्षाहरुको विद्यार्थीको प्राप्ताङ्क विषयगत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १० - कक्षा ५ का विद्यार्थीहरूको प्राप्ताङ्क विवरण**

| विद्यार्थीको नाम | लिङ्ग | विषय र प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
| अर्जुन लिम्बू | पु | ५६ | ५५ | ४० | ६५ |
| वागवीर तामाङ | पु | ५४ | ४७ | ६० | ६२ |
| सहवीर राजवंशी | पु | ६० | ६२ | ५५ | ५८ |
| केवलचन्द्र गणेश | पु | ४० | ३८ | ४५ | ४२ |
| हरिप्रसाद दुलाल | पु | ४८ | ४५ | ४८ | ५६ |
| गीता न्यौपाने | म | ५२ | ५५ | ५२ | ४४ |
| रुपा मुसहर | म | ५३ | ४६ | ६० | ५५ |
| केशवमाया राई | म | ४७ | ५४ | ५६ | ५२ |
| जम्मा | | ४०० | ४०२ | ४१० | ४३४ |
| | | ५०% | ५०.२५% | ५१.२५% | ५४.२५% |

*स्रोत : विद्यालयमा रहेको मूल्याङ्कन अभिलेख, २०६५ ।*

प्रस्तुत कक्षा ५ मा पुनः प्रवेश भएका १७ विद्यार्थीमध्ये ५ छात्र र ३ छात्रा (४७%) को विषयगत प्राप्ताङ्कलाई विश्लेषण गर्दा सबै विषयमा ५०% भन्दा माथि प्राप्ताङ्क रहेको देखिन्छ । सबैभन्दा कम प्राप्ताङ्क औसत नेपाली विषयमा ५०% र सबैभन्दा बढी प्राप्ताङ्क विज्ञान (वातावरण) विषयमा ५४.२५% देखिन्छ । गणित र अङ्ग्रेजी विषयमा पनि क्रमशः ५१.२५% र ५०.२५% प्राप्ताङ्क औसत रुपमा रहेको छ । समग्रमा हेर्दा सबै विषयमा पुनः प्रवेश गर्ने कक्षा ५ का विद्यार्थीको प्राप्ताङ्क मध्यम रुपमा रहेको छ ।

कक्षा ४ मा पुनः प्रवेश भएका २७ विद्यार्थीमध्ये ३ छात्रा र ५ छात्रको परीक्षामा विषयगत रुपमा प्राप्त गरेको प्राप्ताङ्क निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ - कक्षा ४ का विद्यार्थीहरूको प्राप्ताङ्क विवरण**

| विद्यार्थीको नाम | लिङ्ग | विषय र प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
| हिमालय दर्जी | पु | ५१ | ५३ | ४४ | ७१ |
| साने विक | पु | ५७ | ५७ | ४६ | ६८ |
| दोर्जे लामा | पु | ६१ | ५६ | ५७ | ५१ |
| श्याम कार्की | पु | ५२ | ५२ | ५३ | ५५ |
| सतिस यादव | पु | ५५ | ४१ | ४७ | ६५ |
| रामपिरत राय | म | ५६ | ५४ | ४३ | ६२ |
| मनु तामाङ | म | ५३ | ६२ | ५५ | ६८ |
| वविता सार्की | म | ४० | ५८ | ४५ | ५० |
| जम्मा | | ४३५ | ४४१ | ३९० | ४८० |
| | | ५४.३७% | ५५.१२% | ४८.७५% | ६०% |

*स्रोत : विद्यार्थी मूल्याङ्कन अभिलेख, २०६५ ।*

माथि उल्लेखित कक्षा ४ का ८ जना विद्यार्थीहरुको प्राप्ताङ्कको विश्लेषण गर्दा गणित विषयमा पुनः प्रवेश गर्ने विद्यार्थीहरुको औसत प्राप्ताङ्क न्यून अर्थात् ४८.७५% मात्र देखिन्छ । विज्ञान विषयमा भने औसत प्राप्ताङ्क ६०% रहेको छ । नेपाली र अङ्ग्रेजी विषयको प्राप्ताङ्क भने ५०% भन्दा माथि रहेको पाइएको छ । समग्रमा पुनः प्रवेश भएका कक्षा ४ का विद्यार्थीहरु गणित विषयमा कमजोर रहेका देखिन्छन् ।

कक्षा ३ मा पुनः प्रवेश भएका ३४ विद्यार्थीमध्ये ३ छात्रा र ५ छात्रा (२३.५%) ले विषयगत रुपमा प्राप्त गरेको प्राप्ताङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२ - कक्षा ३ का विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क विवरण**

| विद्यार्थीको नाम | लिङ्ग | विषय र प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
| राकेश कार्कीढोली | पु | ६३ | ५५ | ५८ | ७२ |
| दानवीर मुसहर | पु | ५७ | ६१ | ६२ | ६८ |
| मनोज वि.क. | पु | ५५ | ५३ | ३८ | ७० |
| आयुश राई | पु | ६२ | ६२ | ४४ | ६२ |
| शिवकुमार राई | पु | ६१ | ६४ | ५६ | ५८ |
| चित्रमाया दनुवार | म | ५६ | ४४ | ४२ | ४२ |
| हिमा दर्जी | म | ५४ | ५५ | ५५ | ५८ |
| दिलमाया राई | म | ५२ | ४८ | ५३ | ६२ |
| जम्मा | | ४६० | ४४३ | ३९८ | ४९२ |
| | | ५७.५% | ५५.७५% | ४९.७५% | ६१.२५% |

*स्रोत : विद्यार्थी मूल्याङ्कन अभिलेख, २०६५ ।*

माथि उल्लेखित कक्षा ३ का ८ विद्यार्थीहरु (३ छात्रा र ५ छात्र) ले वार्षिक परीक्षामा ४ वटा विषयहरुमा प्राप्त प्राप्ताङ्कहरुमध्ये गणित विषयमा औसत प्राप्ताङ्क ४९.७५% मात्र रहेको छ । सबैभन्दा राम्रो औसत प्राप्ताङ्क विज्ञान विषयमा ६१.२५% प्राप्त गरेको देखिन्छ । नेपाली र अङ्ग्रेजी विषयमा पनि सामान्यतया ५०% भन्दा माथि अर्थात् ५७.५% र ५५.७५% रहेको छ ।

कक्षा २ मा ४८ जना विद्यार्थीहरुले पुनः विद्यालय प्रवेश गरेका थिए । त्यसमध्ये प्रस्तुत अध्ययनका लागि जम्मा ८ जनालाई नमूनाका रुपमा लिइएको थियो । यसमा छात्रा र छात्रको सङ्ख्या क्रमशः ३ र ५ (१६.६%) रहेको छ । उनीहरुले नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान गरी ४ वटा विषयमा वार्षिक परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३ - कक्षा २ मा अध्ययन गर्ने विद्यार्थीहरूको प्राप्ताङ्क विवरण**

| विद्यार्थीको नाम | लिङ्ग | विषय र प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
| डम्बरबहादुर बस्नेत | पु | ६१ | ५५ | ५४ | ७२ |
| मेघराज लिम्बू | पु | ५९ | ६१ | ४७ | ७४ |
| गोपाल वि.क. | पु | ५८ | ६३ | ४८ | ६१ |
| हर्क वि.क. | पु | ५४ | ५२ | ५२ | ६८ |
| रामनारायण मण्डल | पु | ६० | ४२ | ४३ | ५५ |
| सावित्रा झाँगड | म | ६२ | ३८ | ३७ | ४८ |
| सरीता मगर | म | ४४ | ४४ | ५२ | ६० |
| कविता निरौला | म | ३८ | ६२ | ४८ | ५२ |
| जम्मा | | ४३६ | ४१७ | ३८१ | ४९० |
| | | ५४.५% | ५२.१२% | ४७.६२% | ६१.२५% |

*स्रोत : विद्यार्थी मूल्याङ्कन अभिलेख, २०६५ ।*

माथि उल्लेखित तालिकामा देखाइएका ८ जना विद्यार्थीहरुले ४ वटा विषयमा प्राप्त गरेको प्राप्ताङ्कलाई हेर्दा सबैभन्दा कम प्राप्ताङ्क गणित विषयमा ४७.६२% र सबैभन्दा बढी औसत प्राप्ताङ्क विज्ञान विषयमा ६१.२५% रहेको छ । नेपाली र अङ्ग्रेजी विषयमा भने औसत प्राप्ताङ्क क्रमशः ५४.४% र ५२.१२% रहेको देखिन्छ । समग्रमा हेर्दा सबैभन्दा न्यून अङ्क गणित विषयमा र उच्च अङ्क विज्ञान विषयमा रहेको छ ।

त्यसैगरी कक्षा १ मा पुनः विद्यालय प्रवेश भएका ६९ जना विद्यार्थीमध्ये ४ जना छात्र र ४ जना छात्रा गरी जम्मा ८ जना (१२%) विद्यार्थीले नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयमा प्राप्त गरको प्राप्ताङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ - कक्षा १ का विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क विवरण**

| विद्यार्थीको नाम | लिङ्ग | विषय र प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
| सरोज दर्नाल | पु | ७४ | ८० | ७२ | ८० |
| विरेन राई | पु | ७८ | ७४ | ६८ | ७५ |
| दिपक चौधरी | पु | ७३ | ७२ | ५५ | ८१ |
| रामबहादुर खत्री | पु | ७४ | ७५ | ६२ | ६८ |
| रीना तामाङ | म | ७२ | ७३ | ६३ | ७२ |
| सीता राई | म | ६८ | ६७ | ६४ | ५६ |
| वीना वि.क. | म | ७० | ७२ | ५६ | ७२ |
| पिङ्की पौडेल | म | ६५ | ६८ | ४४ | ६३ |
| जम्मा | | ५६४ | ५७१ | ४८४ | ५६७ |
| | | ७०.५% | ७१.३७% | ६०.५% | ७०.८% |

*स्रोत : विद्यार्थी मूल्याङ्कन अभिलेख, २०६५ ।*

उल्लेखित तालिकामा कक्षा १ का विद्यार्थीहरुले ४ वटा विषयमा प्राप्त गरेको विषयगत प्राप्ताङ्कहरुमा सबैभन्दा राम्रो अङ्ग्रेजी विषयको औसत प्राप्ताङ्क ७१.३७% पाइयो भने न्यून औसत प्राप्ताङ्कको रुपमा गणित विषयमा ६०.५% देखिन्छ । नेपाली र विज्ञान विषयमा भने क्रमशः औसत प्राप्ताङ्क ७०.५% र ७०.८% रहेको छ। समग्रमा कक्षा १ को विषयगत प्राप्ताङ्क अन्य कक्षाको भन्दा राम्रो देखिन्छ।

कक्षा १, २, ३, ४ र ५ का ४ वटा विषयहरुलाई औसत रुपमा पनि निम्नअनुसार प्रस्तुत गरिएको छ।

**तालिका नं. १५ - पुनः प्रवेश भएका विद्यार्थीहरूको औसत प्राप्ताङ्क विवरण**


| कक्षा | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान |
|---|---|---|---|---|
| १ | ७०.५% | ७१.३७% | ६०.५% | ७०.८% |
| २ | ५४.५% | ५२.१२% | ४७.६२% | ६१.२५% |
| ३ | ५७.५% | ५५.७५% | ४९.७५% | ६१.२५% |
| ४ | ५४.३७% | ५५.१२% | ४८.७५% | ६०% |
| ५ | ५०% | ५०.२५% | ५१.२५% | ५४.१२% |
| जम्मा औसत | ५७.३७% | ५६.९२% | ५१.५७% | ६१.४८% |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।*

उल्लेखित विवरणमा सबै कक्षाका सबै विषयहरुको औसत प्राप्ताङ्क विश्लेषण गर्दा सबैभन्दा राम्रो औसत प्राप्ताङ्क विज्ञान विषयमा ६१.४८% र सबैभन्दा न्यून प्राप्ताङ्क

गणित विषयमा ५१.५७% मात्र देखिन्छ । बाँकी नेपाली र अङ्ग्रेजी विषयको औसत प्राप्ताङ्क भने क्रमशः ५७.३७% र ५६.९२% रहेको छ । उक्त औसत प्राप्ताङ्कलाई निम्नअनुसार स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. १० - पुनः प्रवेश भएका विद्यार्थीहरूको औसत प्राप्ताङ्क विवरण**




स्रोत : विद्यार्थी मूल्याङ्कन अभिलेख, २०६६ ।

उल्लेखित स्तम्भचित्रमा ४० जना विद्यार्थीहरुले नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयमा पुनः प्रवेश भई परीक्षामा सामेल भई प्राप्त गरको प्राप्ताङ्कलाई देखाइएको छ । जसमा गणित विषयमा सबै कक्षाका विद्यार्थीहरु कमजोर रहेको देखिन्छ भने विज्ञान विषयमा औसत अन्य विषयभन्दा सवल रहेको पाइयो । समग्रमा सिकाइ उपलब्धिको लेखाजोखा गर्दा कक्षा १ को सिकाइ उपलब्त्रि ६८.२३% पाइयो, जुन गणित विषयको भन्दा बढी र क्रमशः नेपाली, अङ्ग्रेजी र विज्ञान विषयको औसत प्राप्ताङ्कभन्दा कम हुनुलाई कक्षा १ मा पुनः प्रवेश भएका विद्यार्थीहरुको सिकाइ उपलब्धि नियमित विद्यार्थीको भन्दा न्यून पाइयो । त्यसैगरी कक्षा २ को सिकाइ उपलब्धि ५३.८३% मात्र देखियो, जुन गणित र अङ्ग्रेजी विषयको औसत प्राप्ताङ्कभन्दा बढी र अन्य नेपाली र विज्ञान विषयको भन्दा कम देखिनुले कक्षा २ मा गणित र अङ्ग्रेजी विषयमा पुनः प्रवेश भएका विद्यार्थीहरुको सिकाइ उपलब्धि पनि न्यून नै रहेको प्रस्ट हुन्छ । त्यस्तै कक्षा ३ को सिकाइ उपलब्धि ५६.०६ रहेको पाइयो, जुन औसत सिकाइ उपलब्धि गणित, अङ्ग्रेजी र नेपाली विषयको प्राप्ताङ्कभन्दा

कमी र विज्ञान विषयको भन्दा कम देखिनुले पुनः प्रवेश भएका कक्षा ३ का विद्यार्थीहरु विज्ञान विषयको तुलनामा अन्य विषयमा कमजोर रहेको प्रस्ट हुन्छ ।

कक्षा ४ का विद्यार्थीको विषयगत सिकाइ उपलब्धिको औसत ५४.५६% देखियो । यस कक्षाको औसत उपलब्धि विज्ञान र अङ्ग्रेजीको भन्दा कम देखिनु यस कक्षामा पुनः प्रवेश भएका विद्यार्थीहरु गणित र नेपाली विषयमा अन्य २ विषयभन्दा कमजोर रहेको पाइयो ।

त्यसैगरी कक्षा ५ को औसत सिकाइ उपलब्धि ५१.४३% मात्र देखिनु विषयगत औसतभन्दा र विज्ञान विषयभन्दा कम पाइयो । यसरी हेर्दा कक्षागत रुपमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा सिकाइ उपलब्धि घट्दै गएको र विषयगत रुपमा भने तल्लो कक्षामा कमजोर प्राप्ताङ्क भएको विषय नै माथिल्लो कक्षामा पनि कमजोर हुने गरेको तथ्य उजागर रहेको पाइयो । सबै कक्षाको विषयगत औसत हेर्दा नेपाली विषयमा ५७.३७%, अङ्ग्रेजी विषयमा ५६.९२%, गणित विषयमा ५१.५७% र विज्ञान विषयमा ६१.४८% औसत उपलब्धि रहेको पाइयो । घरायसी र विद्यालयको वातावरण, परीक्षा प्रणाली, सिकाइ विधिका तौरतरिकाहरुले पनि पुनः प्रवेश भएका विद्यार्थीहरुलाई प्रभाव पारेको उनीहरुले प्राप्त गरेको प्राप्ताङ्कको विश्लेषणले प्रस्ट पाऱ्यो भन्ने निष्कर्ष दिन सकिन्छ ।

## ४. ३. प्राथमिक तहमा पुनः प्रवेश गर्ने कार्यमा भोगिएका समस्याहरू

मोरङ जिल्लाको पथरी स्रोतकेन्द्रमा आबद्ध भएका ४ वटा गाविसका ४१ वटा सामुदायिक विद्यालयहरुमध्ये शोध अध्ययनका लागि छनौट भएका १० वटा विद्यालयको प्राथमिक तहमा २०६४ सालमा ७९५ जना विद्यार्थीले शैक्षिक सत्रको बीचैमा विद्यालय छाडेका थिए । विद्यालय छाडेका १९५ विद्यार्थी पुनः विद्यालय प्रवेश भएको पाइयो । विद्यालय छाडेको सङ्ख्याको २४.५२% ले मात्र पुनः विद्यालय प्रवेश हुन सक्नुबाट यो कार्यमा जटिल समस्या रहेको थाहा भयो ।

विद्यालय पुनः प्रवेश गराउन कस्ता समस्याहरु आइपरेका छन् भन्ने विषयमा अध्ययन गर्नु आवश्यक भएकोले सम्बन्धित विद्यालयका शिक्षकहरु, प्रधानाध्यापकहरु, पुनः विद्यालय प्रवेश भएका विद्यार्थीका अभिभावकसँग अन्तर्वार्ता र समूह छलफल गरिएको थियो । यस कार्यका लागि प्रत्येक विद्यालयका प्राथमिक तहमा अध्यापन गर्ने १/१ जना

शिक्षकहरु, १० जना प्रअहरु र २० जना अभिभावकहरु गरी जम्मा ४० जनासँग अन्तर्वार्ता र समूह छलफल गरी जानकारी लिइएको थियो ।

## ४. ३. १. पुनः विद्यालय प्रवेशसम्बन्धमा शिक्षकहरूले औंल्याएका समस्याहरू

प्रत्येक विद्यालयका प्राथमिक तहमा अध्यापन गर्ने र पुनः विद्यालय प्रवेश कार्यक्रममा सहभागी हुने १/१ जना शिक्षकहरुसँग छुट्टाछुट्टै रुपमा अनुसूची ११ अनुसारका प्रश्नावलीका आधारमा अन्तर्वाता लिइएको थियो । उक्त अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार पुनः प्रवेशमा निम्न समस्याहरु रहेको पाइयो । पुनः प्रवेश गराउनुपर्ने विद्यार्थीको पारिवारिक आर्थिक अवस्था कमजोर रहेकोले उनीहरुको आर्थिक स्तर वृद्धि गर्नुपर्ने समस्या रहेको थाहा भयो । अन्तर्वार्तामा सहभागी १० जना (१००%) शिक्षकहरु यस धारणामा एकमत भएको पाइयो । विद्यालय छाडेर बालश्रमिकका रुपमा काम गर्ने बढी बालबालिका रहेकोले उनीहरुलाई पुनः विद्यालय फर्काउन समस्या रहेको जानकारी प्राप्त भयो । बालश्रमका बारेमा बढी केन्द्रित हुने ६ जना (६०%) शिक्षक थिए भने ४ जना (४०%) शिक्षकले गौण रुपमा उठाएको पाइयो ।

प्रायः अभिभावक अशिक्षित र कुलतमा फसेकाले आफ्ना बालबालिकालाई घरको सानोतिनो काममा लगाएको कारण घरधन्दाको सहयोगमा अवरोध पुग्ने धारणा ७ जना (७०%) शिक्षकले राखेको पाइयो भने पढाइको महत्व नबुझेर पुनः प्रवेशमा चासो नराख्ने अभिभावकको धारणा ३ जना (३०%) शिक्षकले राखेका थिए । विद्यालय (निमावि) टाढा पठाउनुपर्छ, त्यसैले समयमै विद्यालय छोडाएर राख्ने गरेको धारणा पनि प्रायः सबै शिक्षकले अन्तर्वार्तामा उठाएको पाइयो । प्रायः दलित परिवारका छोराछोरी छात्रवृत्ति पाउने आशाले नजिकका धेरै विद्यालयमा नाम लेखाउने र छात्रवृत्तिको समयमा रकम बुझ्न आउने तर निश्चित एक ठाउँमा मात्र पढ्ने गरेको समस्या पनि सबै शिक्षकले उठाएको पाइयो । पुनः प्रवेश हुन चाहने विद्यार्थी कक्षागत उमेरभन्दा बढी उमेर भएकोले विद्यालय छाडेको धारणा पनि ४०% (४ जना) शिक्षकले उठाएको पाइयो भने विद्यालयले उचित शैक्षिक वातावरण दिन नसकेको धारणा ६०% (६ जना) शिक्षकले उठाएका थिए ।

खराब सङ्गत र राजनीतिक द्वन्द्वका कारण अभिभावक विद्यालय छाडेर बसेका विद्यार्थी पुनः विद्यालय पढाउन नचाहेको धारणासमेत अन्तर्वार्ताका क्रममा शिक्षकहरुले उठाएको पाइयो । विद्यालय बढी बिदा हुने, हडताल बढी हुने, विद्यालय पनि जाने घरको

काम पनि नहुने भएकोले घरको काममा पोख्त बनाउन विद्यार्थी पुनः विद्यालय नपठाउने गरेको समस्या समेत अन्तर्वार्ताका सहभागी शिक्षकहरुले उठाएको पाइयो । विद्यालयमा राजनीतिक हस्तक्षेप बढी हुने, शिक्षकको दरबन्दी कम हुने, विद्यालयको भौतिक पक्ष कमजोर रहने आदि कारण पनि पुनः विद्यालय प्रवेशका लागि समस्या बनेको धारणा सबै शिक्षकले स्वीकार गरेको पाइयो । यसर्थ शिक्षकहरुले मुख्य गरी पुनः प्रवेशमा देखापरेका समस्याहरुमा पारिवारिक आर्थिक अवस्था, बालश्रमिक, कुलत, विद्यालयको शैक्षिक र भौतिक पक्ष, राजनीतिक हस्तक्षेप, दोहोरो भर्ना जस्ता विषयहरु समस्याको रुपमा औँल्याएको पाइयो ।

## ४. ३. २. प्रधानाध्यापकहरूले औँल्याएका समस्याहरू

पथरी स्रोतकेन्द्रमा आबद्ध ४१ वटा सामुदायिक विद्यालयमध्ये छनौटमा परेका ३ उमावि, ३ निमावि र ४ प्राविका जम्मा १० विद्यालयका प्रधानाध्यापकहरुबीच विद्यालय छाडेर पुनः विद्यालय प्रवेश गराउन परेका समस्याहरुको बारेमा सामूहिक छलफल चलाइएको थियो । उक्त छलफलमा अनुसूची ८ अनुसारका प्रश्नहरु प्रयोग गरिएको थियो । त्यस कार्यक्रममा सहभागीहरुले निम्न समस्याहरु औँल्याएका थिए ।

धेरैजसो विद्यालय छाड्ने विद्यार्थीहरुले घरायसी आर्थिक अवस्था विपन्न रहेकोले आर्थिक अवस्था उकास्ने कार्य समस्यामूलक रहेको पाइयो । लैङ्गिक विभेदको परम्परागत सोचले पनि प्रायः छात्राहरुलाई पुनः प्रवेशमा समस्या भएको सामूहिक छलफलमा सहभागी ५०% प्रधानाध्यापकले आफ्नो धारणा व्यक्त गरेको पाइयो भने ५०% ले अशिक्षा र पुरानो चिन्तनबाट ग्रसित समस्या उठान गरेको पाइयो । विद्यालय छाडेका विद्यार्थी पढाइमा कमजोर हुने र परीक्षामा असफल हुने डरले पनि त्यस्ता विद्यार्थीलाई पुनः विद्यालय प्रवेश गराउन समस्या हुने गरेको सहभागी सबै प्रधानाध्यापकको धारणा पाइयो । परीक्षा प्रणाली वैज्ञानिक र व्यावहारिक नभएको वर्तमान अवस्थाले पनि पुनः विद्यालय प्रवेशमा समस्या गराएको ८०% प्रधानाध्यापकले उठाएको पाइयो भने बाँकी २०% ले विद्यार्थीले आफूले चाहेको विषयवस्तु नपाएर पनि विद्यालय छाडेको कारणले पुनः प्रवेशमा समस्या हुने गरेको धारणा औँल्याएका थिए ।

सामूहिक छलफलका क्रममा सहपाठी र शिक्षकहरुको व्यवहारका कारण विद्यालय छाडेका विद्यार्थीलाई पुनः प्रवेश गराउन सहपाठी र शिक्षकको व्यवहारमा परिवर्तन ल्याउन

समेत समस्या रहेको सहभागी प्रधानाध्यापकहरुको एकमत रहेको पाइयो । कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थीहरु विद्यालय बढी बीचैमा छाड्ने गरेका र तिनलाई पुनः विद्यालय प्रवेश गराउन समस्या भएको धारणा ६०% प्रधानाध्यापकहरुले व्यक्त गरे भने यो उमेरका कारण मात्र पूर्ण होइन भन्ने ४०% प्रधानाध्यापकहरुको धारणा पाइयो । सामूहिक प्रधानाध्यापकहरुको छलफलमा अस्थिर बसोबास र बसाइँ सराइ समस्या पनि पुनः प्रवेशको मुख्य समस्या रहेको विचार पनि ३०% ले व्यक्त गरेको पाइयो भने बसाइँ सराइको कारण गौण समस्या हो भन्ने राय पनि सामूहिक छलफलमा औँल्याइएको थियो । विद्यालयलाई समाहित, समावेशी, बालमैत्री बनाउन नसक्नु पनि पुनः विद्यालय प्रवेशमा समस्या भएको राय सहभागी सबैले व्यक्त गरेको पाइयो । व्यावसायिक शिक्षा र अङ्ग्रेजी भाषाप्रति आकर्षण बढ्नु तथा मातृभाषामा पढाइ नहुनुका समस्याहरु पनि प्रमुख रुपमा उठान गरिएको पाइयो । विद्यालयको शैक्षिक समस्या र विद्यार्थीहरुको मनोवैज्ञानिक समस्या, सामाजिक समस्याहरु नै पुनः प्रवेशका बाधक रहेको कुरा प्रअहरुले औँल्याएको पाइयो ।

### ४. ३. ३. अभिभावकहरूले औँल्याएका समस्याहरू

पथरी स्रोतकेन्द्रका ४१ सामुदायिक विद्यालयमध्ये छनौटमा परेका १० विद्यालयका विद्यालय छाडेर पुनः विद्यालय प्रवेश गरेका १९५ जना विद्यार्थीमध्ये नमूना छनौटमा परेका ४० विद्यार्थी (१६ छात्रा र २४ छात्र) मध्येका अभिभावक २० जनालाई अन्तर्वार्तामा सहभागी गराइएको थियो । अनुसूची १० अनुसारका प्रश्नका आधारमा उनीहरुसँग अन्तर्वार्ता लिइएको थियो । उक्त अन्तर्वार्तामा अभिभावकहरुले औँल्याएका समस्याहरु निम्नअनुसार पाइयो ।

सन्तान बढी भएका कारण सबै छोराछोरीलाई दोहोऱ्याएर विद्यालय पढाउन नसकेको समस्या अन्तर्वार्तामा सहभागी ५ जना (२५%) अभिभावकले आफ्नो धारणा राखेका थिए भने १० जना अभिभावकले आर्थिक समस्याले पुनः विद्यालय प्रवेश नगराएको राय व्यक्त गरे । ५ जनाले घरको रेखदेख गर्ने मानिसको अभावले विद्यालय छाडेको र पुनः प्रवेश नभएको धारणा राखेको पाइयो । विद्यार्थी विद्यालय जान मन नगरेर पुनः विद्यालय नपठाएको धारणा ४ जना (२०%) अभिभावकले राखेका थिए भने आमाबाबु अशक्त भएकोले घरमा काम गर्न र भाइबहिनीको हेरचाह गर्न विद्यालय छाडेर बसेका

बालबालिकालाई पुनः विद्यालय नपठाएको धारणा १० जना (५०%) अभिभावकले राखेको पाइयो ।

साथीको सङ्गतमा विद्यालयबाट भाग्ने र लामो समयपछि विद्यालय छाडेर अर्काको घरमा काम गर्न बसेका र शिक्षकहरुको सरसल्लाहबाट पुनः विद्यालय प्रवेश गराएको धारणासमेत अन्तर्वार्तामा सहभागी २ जना अभिभावकले राय दिएका थिए । घरायसी समस्याले गर्दा पुनः प्रवेश नगराएको धारणा १० जना अभिभावकले आफ्नो विचार व्यक्त गरेका थिए भने बाँकी ५ जना अभिभावकले आयआर्जनका लागि बालश्रममा बसेको विचार व्यक्त गरे । भाषाको समस्याले पढाइ नबुझ्रेर विद्यालय छाडेको धारणा जनजाति अभिभावकले राखेका थिए भने उमेर बढी भएर पढ्न नमानेको धारणा दलित अभिभावकले व्यक्त गरेका थिए । आफू घरमा नभएको र घरमा आमाले विद्यालय नपठाएको एक आदिवासी अभिभावकले बताएका थिए । समयमा पाठ्यपुस्तक, छात्रवृत्ति र अन्य सहयोगका सामान उपलब्ध नहुने कारणसमेत सहभागी अभिभावकले समस्या राखेका थिए ।

परम्परागत सोच र पुर्ख्यौली सोचका कारण छोरीलाई विद्यालय छाड्न बाध्य पारेको र पछि सो सोचमा परिवर्तन आई पुनः प्रवेश भएको विचार पनि २ जना अभिभावकले बताए भने बसाइँ सराइ, राजनीतिक द्वन्द्व आदिको कारण पनि समस्या बनेको धारणासमेत व्यक्त भएको थियो । परीक्षा प्रणाली, विद्यालय व्यवस्थापन, भौतिक स्रोत र साधनको अभाव, स्टेशनरी सामानको अभाव पनि विद्यालय छोडाइका कारण रहेको अन्तर्वार्तामा सहभागी अभिभावकबाट जानकारी प्राप्त भयो । विद्यालयमा भाषागत समस्या तथा गणित विषयमा विद्यार्थी चाख नदिने कारणले विद्यालयमा दिइएको गृहकार्य गर्न मन नगर्ने र विद्यालय जान मन नगरी विद्यालय छाड्ने प्रवृत्ति बढ्दै गएको समस्या ७०% अभिभावकले राखे भने ३०% अभिभावकले घरमा पनि विद्यालयको कार्यमा सहयोग गर्ने गरेकाले भाषाको समस्या र गणित विषयमा खासै समस्या होइन भन्ने धारणा व्यक्त गरिएको पाइयो । विद्यालयमा मनोरञ्जन सामानको अभाव र अतिरिक्त कार्यक्रमले विद्यार्थी आकर्षण नगरेको धारणा समेत ४०% सहभागीले उठाएका थिए भने विद्यालय परिवारको व्यवहारलाई दोष लगाउने ३०% अभिभावक थिए । बाँकी ३०% ले आफ्नो र आफ्ना बालबालिकाको व्यवहारको कारण विद्यालय छाड्ने गरेको धारणा राखेका थिए ।

यसरी समग्रमा पुनः प्रवेशमा देखिएका समस्याहरुका रुपमा आर्थिक अवस्था, पारिवारिक सङ्ख्या बढी, सङ्गत, भाषाको समस्या, परम्परागत सोच, परीक्षा प्रणाली, विषयगत र व्यावसायिक शिक्षाको कमी, मनोरञ्जन र खेलकुदका सामानको अभाव आदि कारणले विद्यालय पुनः प्रवेशमा समस्याहरु औंल्याइएको पाइयो ।

## ४. ४. पुनः विद्यालय प्रवेश गराउने निकायहरू र तिनले गर्ने सहयोग

पथरी स्रोतकेन्द्रमा आबद्ध रही छनौटमा परेका १० विद्यालयमा अध्ययनका लागि भर्ना भई बीचैमा विद्यालय छाडेका विद्यार्थीहरुलाई पुनः विद्यालय फर्काउने कार्य समस्यामूलक भए तापनि यस कार्यमा सहयोग गर्ने निकायबारे पनि शोध अध्ययन गरिएको थियो । यस स्रोतकेन्द्रका १० वटा विद्यालयका प्राथमिक तहमा २०६४ सालमा विद्यालय छाडी पुनः २०६५ सालमा पुनः विद्यालय प्रवेश भएका १९५ जना विद्यार्थीमध्ये २०% (४० जना) लाई छनौट गरी अन्तर्वार्तामा सरिक गराइएको थियो । त्यस्तै १०% (२० जना) अभिभावकलाई पूरक प्रश्न राखी पुनः प्रवेशबारे थप जानकारी लिइएको थियो ।

### ४. ४. १. अभिभावबाट प्राप्त जानकारीहरू

प्रस्तुत शोध अध्ययनको शीर्षकमा थप जानकारी लिन छनौटमा परेका अभिभावकहरुसँग प्रत्यक्ष भेटघाट र अन्तर्वार्ता लिइएको थियो । अनुसूची १० बमोजिमका प्रश्नका आधारमा गरिएको भेटघाट र अन्तर्वार्ताबाट पुनः प्रवेशबारे निम्न जानकारी प्राप्त भएको थियो ।

२०६३ सालमा यस यस स्रोतकेन्द्रमा PSDC कार्यक्रम सञ्चालन भएको र त्यसबाट प्रभावित भई छोराछोरीलाई पुनः विद्यालय फर्काउन सकिएको १२ जना (६०%) अभिभावकले जानकारी गराएका थिए भने बाँकी ८ जना (४०%) अभिभावकले PSDC को कार्यक्रमबारे भन्दा पनि अन्य कारण उल्लेख गरेका थिए । सम्बन्धित विद्यालयका शिक्षकहरुले पुनः प्रवेश गर्न सरसल्लाह दिएको ५०% (२० जना) अभिभावकले जानकारी गराएका थिए भने स्थानीय छरछिमेकको सरसल्लाहमा पुनः प्रवेश गराइएको ४०% (८ जना) अभिभावकले जानकारी गराएका थिए । त्यस्तै स्थानीय बालक्लवको सहयोगमा पुनः विद्यालय प्रवेश गराएको १०% अभिभावकले जानकारी दिएका थिए ।

पुनः प्रवेशमा प्लान नेपाल, वन उपभोक्ता समिति र गाविसले विपन्न वर्गका लागि छोराछोरी विद्यालय पढाउन आर्थिक र जिन्सी सहयोग पुऱ्याएर पुनः प्रवेशमा सहयोग

पुऱ्याएको जानकारी ६०% अभिभावकले दिएका थिए । बाँकी ४०% अभिभावकले गैरसरकारी संस्थाले स्टेशनरी सामानसहित प्रेरित गरेको जानकारी दिएका थिए ।

बालअधिकारकर्मीले विद्यालय पुनः प्रवेश गर्न दबाब तथा अनुरोध गरेको जानकारी ३०% अभिभावकले दिएका थिए भने स्थानीय बालक्लवका बालसमितिले विद्यालय पुनः प्रवेश गर्न दबाब दिएको जानकारी २०% अभिभावकले जानकारी दिएका थिए । त्यस्तै विद्यालयका प्रअ, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारीहरु र विद्यार्थीहरुको विद्यालय भर्ना अभियान कार्यक्रमबाट प्रभावित भई पुनः विद्यालयमा प्रवेश गराएको ५०% अभिभावकले जानकारी दिएका थिए ।

## ४. ४. २. विद्यार्थीहरूबाट प्राप्त जानकारी

यो शोध अध्ययनका लागि छनौट गरिएका ४० जना पुनः प्रवेश भएका विद्यार्थीहरुसँग अनुसूची १० अनुसारको अन्तर्वार्ता प्रश्नावली खाकाका आधारमा जानकारी लिइएको थियो । छनौटमा परेका विद्यार्थीहरुलाई छुट्टाछुट्टै रुपमा अन्तर्वार्ता लिई जानकारी लिइएको थियो, जुन निम्नअनुसार छन् ।

PSDC कार्यक्रमका उत्प्रेरकको प्रेरणाबाट पुनः प्रवेश हुन प्रेरित भएको जानकारी अन्तर्वार्तामा सहभागी ७०% विद्यार्थीहरुले दिएका थिए भने बाँकी ३०% ले आफूलाई पुनः पढ्न मन लागेर पुनः विद्यालय प्रवेश भएको जानकारी दिएका थिए । विद्यार्थी भर्ना अभियानमा विद्यार्थीहरु, शिक्षकहरु, प्रअसमेत संलग्न भई परिवारसँग अनुरोध गरेका कारण पुनः प्रवेश भएको जानकारी ५०% (२० जना) विद्यार्थीले बताएका थिए भने बाँकीले अन्य कारणहरु उल्लेख गरेका थिए । बालक्लव तथा मानवअधिकारकर्मीहरुको दबाबमा परिवारले पुनः प्रवेश गराउन मदत पुगेको जानकारी १० जना (२५%) विद्यार्थीले जानकारी दिएका थिए । प्लान नेपाल, गाविस र वन उपभोक्ता समितिले आर्थिक सहयोग दिई पुनः प्रवेशमा सहयोग पुऱ्याएको जानकारी पनि अन्तर्वार्तामा सहभागी प्रायः सबैले दिएका थिए ।

छिमेकी र आफन्तले पुनः विद्यालय प्रवेश गर्न प्रेरित गरेको बताउने अन्तर्वार्तामा सहभागी ५ विद्यार्थी थिए । साथी, दौँतरीहरुको सल्लाह अनुसार पुनः विद्यालय प्रवेश भएको जानकारी ३ जना विद्यार्थीले दिएका थिए । आफ्नै अभिभावकले पुनः प्रवेश गराइदिएको जानकारी ७ जना विद्यार्थीले दिएका थिए । समग्रमा अभिभावक र विद्यार्थीसँग अनुसूची ६

(क) र (ख) अनुसारका प्रश्नबाट लिइएको अन्तर्वार्ताका आधारमा प्राप्त जानकारीलाई विश्लेषण गर्दा विद्यालय पुनः प्रवेश गराउनका लागि प्रयास गर्ने निकायहरु निम्नअनुसार रहेको पाइयो ।

क) PSDC कार्यक्रम

ख) विद्यालय

ग) गाविस

घ) सामाजिक संघसंस्था

ङ) बालक्लवहरु

च) सहपाठी साथीहरु

छ) आफन्त र छिमेकीहरु

ज) वन उपभोक्ता समिति ।

उपर्युक्त निकायहरुले पुनः प्रवेश गर्न निम्नअनुसारको कार्य गरेको समेत अध्ययनका क्रममा सहभागी भएका शिक्षकहरु, अभिभावकहरु र प्रअहरुको छलफलबाट जानकारी प्राप्त भयो ।

विद्यालय छाडेर बसेका विद्यार्थीलाई प्रत्यक्ष भेटघाट गरी उनीहरुका समस्या बुझ्ने र पुनः विद्यालय प्रवेशका लागि सम्झाइबुझाइ गरेको । आर्थिक कारणले विद्यालय छाडेका परिवारका विद्यार्थीहरुलाई पोसाक, शैक्षिक सामग्रीहरु उपलब्ध गराई विद्यालय पुनः प्रवेशमा प्रेरणा दिएको । अभिभावकसँग प्रत्यक्ष भेटघाट गरी विद्यालय छाडेका बालबालिकालाई पुनः विद्यालय प्रवेशका लागि अनुरोध गरेको । घरेलु श्रमिकका रुपमा रहेका विद्यार्थीलाई संरक्षकसँग विद्यालयमा पुनः फर्काउन दबाबमूलक कार्यसमेत गरिएको । विद्यालयको शैक्षिक र भौतिक वातावरण सुधार गर्न र पुनः प्रवेशको मार्ग प्रसस्त गर्न व्यवस्थापनसँग छलफल भएको । जनचेतना जगाउने कार्यमा बालक्लव र मानव अधिकारकर्मीहरुबाट समेत पुनः विद्यालय प्रवेश गराउन दबाबमूलक कार्य गरेको ।

## ४. ५. पुनः विद्यालय प्रवेशका लागि गर्नुपर्ने उपायहरू

पुनः विद्यालय प्रवेश गर्ने विद्यार्थीहरुको सिकाइ उपलब्धि सम्बन्धमा अध्ययन गर्ने सन्दर्भमा विद्यालय बीचैमा छाड्ने प्रवृत्ति रोक्न सकेमा मात्र पुनः प्रवेशमा आइपरेका समस्याहरु समाधान हुने हुँदा बीचैमा विद्यालय छाड्ने प्रवृत्ति रोक्नका लागि केके गर्नुपर्छ

भनी अध्ययन गरिएको थियो । उक्त शोध अध्ययनका लागि मोरङ जिल्ला पथरी स्रोतकेन्द्रमा आबद्ध ४१ सामुदायिक विद्यालयमध्ये यादृच्छिक नमूना छनौट विधिबाट १० वटा विद्यालय (३ उमावि, ३ निमावि र ४ प्रावि) का प्रअहरु छनौट गरी अन्तर्वार्ता प्रश्नावली र समूह छलफलबाट जानकारी लिइएको थियो । उक्त छलफल कार्यक्रममा १० जना सम्बन्धित छनौटमा परेका विद्यालयका विषय शिक्षक र अभिभावक २० जनालाई समेत सहभागी गराइएको थियो । उक्त अन्तर्वार्ता र समूह छलफलबाट निम्न उपाय अवलम्बन गर्नुपर्ने निष्कर्ष पाइयो ।

## ४. ५. १. विद्यालयमा अध्यापन गर्ने शिक्षकहरूबाट प्राप्त जानकारीहरू

विद्यालय बीचैमा छाड्ने प्रवृत्ति रोक्न र बीचैमा विद्यालय छाडेका विद्यार्थीहरुलाई पुनः विद्यालय फर्काइ उनीहरुको सिकाइ उपलब्धि उच्च राख्न अनुसूची ११ का प्रश्नका उत्तरबाट निम्न उपाय अवलम्बन गर्नुपर्ने जानकारी प्राप्त भयो ।

विपन्न परिवारका अभिभावकका लागि आयआर्जन कार्यक्रम सञ्चालन गरिनुपर्ने । समयमै निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दलित छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने । गैरसरकारी संस्थाहरुलाई पुनः प्रवेश भएका विद्यार्थीहरुका लागि आकर्षक सुविधा दिन प्रेरित गर्नुपर्ने । समाहित शिक्षा, बालमैत्री विद्यालयजस्ता कार्यक्रम अझ प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नुपर्छ । PSDC कार्यक्रमलाई निरन्तरता दिनुपर्छ । विद्यालयलाई राजनीतिक हस्तक्षेपमुक्त क्षेत्र बनाइनुपर्छ । विद्यालयमा मातृभाषा र इच्छाधीन विषयका साथै सङ्गीत, खेलकुद, वाद्यवादनहरुको समेत व्यवस्था गर्नुपर्छ । जिल्ला शिक्षा योजना, गाउँ शिक्षा याजना, गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग विभिन्न प्रकारका छात्रवृत्ति र आयआर्जन सीप विकास कार्यक्रममा सहकार्य सशक्त गरिनुपर्छ । बालक्लव र मानवअधिकारकर्मीहरुलाई सशक्त बनाउन सामाजिक र राजनीतिक हस्तक्षेप गरिनु हुँदैन र हालसम्म भएका यस्ता कार्यक्रमलाई विस्तृत रुपमा विस्तार गर्दै जानुपर्छ ।

## ४. ५. २. अभिभावकहरूबाट उल्लेख भएका उपायहरू

छलफलका क्रममा विद्यालय छाडेर बसेका विद्यार्थीहरुलाई पुनः प्रवेश गर्न के कस्ता उपाय अपनाउन सकिन्छ भनी अनुसूची १० (क) अनुसारका प्रश्नमा अभिभावकबाट उठान गरेका उपायहरु निम्नअनुसार पाइयो ।

विद्यालय पुनः प्रवेश भएका विद्यार्थीहरुलाई विशेष आर्थिक छात्रवृत्तिको व्यवस्था गर्नुपर्छ । दलित समूदायका विद्यार्थीबाहेक आर्थिक अवस्था न्यून भएका अभिभावकका विद्यार्थीलाई समेत छात्रवृत्तिको व्यवस्था गरिनुपर्छ । विद्यालयको शैक्षिक र भौतिक व्यवस्थापनमात्र नभई मनोवैज्ञानिक पक्षमा पनि ध्यान दिइनुपर्छ । मातृभाषामा समेत शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइनुपर्छ ।

विद्यालयले खेतीको समय (जेठ, असार, कार्तिक र मङ्सिर महिना) मा बिदाको व्यवस्था गर्नुपर्छ । रोजगारीको ग्यारेन्टी गरिनुपर्छ । जेहन्दार विद्यार्थीहरुका लागि विशेष व्यवस्था गर्नुपर्छ । व्यावहारिक शिक्षामा जोड दिनुपर्छ । निःशुल्क पाठ्यपुस्तक समयमै उपलब्ध गरिनुपर्छ । पुनः प्रवेशमा ध्यान दिने अभिभावकलाई कदर तथा पुरस्कारको व्यवस्था दिने कार्य थालनी गर्नुपर्छ । शिक्षकको व्यवहार पनि परिवर्तन गरिनुपर्छ, आदि ।

### ४. ५. ३. प्रधानाध्यापकहरूले उल्लेख गरेका उपायहरू

मौसमी विद्यालयको व्यवस्था गर्दा राम्रो हुन्छ । माथिल्लो कक्षामा जान मन गर्ने विद्यार्थीलाई तल्लो कक्षामा रोक्नु हुन्न । धेरै सन्तान भएका अभिभावकलाई आर्थिक आयआर्जनको कार्यक्रममा अनिवार्य सहभागी गरिनुपर्छ । छात्रवृत्तिको दायरा फराकिलो बनाइनुपर्छ । गरिब विद्यार्थीहरुका लागि अध्ययन कोषको व्यवस्था गरिनुपर्छ ।

विद्यालयमा प्रसस्त शिक्षक दरबन्दीको व्यवस्था गर्नुपर्छ । पढाइमा कमजोर विद्यार्थीहरुलाई गाउँ, टोलमा सामुहिक अध्ययनको व्यवस्था गरिनुपर्छ । PSDC कार्यक्रमलाई निरन्तरता दिनुपर्छ । बालक्लव र अधिकारकर्मीहरुलाई अभिभावकहरुसँग प्रत्यक्ष भेटघाटको व्यवस्था मिलाउनुपर्छ । स्थानीय निकाय र विद्यालय व्यवस्थापनले पुनः प्रवेश भएका बालबालिकाहरुका अभिभावकहरुसँग २/२ महिनामा अन्तर्क्रिया कार्यक्रमको व्यवस्था मिलाउनुपर्छ । यसरी माथि उल्लेख गरिएका उपायहरु शिक्षक, अभिभावक र प्रअबाट पुनः प्रवेशमा देखिएका समस्याहरु समाधान गर्न सकिने विचार अध्ययनका क्रममा पाइयो ।

### ४. ५. ४. अभिभावक, शिक्षक र प्रअहरूसँगको सामूहिक छलफल

विद्यालय छोडाइ र पुनः प्रवेशलाई प्रभावकारी बनाउनका लागि अवलम्बन गरिनुपर्ने उपायका सम्बन्धमा शिक्षकहरु, अभिभावकहरु र प्रअहरुसँग छुट्टाछुट्टै अन्तर्वार्ता लिई प्राप्त जानकारीका आधारमा २०६६ चैत २४ गते पञ्चायत उच्च मावि पथरीमा सामूहिक

छलफल कार्यक्रम चलाइएको थियो । अनुसूची ८ अनुसारका प्रश्नको आधारमा सञ्चालित उक्त सामूहिक छलफलबाट निम्न निष्कर्ष पाइयो ।

PSDC कार्यक्रमको निरन्तरता र कार्यान्वयनमा जोड दिइएको थियो । EFA अन्तर्गतका कार्यक्रमहरुको कार्यान्वयन । गा.शि.यो. र वि.सु.यो. को एकीकृत योजना निर्माण । स्थानीय निकाय, सरकारी र गैरसरकारी संस्थाका कार्यक्रमलाई सशक्त ढङ्गबाट परिचालन कार्यक्रम । बालक्लव, अधिकारकर्मीहरुले सञ्चालन गरेका कार्यक्रमहरुको सहयोग र कार्यान्वयन । छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, स्टेशनरी सामानहरुको प्रभावकारी वितरण । आयआर्जन कार्यक्रमलाई निरन्तर र कार्यान्वयन प्रभावकारी ढङ्गले गरिनुपर्ने । विद्यालय भर्ना अभियानमा अभिभावक, शिक्षक तथा पुनः प्रवेश भएका विद्यार्थीसमेत सहभागी बनाउनुपर्ने ।

उपर्युक्त छलफलबाट विद्यालय पुनः प्रवेशका विद्यार्थीको सिकाइ उपलब्धि उच्च राख्न र विद्यालय छाड्ने दर कम गर्न विभिन्न निकाय र संघसंस्थाले उल्लेख्य भूमिका निर्वाह गर्दै आएको भए तापनि एकीकृत योजनाको निर्माणको अभावमा उक्त कार्य प्रभावकारी बन्न नसकेको गुनासो समेत छलफलमा उठाइएको पाइयो ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५. १. प्राप्ति

विद्यालय जाने उमेर पुगेका सम्पूर्ण बालबालिकाहरुले आधारभूत प्राथमिक शिक्षा प्राप्त गरुन् भन्ने उद्देश्यले 'सबैका लागि शिक्षा' भन्ने नारा तय गरिएको हो । यसको अर्थ एकपटक विद्यालयमा प्रवेश गर्नुमात्र नभएर कुनै तहमा भर्ना भएपछि नियमित अध्ययन गरी त्यो तह पूरा गर्नुपर्छ भन्ने सोच पनि प्रमुख अवधारणा रहेको हो । तर विद्यालय बीचैमा छाड्ने प्रवृत्ति पनि कायमै छ । यसलाई शैक्षिक क्षति भनिन्छ । शैक्षिक तथ्याङ्क Flash Report, 2008 अनुसार कक्षा १-५ सम्मको विद्यालय छाड्ने दर १५% रहेको छ । विद्यालय छाड्ने प्रवृत्ति कम गर्नका लागि एकपटक विद्यालय प्रवेश भई छाडेका विद्यार्थीहरुलाई पुनः प्रवेश गराउनुपर्ने हुन्छ । पुनः प्रवेश गराउने कार्य समस्यामूलक पनि हो । यस कार्यका लागि सम्बन्धित सरोकारवालाहरुको भूमिकाको पनि उत्तिकै आवश्यकता पर्दछ । पुनः विद्यालय प्रवेश हुने विद्यार्थीको अवस्था (जातिगत, उमेरगत, कक्षागत, लैङ्गिक) कस्तो छ ? उनीहरुको सिकाइको विश्लेषण, उनीहरुलाई पुनः प्रवेश गर्न भोग्नुपरेका समस्या, समस्या समाधानका उपायको खोजी आदिमा यो शोध अध्ययन गर्ने प्रयत्न गरिएको थियो । मोरङ जिल्लाको पथरी स्रोतकेन्द्रमा विद्यालय छाड्ने प्रवृत्ति बढी रहेको पाइएकोले शोध अध्ययनका लागि यस स्रोतकेन्द्रलाई चयन गरिएको थियो । शोध अध्ययनका क्रममा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरुका अभिभावक, शिक्षकहरु, प्रधानाध्यापक र विद्यार्थीहरुलाई अन्तर्वार्ता, समूह छलफल, सर्वेक्षण र तथ्याङ्कका आधारमा प्राप्त भएका सूचना एवम् जानकारीका आधारमा निम्न सारांश निकालिएको छ ।

पथरी स्रोतकेन्द्रमा ४१ वटा सामुदायिक विद्यालयहरु सञ्चालनमा रहेका र तीमध्ये १० वटा विद्यालयहरुलाई यादृच्छिक नमूना विधिबाट छनौट गरिएको थियो । त्यसमध्ये ३ वटा उच्च मावि, ३ वटा निमावि र ४ वटा प्राविका १-५ कक्षालाई मात्र शोध अध्ययनको प्रमुख पक्ष मानिएको थियो । यसरी छनौटमा परेका विद्यालयमा २०६४ मा अध्ययन गर्ने जम्मा सङ्ख्या, सोही वर्षमा विद्यालय छाड्ने सङ्ख्याको स्थलगत सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यस्तै २०६४ सालमा विद्यालय छाडेर २०६५ सालमा पुनः प्रवेश भएका विद्यार्थीहरुको सङ्ख्या पनि सङ्कलन गरियो । यसरी सङ्कलित तथ्याङ्कमा २०६४

सालमा अध्ययनका लागि जम्मा विद्यार्थी सङ्ख्या ३३३५ जना रहेको पाइयो भने ७९५ जना (२३.८३%) ले बीचैमा विद्यालय छाडेको पाइयो । त्यसरी बीचैमा विद्यालय छाडेका मध्ये २०६५ सालमा १९५ जना (२४.२५%) ले मात्र पुनः विद्यालय प्रवेश गरेको पाइयो ।

छनौटमा परेका विद्यालयमा कक्षा पुनः प्रवेश गर्नेमा कक्षा १ मा सबैभन्दा बढी ६९ जना (३५%) ले पुनः प्रवेश गरेको पाइयो भने कक्षा २, ३, ४ र ५ मा क्रमशः ४८ जना (२५%), ३४ जना (१७%), २७ जना (१४%) र १७ जना (९%) ले मात्र विद्यालय पुनः प्रवेश गरेको पाइयो । यसबाट तल्लो कक्षामा पुनः प्रवेश गराउन सहज र माथिल्लो कक्षामा कठिन हुनेगरेको प्रस्ट भयो ।

ती विद्यालयहरुमा पुनः प्रवेश भएका जम्मा १९५ जना विद्यार्थीहरुमध्ये छात्र १२२ (६२.५६%) र छात्रा ७३ जना (३७.४४%) देखियो । यसबाट के प्रस्ट हुन्छ भने पुनः प्रवेशमा छात्रलाई भन्दा छात्रालाई कठिन अवस्था रहेको पाइयो ।

जातिगत आधारमा पनि पुनः प्रवेश गर्ने विद्यार्थीहरुको सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको थियो, जसमा १९५ जनाले पुनः प्रवेश पाएकोमा दलित विद्यार्थीहरु २१ छात्र र १४ छात्रा गरी जम्मा ३५ जना (१७.९%) ले पुनः प्रवेश पाएको पाइयो । जनजाति विद्यार्थीहरु ३७ छात्र र २१ छात्रा गरी जम्मा ५८ जना (२९.७%), आदिवासी विद्यार्थीहरु ३४ छात्र र २३ छात्रा गरी जम्मा ५७ जना (२९.२%) ले पुनः प्रवेश पाएको पाइयो । यस क्षेत्रमा जनजातिहरुको बसोबास बढी भएकोले पुनः प्रवेशमा पनि जनजाति विद्यार्थी सङ्ख्या नै बढी रहेको पाइयो ।

शोध अध्ययनका क्रममा उमेरगत आधारमा विद्यालय पुनः प्रवेशको समेत तथ्याङ्क सङ्कलन गरिएको थियो, जसमा १९५ जना विद्यार्थीमध्ये कक्षागत उमेर सङ्ख्या १३६ जना (६९.७%) र कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थीको सङ्ख्या ५९ जना (३०.३%) रहेको पाइयो । यसबाट बढी उमेर भएका विद्यार्थीहरुलाई पुनः प्रवेश गर्न कठिन हुने गरेको थाहा पाइयो ।

विद्यालय कार्यक्रममा सहभागिता, नियमितता, कक्षाकार्य र गृहकार्यका बारेमा पनि शोध अध्ययनलाई अगाडि बढाइएको थियो । यस कार्यका लागि पुनः प्रवेश भएका १९५ जनामध्ये १२९ जना नियमित विद्यालय आउने गरेको जानकारी प्राप्त भयो । कक्षाकार्य र गृहकार्य गर्नेहरु प्रायः १२८ मात्र पाइयो भने विद्यालयको नियम पालना गर्नेको सङ्ख्या १०८ जना (५५.४%) ले मात्र गरेको पाइयो ।

पुनः विद्यालय प्रवेश गरेका विद्यार्थीहरुको सिकाइउपलब्धिलाई पनि मूल्याङ्कन अभिलेखबाट अध्ययन गरिएको थियो, जसमा नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयमा प्राप्त प्राप्ताङ्कको विश्लेषण गरियो । जसमा सबैभन्दा कम प्राप्ताङ्क गणित विषयमा ५१.५७% र सबैभन्दा बढी औसत प्राप्ताङ्क विज्ञान विषयमा ६१.४८% रहेको पाइयो । नेपाली र अङ्ग्रेजी विषयको औसत प्राप्ताङ्क भने क्रमशः ५७.३७% र ५६.९२% रहेको जानकारी प्राप्त

भयो । सिकाइउपलब्धि कक्षागत रुपमा ८/८ जनाको दरले छात्रा १६ जना र छात्र २४ जनाको विश्लेषण गरिएको थियो । कक्षागत सिकाइ उपलब्धि सबैभन्दा बढी कक्षा १ का विद्यार्थीहरुको रहेको पाइयो । कक्षा १ मा नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयको प्राप्ताङ्क क्रमशः ७०.५%, ७१.३७%, ६०.५% र ७०.८% रहेको पाइयो । सबैभन्दा न्यून औसत प्राप्ताङ्क कक्षा ५ का विद्यार्थीहरुमा पाइयो । कक्षा ५ का विद्यार्थीहरुको औसत प्राप्ताङ्क क्रमशः ५४.३७%, ५५.१२%, ४८.७५% र ६०% मात्र भएको जानकारी प्राप्त भयो ।

विद्यालयहरुमा पुनः प्रवेश गराउन आइपरेका समस्याहरुका बारेमा प्रधानाध्यापक, शिक्षक र पुनः प्रवेश भएका विद्यार्थीका अभिभावकहरुसँग अन्तर्वार्ता र समूह छलफल गरी प्राप्त जानकारी निम्नअनुसार रहेको थियो ।

शिक्षकका अनुसार पारिवारिक आर्थिक अवस्था कमजोर, श्रमिक बालबालिकाका रुपमा रहनु, अभिभावक कुलतमा रहनु, कक्षागत उमेरभन्दा बढी उमेर हुनु, राजनीतिक द्वन्द्वको प्रभाव पर्नु, विद्यालयमा बिदा बढी हुनु, राजनीतिक द्वन्द्वको प्रभाव रहनु जस्ता समस्याले कठिन बनाएको जानकारी पाइयो ।

प्रधानाध्यापकहरुले उठाएका प्रमुख समस्याहरुमा लैङ्गिक विभेद, परीक्षा प्रणाली, असफल हुने डर, शिक्षक र सहपाठीहरुको व्यवहार, समाहित र समावेशी शिक्षाको अभाव, अङ्ग्रेजी भाषाप्रति आकर्षण बढ्नु, शैक्षिक व्यवस्थापनको कमजोरी आदि विषय समस्याका विषय रहेको विषय उठान गरेको पाइयो । त्यस्तै अभिभावकहरुले पुनः प्रवेशका समस्याहरुको रुपमा सन्तान बढी हुनु, विद्यार्थीले विद्यालय जान मन नगर्नु, भाषाको समस्या, समयमा पाठ्यपुस्तक उपलब्ध नहुनु, परम्परागत सोच, परीक्षा प्रणाली आदि समस्या औँल्याएको पाइयो ।

पुनः प्रवेशमा सहयोग गर्ने संस्थाको रुपमा अन्तर्वार्ताका क्रममा चर्चा उठाइएको थियो । यस क्रममा निम्न संस्थाहरुको नाम अगाडि आएको पाइयो । ती संस्थाहरु PSDC कार्यक्रम, विद्यालयहरु, गाविस, बालक्लवहरु, वन उपभोक्ता समिति, आफन्त र छरछिमेकको सहयोग उल्लेख भएको पाइयो ।

विद्यालय बीचैमा छाड्ने प्रवृत्ति रोक्ने उपायका सम्बन्धमा पनि विद्यालयका शिक्षक, अभिभावक, प्रधानाध्यापकसँग अन्तर्वार्ता र समूह छलफल गरिएको थियो । जसमा उठाइएका प्रमुख उपायहरु निम्नअनुसार पाइयो ।

आयआर्जन कार्यक्रम सञ्चालन गर्नुपर्ने, समयमै निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने, PSDC कार्यक्रमलाई निरन्तरता दिनुपर्ने, विद्यालयलाई राजनीतिक हस्तक्षेपमुक्त क्षेत्र बनाइनुपर्ने, मातृभाषामा शिक्षाको व्यवस्था गरिनुपर्ने, बालक्लव र अधिकारकर्मीहरुलाई सशक्त बनाइनुपर्ने, खेतीको समयमा बिदाको व्यवस्था गरिनुपर्ने, रोजगारीको ग्यारेन्टी हुनुपर्ने, व्यावहारिक शिक्षामा जोड दिइनुपर्ने, SIP र VEP बीच सहकार्य गरी पुनः प्रवेशमा सहयोग पुग्ने उपायहरु उल्लेख गरिएको पाइयो ।

समग्रमा सबै पक्षसँग गरेको समूह छलफल र अन्तर्वार्ताबाट शिक्षाको योजना, जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना, NGO र INGO हरुसँगको सहकार्य, स्थानीय निकाय र संघसंस्थाको सहयोग र चेतनामूलक कार्यक्रमले विद्यालय छाड्ने प्रवृत्ति रोक्ने र पुनः विद्यालय प्रवेश गर्न सहयोग पुग्ने उपायहरु अवलम्बन गर्नुपर्ने विचार व्यक्त गरेको पाइयो ।

## ५. २. निष्कर्ष

प्राथमिक तहमा पुनः प्रवेश भएका विद्यार्थीहरुको सिकाइ अवस्था सम्बन्धमा गरिएको शोध अध्ययनका क्रममा प्राप्त भएका तथ्याङ्कहरु र त्यस तथ्याङ्कमा व्याख्या विश्लेषण गर्दा केही निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । शोध अध्ययनका लागि उपलब्ध स्रोत, साधन, सूचनाका साथै सरोकारवालाहरु (विद्यार्थी, शिक्षक, अभिभावक, प्रधानाध्यापक) सँगको अन्तर्वार्ता र समूह छलफलबाट निम्न निष्कर्ष निकालिएको छ ।

विद्यालय छाड्ने प्रवृत्ति रोक्न, विद्यालय छाडेका विद्यार्थीलाई पुनः प्रवेशमा आकर्षण गर्न, पुनः प्रवेश भएका विद्यार्थीको उपलब्धि उच्च राख्नका लागि यो अध्ययनले सार्थक

प्रयास गर्ने प्रयत्न गरेको छ । वास्तवमा नयाँ विद्यार्थी भर्ना गराउन जति सजिलो छ, एकपटक भर्ना भई बीचैमा विद्यालय छाडेका विद्यार्थीहरुलाई पुनः विद्यालय प्रवेश गराएर निरन्तर शिक्षा दिई सम्बन्धित तहको चक्र पूरा गर्ने विषय निकै जटिल रहेको छ । मोरङ जिल्लाको पथरी स्रोतकेन्द्रमा सञ्चालित ४१ वटा विद्यालयमध्ये नमूना छनौटमा परेका १० वटा सामुदायिक विद्यालयको प्राथमिक तहमा पुनः प्रवेश भएका १९५ विद्यार्थीहरुसँग सीमित रहेर गरिएको यो अध्ययनले पनि यसभित्रका विविध कठिनाइ केलाएर खोज्ने प्रयास गरिएको छ ।

बीचैमा विद्यालय छाड्ने प्रवृत्ति ७९५ जना (२३.२१%) रहनुले यो दर अत्यधिक रहेको ठहर हुन्छ । पुनः विद्यालय प्रवेश भएका १९५ जना (२४.५२%) मात्र रहनुले पुनः प्रवेश गराउने कार्य जटिल रहेको प्रस्ट हुन्छ । विद्यालय छोडाइका विद्यार्थीहरुलाई पुनः प्रवेश गराउन माथिल्लो कक्षामा भन्दा तल्लो कक्षामा सहज हुन्छ । पुनः विद्यालय प्रवेश गराउन छात्रालाई भन्दा छात्रलाई सजिलो हुन्छ । दलित विद्यार्थीलाई अन्य जातिका विद्यार्थीभन्दा पुनः प्रवेश गर्न कठिन हुने गरेको देखियो । कक्षागत उमेर भएका विद्यार्थीलाई भन्दा कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थीलाई पुनः प्रवेश गराउन कठिन हुने गरेको पाइयो । विद्यालय कार्यक्रममा सहभागी, कक्षाकार्य, गृहकार्यमा भाग लिनेभन्दा अनुशासन कायम गर्नेहरुको दर कम रहेको पाइयो ।

कक्षागत सिकाइउपलब्धिमा कक्षा १ मा सबैभन्दा राम्रो र कक्षा २, ३, ४ र ५ मा क्रमशः न्यून पाइयो । विषयगत सिकाइउपलब्धिमा सबैभन्दा राम्रो विज्ञान विषय र नेपाली, अङ्ग्रेजी र गणित विषयको क्रमशः खराब रहेको पाइयो । औसत सिकाइउपलब्धिमा गणित विषयको ५१.५७% न्यून रहेको छ भने विज्ञान विषयको औसत सिकाइउपलब्धि ६१.४८% रहेको पाइयो । पुनः प्रवेश गराउन मुख्य समस्याका रुपमा अभिभावकको आर्थिक अवस्था रहेकाले आर्थिक अवस्था सुधार गर्नुपर्ने देखिन्छ । त्यस्तै, बालश्रम, विद्यालय वातावरण, परीक्षा प्रणाली, कुलत, शिक्षामा अचेतना जस्ता पक्षहरुले बाधा गरेको पाइन्छ । पुनः विद्यालय प्रवेश गराउने विषयहरुमा विद्यालय, PSDC कार्यक्रम, वन उपभोक्ता समिति, बालक्लव र अधिकारकर्मीहरु रहेको पाइयो ।

पुनः प्रवेशमा उठेका समस्या समाधानका उपायहरुमा PSDC कार्यक्रमको निरन्तरता, EFA कार्यक्रमको कार्यान्वयन, विद्यालय सुधार योजना, परीक्षा प्रणालीमा सुधार, NGO र INGO सँगको सहकार्य आदिको भूमिकालाई उल्लेख गरिएको पाइयो । यस

अध्ययनको प्रस्तावनामा सैद्धान्तिक ढाँचाको रुपमा कार्लमार्क्स र बी. एफ. स्कीनरको सिद्धान्तलाई प्रयोग गरिएको छ भने साहित्यको पुनरावलोकनमा विभिन्न शोध अध्ययनहरु, बुलेटिन, लेख, प्रतिवेदनको सहयोग लिई पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरुको सिकाइउपलब्धिका बारेमा अध्ययन गर्न र पुनः प्रवेशमा सहज हुने कुरा उल्लेख गरिएको छ ।

## ५. ३. सुझावहरू

प्राथमिक तहमा पुनः प्रवेश भएका विद्यार्थीहरुको सिकाइउपलब्धि शीर्षक अध्ययन गर्ने क्रममा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरु, उनीहरुका अभिभावकहरु, विद्यालयमा अध्यापन गराउने शिक्षकहरु र प्रधानाध्यापकहरुसँग अन्तर्वार्ता र समूह छलफल गरी आवश्यक स्रोत परिचालन र सूचनाको अध्ययनबाट यो विषयको सुधार, विस्तार र सहजताको लागि निम्नअनुसारको सुझाव दिइएको छ ।

क) विद्यालय अभिलेखमा उल्लेखित विद्यालय छाडेका विद्यार्थीहरुले पढाइ नै नछाडेको हुनसक्छ । विद्यालयमात्र छाडी अर्को विद्यालयमा प्रवेश भएको छ/छैन खोजी गर्नुपर्ने अवस्था देखिन्छ ।

ख) जात, धर्म, लिङ्ग, उत्पीडनका कारणले विद्यालय छाडेका विद्यार्थीहरुलाई समाहित र समावेशी सिकाइ वातावरणको व्यवस्था मिलाउनुपर्ने हुन्छ ।

ग) पुनः प्रवेश भएका विद्यार्थीहरुलाई टिकाइ राख्न छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तकका अतिरिक्त अन्य सेवा र सुविधामा वृद्धि गर्नुपर्ने ।

घ) पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरुले लाज र सङ्कोच मान्ने भएकोले तिनीहरुका लागि सहज वातावरण निर्माण गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने ।

ङ) दलित छात्रवृत्तिलाई निरन्तरता दिँदै अरु जातिका विद्यार्थीहरुका लागि पनि छात्रवृत्ति र पोसाकको व्यवस्था मिलाउनुपर्ने ।

च) परीक्षामा फेल हुने डरले विद्यालय छाडेका विद्यार्थीलगायत अन्य विद्यार्थीलाई परीक्षादेखि नडराउने बनाउन निरन्तर मूल्याङ्कन र कक्षोन्नति प्रक्रियालाई सहज गरिनुपर्ने ।

छ) विषयगत रुपमा कमजोर विद्यार्थीहरुका लागि विशेष अध्ययनको व्यवस्था गर्नुपर्ने ।

ज) PSDC कार्यक्रमलाई निरन्तर र थम क्षेत्रमा विस्तार गरिनुपर्ने ।

झ) विद्यालय व्यवस्थापनमा सरकारी र गैरसरकारी संघसंस्थासँग सहकार्य गरी थप सुविधा दिन एकीकृत योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने ।

ञ) विद्यालय सुधार योजनामा राखिएका प्राथमिक कार्यमा कार्यालयले ध्यान पुऱ्याउनुपर्ने ।

ट) अभिभावकहरुको आर्थिक अवस्था सुधार गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।

ठ) बालक्लव र अधिकारकर्मीहरुको कार्यमा स्थानीय समाजसेवी र राजनैतिक दलहरुले सहज बनाउनुपर्ने ।

ड) विद्यार्थीहरुको मनोविज्ञान बुझ्न शिक्षकहरुलाई विशेष तालिमको व्यवस्था गरिनुपर्ने ।

ढ) यस शोध अध्ययनका क्रममा अध्ययन क्षेत्रमा पूर्वयोजनाहरुलाई कार्यान्वयन गर्दै लाने र वर्तमान समयका योजनालाई भावी दिनमा प्रभावकारी ढङ्गबाट सरोकारवाला पक्षसँगको अन्तर्क्रिया प्रत्यक्षसँग गरी यस शोध अध्ययनको शीर्षकको विषयवस्तुलाई यथार्थ बन्न सहयोग पुग्ने विश्वाससमेत गरिनुपर्ने ।

# परिच्छेद : पाँच

# सारांश, निष्कर्ष र सुझावहरु

# (Summary, Concussion and Recommendations)

## ५. १. सारांश (Summary)

विद्यालय जाने उमेर पुगेका सम्पूर्ण बालबालिकाहरुले आधारभूत प्राथमिक शिक्षा प्राप्त गरुन् भन्ने उद्देश्यले 'सबैका लागि शिक्षा' भन्ने नारा तय गरिएको हो । यसको अर्थ एकपटक विद्यालयमा प्रवेश गर्नुमात्र नभएर कुनै तहमा भर्ना भएपछि नियमित अध्ययन गरी त्यो तह पूरा गर्नुपर्छ भन्ने सोच पनि प्रमुख अवधारणा रहेको हो । तर विद्यालय बीचैमा छाड्ने प्रवृत्ति पनि कायमै छ । यसलाई शैक्षिक क्षति भनिन्छ । शैक्षिक तथ्याङ्क Flash Report, 2008 अनुसार कक्षा १-५ सम्मको विद्यालय छाड्ने दर १५% रहेको छ । विद्यालय छाड्ने प्रवृत्ति कम गर्नका लागि एकपटक विद्यालय प्रवेश भई छाडेका विद्यार्थीहरुलाई पुनः प्रवेश गराउनुपर्ने हुन्छ । पुनः प्रवेश गराउने कार्य समस्यामूलक पनि हो । यस कार्यका लागि सम्बन्धित सरोकारवालाहरुको भूमिकाको पनि उत्तिकै आवश्यकता पर्दछ । पुनः विद्यालय प्रवेश हुने विद्यार्थीको अवस्था (जातिगत, उमेरगत, कक्षागत, लैङ्गिक) कस्तो छ ? उनीहरुको सिकाइको विश्लेषण, उनीहरुलाई पुनः प्रवेश गर्न भोग्नुपरेका समस्या, समस्या समाधानका उपायको खोजी आदिमा यो शोध अध्ययन गर्ने प्रयत्न गरिएको थियो । मोरङ जिल्लाको पथरी स्रोतकेन्द्रमा विद्यालय छाड्ने प्रवृत्ति बढी रहेको पाइएकोले शोध अध्ययनका लागि यस स्रोतकेन्द्रलाई चयन गरिएको थियो । शोध अध्ययनका क्रममा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरुका अभिभावक, शिक्षकहरु, प्रधानाध्यापक र विद्यार्थीहरुलाई

अन्तर्वार्ता, समूह छलफल, सर्वेक्षण र तथ्याङ्कका आधारमा प्राप्त भएका सूचना एवम् जानकारीका आधारमा निम्न सारांश निकालिएको छ ।

पथरी स्रोतकेन्द्रमा ४१ वटा सामुदायिक विद्यालयहरु सञ्चालनमा रहेका र तीमध्ये १० वटा विद्यालयहरुलाई यादृच्छिक नमूना विधिबाट छनौट गरिएको थियो । त्यसमध्ये ३ वटा उच्च मावि, ३ वटा निमावि र ४ वटा प्राविका १-५ कक्षालाई मात्र शोध अध्ययनको प्रमुख पक्ष मानिएको थियो । यसरी छनौटमा परेका विद्यालयमा २०६४ मा अध्ययन गर्ने जम्मा सङ्ख्या, सोही वर्षमा विद्यालय छाड्ने सङ्ख्याको स्थलगत सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यस्तै २०६४ सालमा विद्यालय छाडेर २०६५ सालमा पुनः प्रवेश भएका विद्यार्थीहरुको सङ्ख्या पनि सङ्कलन गरियो । यसरी सङ्कलित तथ्याङ्कमा २०६४ सालमा अध्ययनका लागि जम्मा विद्यार्थी सङ्ख्या ३३३५ जना रहेको पाइयो भने ७९५ जना (२३.८३%) ले बीचैमा विद्यालय छाडेको पाइयो । त्यसरी बीचैमा विद्यालय छाडेका मध्ये २०६५ सालमा १९५ जना (२४.२५%) ले मात्र पुनः विद्यालय प्रवेश गरेको पाइयो ।

छनौटमा परेका विद्यालयमा कक्षा पुनः प्रवेश गर्नेमा कक्षा १ मा सबैभन्दा बढी ६९ जना (३५%) ले पुनः प्रवेश गरेको पाइयो भने कक्षा २, ३, ४ र ५ मा क्रमशः ४८ जना (२५%), ३४ जना (१७%), २७ जना (१४%) र १७ जना (९%) ले मात्र विद्यालय पुनः प्रवेश गरेको पाइयो । यसबाट तल्लो कक्षामा पुनः प्रवेश गराउन सहज र माथिल्लो कक्षामा कठिन हुनेगरेको प्रस्ट भयो ।

ती विद्यालयहरुमा पुनः प्रवेश भएका जम्मा १९५ जना विद्यार्थीहरुमध्ये छात्र १२२ (६२.५६%) र छात्रा ७३ जना (३७.४४%) देखियो । यसबाट के प्रस्ट हुन्छ भने पुनः प्रवेशमा छात्रलाई भन्दा छात्रालाई कठिन अवस्था रहेको पाइयो ।

जातिगत आधारमा पनि पुनः प्रवेश गर्ने विद्यार्थीहरुको सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको थियो, जसमा १९५ जनाले पुनः प्रवेश पाएकोमा दलित विद्यार्थीहरु २१ छात्र र १४ छात्रा गरी जम्मा ३५ जना (१७.९%) ले पुनः

प्रवेश पाएको पाइयो । जनजाति विद्यार्थीहरु ३७ छात्र र २१ छात्रा गरी जम्मा ५८ जना (२९.७%), आदिवासी विद्यार्थीहरु ३४ छात्र र २३ छात्रा गरी जम्मा ५७ जना (२९.२%) ले पुनः प्रवेश पाएको पाइयो । यस क्षेत्रमा जनजातिहरुको बसोबास बढी भएकोले पुनः प्रवेशमा पनि जनजाति विद्यार्थी सङ्ख्या नै बढी रहेको पाइयो ।

शोध अध्ययनका क्रममा उमेरगत आधारमा विद्यालय पुनः प्रवेशको समेत तथ्याङ्क सङ्कलन गरिएको थियो, जसमा १९५ जना विद्यार्थीमध्ये कक्षागत उमेर सङ्ख्या १३६ जना (६९.७%) र कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थीको सङ्ख्या ५९ जना (३०.३%) रहेको पाइयो । यसबाट बढी उमेर भएका विद्यार्थीहरुलाई पुनः प्रवेश गर्न कठिन हुने गरेको थाहा पाइयो ।

विद्यालय कार्यक्रममा सहभागिता, नियमितता, कक्षाकार्य र गृहकार्यका बारेमा पनि शोध अध्ययनलाई अगाडि बढाइएको थियो । यस कार्यका लागि पुनः प्रवेश भएका १९५ जनामध्ये १२९ जना नियमित विद्यालय आउने गरेको जानकारी प्राप्त भयो । कक्षाकार्य र गृहकार्य गर्नेहरु प्रायः १२८ मात्र पाइयो भने विद्यालयको नियम पालना गर्नेको सङ्ख्या १०८ जना (५५.४%) ले मात्र गरेको पाइयो ।

पुनः विद्यालय प्रवेश गरेका विद्यार्थीहरुको सिकाइउपलब्धिलाई पनि मूल्याङ्कन अभिलेखबाट अध्ययन गरिएको थियो, जसमा नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयमा प्राप्त प्राप्ताङ्कको विश्लेषण गरियो । जसमा सबैभन्दा कम प्राप्ताङ्क गणित विषयमा ५१.५७% र सबैभन्दा बढी औसत प्राप्ताङ्क विज्ञान विषयमा ६१.४८% रहेको पाइयो । नेपाली र अङ्ग्रेजी विषयको औसत प्राप्ताङ्क भने क्रमशः ५७.३७% र ५६.९२% रहेको जानकारी प्राप्त भयो । सिकाइउपलब्धि कक्षागत रुपमा ८/८ जनाको दरले छात्रा १६ जना र छात्र २४ जनाको विश्लेषण गरिएको थियो । कक्षागत सिकाइ उपलब्धि सबैभन्दा बढी कक्षा १ का विद्यार्थीहरुको रहेको पाइयो । कक्षा १ मा नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान विषयको प्राप्ताङ्क क्रमशः ७०.५%, ७१.३७%, ६०.५% र

७०.८% रहेको पाइयो । सबैभन्दा न्यून औसत प्राप्ताङ्क कक्षा ५ का विद्यार्थीहरुमा पाइयो । कक्षा ५ का विद्यार्थीहरुको औसत प्राप्ताङ्क क्रमशः ५४.३७%, ५५.१२%, ४८.७५% र ६०% मात्र भएको जानकारी प्राप्त भयो ।

विद्यालयहरुमा पुनः प्रवेश गराउन आइपरेका समस्याहरुका बारेमा प्रधानाध्यापक, शिक्षक र पुनः प्रवेश भएका विद्यार्थीका अभिभावकहरुसँग अन्तर्वार्ता र समूह छलफल गरी प्राप्त जानकारी निम्नअनुसार रहेको थियो ।

शिक्षकका अनुसार पारिवारिक आर्थिक अवस्था कमजोर, श्रमिक बालबालिकाका रुपमा रहनु, अभिभावक कुलतमा रहनु, कक्षागत उमेरभन्दा बढी उमेर हुनु, राजनीतिक द्वन्द्वको प्रभाव पर्नु, विद्यालयमा बिदा बढी हुनु, राजनीतिक द्वन्द्वको प्रभाव रहनु जस्ता समस्याले कठिन बनाएको जानकारी पाइयो ।

प्रधानाध्यापकहरुले उठाएका प्रमुख समस्याहरुमा लैङ्गिक विभेद, परीक्षा प्रणाली, असफल हुने डर, शिक्षक र सहपाठीहरुको व्यवहार, समाहित र समावेशी शिक्षाको अभाव, अङ्ग्रेजी भाषाप्रति आकर्षण बढ्नु, शैक्षिक व्यवस्थापनको कमजोरी आदि विषय समस्याका विषय रहेको विषय उठान गरेको पाइयो । त्यस्तै अभिभावकहरुले पुनः प्रवेशका समस्याहरुको रुपमा सन्तान बढी हुनु, विद्यार्थीले विद्यालय जान मन नगर्नु, भाषाको समस्या, समयमा पाठ्यपुस्तक उपलब्ध नहुनु, परम्परागत सोच, परीक्षा प्रणाली आदि समस्या औंल्याएको पाइयो ।

पुनः प्रवेशमा सहयोग गर्ने संस्थाको रुपमा अन्तर्वार्ताका क्रममा चर्चा उठाइएको थियो । यस क्रममा निम्न संस्थाहरुको नाम अगाडि आएको पाइयो । ती संस्थाहरु PSDC कार्यक्रम, विद्यालयहरु, गाविस, बालक्लवहरु, वन उपभोक्ता समिति, आफन्त र छरछिमेकको सहयोग उल्लेख भएको पाइयो ।

विद्यालय बीचैमा छाड्ने प्रवृत्ति रोक्ने उपायका सम्बन्धमा पनि विद्यालयका शिक्षक, अभिभावक, प्रधानाध्यापकसँग अन्तर्वार्ता र समूह छलफल गरिएको थियो । जसमा उठाइएका प्रमुख उपायहरु निम्नअनुसार पाइयो ।

आयआर्जन कार्यक्रम सञ्चालन गर्नुपर्ने, समयमै निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने, PSDC कार्यक्रमलाई निरन्तरता दिनुपर्ने, विद्यालयलाई राजनीतिक हस्तक्षेपमुक्त क्षेत्र बनाइनुपर्ने, मातृभाषामा शिक्षाको व्यवस्था गरिनुपर्ने, बालक्लव र अधिकारकर्मीहरुलाई सशक्त बनाइनुपर्ने, खेतीको समयमा बिदाको व्यवस्था गरिनुपर्ने, रोजगारीको ग्यारेन्टी हुनुपर्ने, व्यावहारिक शिक्षामा जोड दिइनुपर्ने, SIP र VEP बीच सहकार्य गरी पुनः प्रवेशमा सहयोग पुग्ने उपायहरु उल्लेख गरिएको पाइयो ।

समग्रमा सबै पक्षसँग गरेको समूह छलफल र अन्तर्वार्ताबाट शिक्षाको योजना, जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना, NGO र INGO हरुसँगको सहकार्य, स्थानीय निकाय र संघसंस्थाको सहयोग र चेतनामूलक कार्यक्रमले विद्यालय छाड्ने प्रवृत्ति रोक्ने र पुनः विद्यालय प्रवेश गर्न सहयोग पुग्ने उपायहरु अवलम्बन गर्नुपर्ने विचार व्यक्त गरेको पाइयो ।

## ५. २. निष्कर्ष (Conclusion)

प्राथमिक तहमा पुनः प्रवेश भएका विद्यार्थीहरुको सिकाइ अवस्था सम्बन्धमा गरिएको शोध अध्ययनका क्रममा प्राप्त भएका तथ्याङ्कहरु र त्यस तथ्याङ्कमा व्याख्या विश्लेषण गर्दा केही निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । शोध अध्ययनका लागि उपलब्ध स्रोत, साधन, सूचनाका साथै सरोकारवालाहरु (विद्यार्थी, शिक्षक, अभिभावक, प्रधानाध्यापक) सँगको अन्तर्वार्ता र समूह छलफलबाट निम्न निष्कर्ष निकालिएको छ ।

विद्यालय छाड्ने प्रवृत्ति रोक्न, विद्यालय छाडेका विद्यार्थीलाई पुनः प्रवेशमा आकर्षण गर्न, पुनः प्रवेश भएका विद्यार्थीको उपलब्धि उच्च राख्नका लागि यो अध्ययनले सार्थक प्रयास गर्ने प्रयत्न गरेको छ । वास्तवमा नयाँ विद्यार्थी भर्ना गराउन जति सजिलो छ, एकपटक भर्ना भई बीचैमा विद्यालय छाडेका विद्यार्थीहरुलाई पुनः विद्यालय प्रवेश गराएर निरन्तर शिक्षा दिई सम्बन्धित तहको

चक्र पूरा गर्ने विषय निकै जटिल रहेको छ । मोरङ जिल्लाको पथरी स्रोतकेन्द्रमा सञ्चालित ४१ वटा विद्यालयमध्ये नमूना छनौटमा परेका १० वटा सामुदायिक विद्यालयको प्राथमिक तहमा पुनः प्रवेश भएका १९५ विद्यार्थीहरुसँग सीमित रहेर गरिएको यो अध्ययनले पनि यसभित्रका विविध कठिनाइ केलाएर खोज्ने प्रयास गरिएको छ ।

क) बीचैमा विद्यालय छाड्ने प्रवृत्ति ७९५ जना (२३.२१%) रहनुले यो दर अत्यधिक रहेको ठहर हुन्छ ।

ख) पुनः विद्यालय प्रवेश भएका १९५ जना (२४.५२%) मात्र रहनुले पुनः प्रवेश गराउने कार्य जटिल रहेको प्रस्ट हुन्छ ।

ग) विद्यालय छोडाइका विद्यार्थीहरुलाई पुनः प्रवेश गराउन माथिल्लो कक्षामा भन्दा तल्लो कक्षामा सहज हुन्छ ।

घ) पुनः विद्यालय प्रवेश गराउन छात्रालाई भन्दा छात्रलाई सजिलो हुन्छ ।

ङ) दलित विद्यार्थीलाई अन्य जातिका विद्यार्थीभन्दा पुनः प्रवेश गर्न कठिन हुने गरेको देखियो ।

च) कक्षागत उमेर भएका विद्यार्थीलाई भन्दा कक्षागत उमेरभन्दा बढी उमेर भएका विद्यार्थीलाई पुनः प्रवेश गराउन कठिन हुने गरेको पाइयो ।

छ) विद्यालय कार्यक्रममा सहभागी, कक्षाकार्य, गृहकार्यमा भाग लिनेभन्दा अनुशासन कायम गर्नेहरुको दर कम रहेको पाइयो ।

ज) कक्षागत सिकाइउपलब्धिमा कक्षा १ मा सबैभन्दा राम्रो र कक्षा २, ३, ४ र ५ मा क्रमशः न्यून पाइयो ।

झ) विषयगत सिकाइउपलब्धिमा सबैभन्दा राम्रो विज्ञान विषय र नेपाली, अङ्ग्रेजी र गणित विषयको क्रमशः खराब रहेको पाइयो ।

ञ) औसत सिकाइउपलब्धिमा गणित विषयको ५१.५७% न्यून रहेको छ भने विज्ञान विषयको औसत सिकाइउपलब्धि ६१.४८% रहेको पाइयो ।

ट) पुनः प्रवेश गराउन मुख्य समस्याका रुपमा अभिभावकको आर्थिक अवस्था रहेकाले आर्थिक अवस्था सुधार गर्नुपर्ने देखिन्छ ।

ठ) त्यस्तै, बालश्रम, विद्यालय वातावरण, परीक्षा प्रणाली, कुलत, शिक्षामा अचेतना जस्ता पक्षहरुले बाधा गरेको पाइन्छ ।

ड) पुनः विद्यालय प्रवेश गराउने विषयहरुमा विद्यालय, PSDC कार्यक्रम, वन उपभोक्ता समिति, बालक्लव र अधिकारकर्मीहरु रहेको पाइयो ।

ढ) पुनः प्रवेशमा उठेका समस्या समाधानका उपायहरुमा PSDC कार्यक्रमको निरन्तरता, EFA कार्यक्रमको कार्यान्वयन, विद्यालय सुधार योजना, परीक्षा प्रणालीमा सुधार, NGO र INGO सँगको सहकार्य आदिको भूमिकालाई उल्लेख गरिएको पाइयो ।

यस अध्ययनको प्रस्तावनामा सैद्धान्तिक ढाँचाको रुपमा कार्लमार्क्स र बी. एफ. स्कीनरको सिद्धान्तलाई प्रयोग गरिएको छ भने साहित्यको पुनरावलोकनमा विभिन्न शोध अध्ययनहरु, बुलेटिन, लेख, प्रतिवेदनको सहयोग लिई पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरुको सिकाइउपलब्धिका बारेमा अध्ययन गर्न र पुनः प्रवेशमा सहज हुने कुरा उल्लेख गरिएको छ ।

## ५. ३. सुझावहरू (Suggestions)

प्राथमिक तहमा पुनः प्रवेश भएका विद्यार्थीहरुको सिकाइउपलब्धि शीर्षक अध्ययन गर्ने क्रममा पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरु, उनीहरुका अभिभावकहरु, विद्यालयमा अध्यापन गराउने शिक्षकहरु र प्रधानाध्यापकहरुसँग अन्तर्वार्ता र समूह छलफल गरी आवश्यक स्रोत परिचालन र सूचनाको अध्ययनबाट यो विषयको सुधार, विस्तार र सहजताको लागि निम्नअनुसारको सुझाव दिइएको छ ।

क) विद्यालय अभिलेखमा उल्लेखित विद्यालय छाडेका विद्यार्थीहरुले पढाइ नै नछाडेको हुनसक्छ । विद्यालयमात्र छाडी अर्को विद्यालयमा प्रवेश भएको छ/छैन खोजी गर्नुपर्ने अवस्था देखिन्छ ।

ख) जात, धर्म, लिङ्ग, उत्पीडनका कारणले विद्यालय छाडेका विद्यार्थीहरुलाई समाहित र समावेशी सिकाइ वातावरणको व्यवस्था मिलाउनुपर्ने हुन्छ ।

ग) पुनः प्रवेश भएका विद्यार्थीहरुलाई टिकाइ राख्न छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तकका अतिरिक्त अन्य सेवा र सुविधामा वृद्धि गर्नुपर्ने ।

घ) पुनः विद्यालय प्रवेश भएका विद्यार्थीहरुले लाज र सङ्कोच मान्ने भएकोले तिनीहरुका लागि सहज वातावरण निर्माण गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने ।

ङ) दलित छात्रवृत्तिलाई निरन्तरता दिँदै अरु जातिका विद्यार्थीहरुका लागि पनि छात्रवृत्ति र पोसाकको व्यवस्था मिलाउनुपर्ने ।

च) परीक्षामा फेल हुने डरले विद्यालय छाडेका विद्यार्थीलगायत अन्य विद्यार्थीलाई परीक्षादेखि नडराउने बनाउन निरन्तर मूल्याङ्कन र कक्षोन्नति प्रक्रियालाई सहज गरिनुपर्ने ।

छ) विषयगत रुपमा कमजोर विद्यार्थीहरुका लागि विशेष अध्ययनको व्यवस्था गर्नुपर्ने ।

ज) PSDC कार्यक्रमलाई निरन्तर र थम क्षेत्रमा विस्तार गरिनुपर्ने ।

झ) विद्यालय व्यवस्थापनमा सरकारी र गैरसरकारी संघसंस्थासँग सहकार्य गरी थप सुविधा दिन एकीकृत योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने ।

ञ) विद्यालय सुधार योजनामा राखिएका प्राथमिक कार्यमा कार्यालयले ध्यान पुऱ्याउनुपर्ने ।

ट) अभिभावकहरुको आर्थिक अवस्था सुधार गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।

ठ) बालक्लव र अधिकारकर्मीहरुको कार्यमा स्थानीय समाजसेवी र राजनैतिक दलहरुले सहज बनाउनुपर्ने ।

ड) विद्यार्थीहरुको मनोविज्ञान बुझ्न शिक्षकहरुलाई विशेष तालिमको व्यवस्था गरिनुपर्ने ।

ढ) यस शोध अध्ययनका क्रममा अध्ययन क्षेत्रमा पूर्वयोजनाहरुलाई कार्यान्वयन गर्दै लाने र वर्तमान समयका योजनालाई भावी दिनमा प्रभावकारी ढङ्गबाट सरोकारवाला पक्षसँगको अन्तर्क्रिया प्रत्यक्षसँग गरी यस शोध अध्ययनको शीर्षकको विषयवस्तुलाई यथार्थ बन्न सहयोग पुग्ने विश्वाससमेत गरिनुपर्ने ।